आजकल भियतनाम के गर्दैछ ?

भियतनामी राजदूतसँगको अन्तर्वार्ता

# मूल्याङ्कन


मूल्य रु.१५।-
(भारतमा भा.रु.१२।-)

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ४०, साउन २०५३


चे ग्वेभाराको जीवनीको समग्र मूल्याङ्कन: चे बाट के सिक्ने, के नसिक्ने ?

दार्जलिङ्गमा कम्युनिष्ट आन्दोलनको जग हाल्ने: माइला बाजे

"संसार हल्लाइदिएका ती दश दिन !" का लेखक जोन रिडको जीवन-संघर्षको कथा

रुसमा पुन: सत्ता संघर्ष

बरु शत्रु उँभो लागोस् तर मित्र अघि नबढोस् !

## कसरी पसेको छ साम्राज्यवाद नेपालमा ?

विभिन्न विषयमा विज्ञहरूको विचार





## स्त्री रोग तथा परिवार नियोजन विशेषज्ञ महिला डाक्टरहरुद्वारा सेवा उपलब्ध छ !

# मेरी स्टोप्स क्लिनिक

## उपलब्ध सेवाहरु

१. स्त्री रोग सम्बन्धी जाँच ।

२. परिवार नियोजन सम्बन्धी परामर्शका साथै सम्पूर्ण सेवाहरु ।

३. शिशु सुरक्षा खोप (टीका) प्रत्येक शनिवार मात्र ।

**ठेगाना :**
मेरी स्टोप्स क्लिनिक
मंगलादेवी विशाल बजार
हनुमानदास रोड (शनिमन्दिर अगाडि)
विराटनगर- ८
फोन : २-३२८०

**सेवा समय**
विहान १० बजेदेखि
बेलुका ५ बजेसम्म
आइतवार बन्द रहनेछ ।

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४, पूर्णाङ्क ४०
२०५३, श्रावण-भाद्र


## नेपालमा साम्राज्यवाद कसरी पसेको छ ?



**किन र कसरी स्थापना भयो नेपालमा साम्राज्यवाद विरोधी राष्ट्रिय मंच ?**

◉ मंचका अध्यक्ष प्रा. माणिकलाल श्रेष्ठसंगको अन्तर्वार्ता

के भिन्नता छ- वर्तमान र विगतको साम्राज्यवादका बीचमा ?

*समाजशास्त्री डा. चैतन्य मिश्रसंगको महत्वपूर्ण कुराकानीको सारांश*

◉ आर्थिक सामाजिक क्षेत्रमा कसरी पसिरहेछ साम्राज्यवाद ?

*विश्व साम्राज्यवादको आजको चित्रसहित* ५

## अहिले भियतनाम के गर्दैछ ?

*भारत र नेपालका लागि भियतनामी राजदूत डा. न्गुयेन चि भुसंग मूल्यांकनले लिएको अन्तवार्ता* १४

## रूसको सत्ता संघर्ष नयाँ चरणमा !

रूसी चुनावमा वामपन्थी उम्मेदवार ज्यूगानोभ किन हारे ? ३६

"मनि, माफिया र मिडिया" को दूरूपयोगका दृष्टान्तहरूसहित !

❑ क. चे ग्वेभाराको जीवनबाट के सिक्ने, के नसिक्ने ? समालोचक निनु चापागाईद्वारा गहन समीक्षा ! २२

❑ "संसारलाई हल्लाइदिएका ती दश दिन" का लेखक विख्यात अमेरिकी वामपन्थी पत्रकार जोन रिडको जीवनी १८

❑ दार्जलिङ्गमा कम्युनिष्ट आन्दोलनको जग हाल्ने माइला बाजे ! माइला बाजेले कसरी पुलिसलाई छकाए ?२६

❑ भारतका विख्यात जन-कलाकार समशुल इस्लामसंगको थप कुराकानी ३२

❑ किन हड्ताल हुँदैछ दूर संचारमा ? हड्तालरत कर्मचारी संघका अध्यक्षसंगको कुराकानी ४०


**घटना र प्रवृत्ति**
दूर संचारको हड्ताल ४०
रूसमा ज्यूगानोभ किन हारे ? ३६
**आवरण कथा**
नेपालमा साम्राज्यवाद कसरी पसिरहेछ ? ५
**नीति/संस्कृति**
बरू शत्रु उंभो लागोस्, तर मित्र अधि नबढोस् *-चन्द्रदेव नेपाली* ३४
**विश्वकम्युनिष्ट आन्दोलन**
के गर्दैछ आज भियतनाम ? १४

**विज्ञान/प्रविधि**
असिना कसरी पर्छ ? *-तुल्सीदास महर्जन* ३०
वैज्ञानिक वा आविष्कारक हुन त्यति सहज छ र ? -डा. नारायण पोखरेल ३०
**पर्दा/रंगमंच**
समशुल इस्लामसंग कुराकानी ३२
प्रेमचन्दका कथाहरू टेलिफिल्ममा ३१
**जीवनको झाँकी**
जोन रिडको जीवनी १८

**समीक्षा**
क. चेको जीवनको समीक्षा - निनु चापागाई २२
**साहित्य**
छेपारो (कथा)- चेखभ २८
तीन छेकहरू (कविता) विजय सुब्वा २९
**छर/छिमेक**
माइला बाजे २६
**पाठकको कुरो** ४२
**हाम्रो मूल्याङ्कन** ४



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


आवरण फोटोः साम्राज्यवादविरोध राष्ट्रिय मंच, नेपालको स्थापना भेलाः पद्मरत्न तुलाधर, प्रा. माणिकलाल श्रेष्ठ र पूर्णबहादुर एम.ए.
फोटोः उषा तिवारी/आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार, भित्री पृष्ठका चित्रहरुः लक्ष्मण भूजेल, जि.डि. साए, यति आर्ट, पुतली सडक
कम्प्युटर सेटिङ्ः सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर, पुतलीसडक/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

*हाम्रो मूल्यांकन*

# मेची सीमा विवादबारे श्वेत-पत्र जारी हुनुपर्छ !

महाकाली संझौताले नेपालको राष्ट्रिय अस्मितामाथि लगाएको घाउ आलै छ, मेचीमा फेरि अर्को ठूलो घाउ पार्ने काम भएको छ ।

सीमा त हाम्रो चीनसंग पनि जोडिएको छ । तर उत्तरको छिमेकी चीनले नेपालको सानो आकारबाट नाजायज फाइदा उठाउने कार्य कहिल्यै गरेको पाइएको छैन, न त चीनले नेपाली भूभाग मिचमाच् गर्ने कार्य नै कहिल्यै गरेको पाइएको छ । तर किन दक्षिणको छिमेकी भारतबाट चाहिं नेपाल हमेशा उत्पीडित भइरहेछ ? किन भारतीय शासक वर्ग कहिले नेपाललाई कोशी-गण्डकमा ठग्ने, कहिले टनकपुर-महाकालीमा लुट्ने, कहिले सुस्ता-महेशपुर र मेचीमा मिच्ने काम



चित्र साभारः महाकाली सन्धि प्रतिरोध आन्दोलन/२०५३ को पुस्तिका महाकाली सन्धिः राष्ट्रघाती सन्धिबाट

एउटा जिल्लाको प्र.जि.अ.लाई सीमास्तम्भ सार्ने जस्तो सवालमा भारतसित निर्णायक राष्ट्रिय संझौता गर्न लगाएको छ । नत्र एउटा जिल्लाको सिडिओलाई देशको सीमा नै यताउति पार्ने हक कहाँबाट आयो ? नेपाली शासक वर्गले शुद्ध स्वार्थका लागि भारतीय शासक वर्गलाई यो सवालमा हरियो वत्ती देखाउने कार्य नगरेको भए भारतीय शासकले झापाको प्रजिअलाई नै छानेर सीमा संझौता गर्ने धृष्टता कसरी गर्न सक्यो ? यदि गंभीर गल्ती सिडिओले मात्र गरेको भए, सरकारले तुरून्तै उक्त अपराधी सिडिओलाई दण्डित किन गरेन ? किन संझौतालाई तुरून्तै रद्द गरिएन ?

यी सारा प्रमाणहरूले देखाएका छन्- मेचीको सीमा मिच्नदिनुमा नेका, रा.प्र.पा. र सद्भावना पार्टीको गठवन्धन सरकारको पूरापूर सहमति छ । नेपालको सरकारकै बुई चढेर भारतीय शासक वर्गले यो धृष्टता गरेको छ । यो संझौताबाट नेपालको सीमा क्षेत्रका गाविसहरूका कतिपय वडाहरू भारततिर पर्नगएको बुझिएको छ । यसबाट मेची नदीको सीमा-नदीको हैसियत नै खत्तम भएको देखिएको छ । जंगबहादुर-स्तम्भ र सुगौली संझौताको ऐतिहासिक वैधतामाथि नै यसले प्रश्नचिन्ह खडा गरेको छ ।

नेपालको क्षेत्रीय अखण्डता र प्रभुसत्तामाथि यो सिधा सिधा अतिक्रमण हो । यस्तो घटना घट्दा पनि गठबन्धन सरकार चूप छ । यस स्थितिमा स्वाभिमानी र देशभक्त नेपाली जनता भने तमासे भएर बसिरहन सक्दैनन् । आम नेपालीहरू एक गठ भएर यो अतिक्रमणको प्रतिरोध गर्नेछन् । यसको अगुवाई गर्नका निम्ति हाम्रा देशभक्त र वामपन्थी शक्तिहरूले गंभीर भएर मूर्त कार्यक्रमसहित मैदानमा आउनु जरूरी छ ।

हामी के माग गर्छौं भने, सरकारले मेची नदीको सीमा संबन्धमा भएका ऐतिहासिक संझौता र नाप नक्सा एवं सनदहरूका बारे एउटा आधिकारिक श्वेत-पत्र अबिलम्ब जारी गरोस् । अन्तिम रूपमा वास्तविकताको निर्क्यौलका लागि सबै पक्षका मानिस र संबन्धित विषयका विज्ञहरू समावेश भएको "सर्वपक्षीय र सर्वमान्य स्वतन्त्र छानवीन आयोग" तुरून्त गठन गरोस् । त्यसको प्रतिवेदन सार्वजनिक गरियोस् ।

हामीले के पनि माग गर्छौं भने, वर्तमान झापा जिल्लाका प्रजिअले गरेको संझौता, त्यो संझौताको हैसियत र अधिकार-स्रोत तुरून्त सार्वजनिक गरियोस् । ❑

## एउटा सर्वपक्षीय र सर्वमान्य स्वतन्त्र छानवीन आयोग बन्नु पर्छ

गरिरहेछ ?

यस्तो अनुभूति हुन्छ, भारतबाट १९४७ मा बेलायती साम्राज्यवाद त गयो, तर त्यहांका शासकहरूमा साम्राज्यवादी मानसिकता पटक्कै गएन । बेलायती साम्राज्यवादको लूट खसोट र जालझेलमा आधारित उत्पीडिनकारी र प्रभुत्ववादी संस्कृति भारतको स्वतन्त्रता पछिको नोकरशाहीतन्त्रमा र सरकारमा समेत हड्डी हड्डीसम्म घुसिरहेको अहिले पनि पाइन्छ । नेपाल मात्र होइन, कुनै पनि छिमेकी देश भारतको यो प्रत्यक्ष्य छिमेकीप्रतिको पुरानै मानसिकता र दृष्टिकोणबाट संतुष्ट हुन सकिरहेको देखिन्न । सबै कमजोर छिमेकहीहरू भारतीय शासक वर्गप्रति संत्रस्त र भयभीत देखिन्छन् । कुन बेला उसले के बखेडा झिक्ने हो, केही निश्चितता देखिन्न ।

मेचीको घटना त्यसैको एउटा उदाहरण मात्रै हो । पुरानो उत्पीडनकारी मानसिकता नहुंदो हो त त्यत्रो विशाल भारतको निम्ति नेपालको दुई चार कित्ता जमीनको के खाँचो थियो र ?

निश्चय नै, भारतीय शासकहरूको अरू सारा छिमेकीप्रतिको ठूलो दाजुको व्यवहार समस्यारूपी सिक्काको एउटा पाटो पनि हो ।

तर सिक्काको अर्को पाटो पनि छ र त्यो हो- नेपाली शासकहरूको सत्ता-लम्पट मानसिकता र त्यसबाट जन्मेको आत्मसमर्पणमुखी व्यवहार ।

नेपाली शासकरूको यही मानसिकता र घुंडाटेकुवा चरित्रको भरेङ्ग चढेर नै भारतीय शासक वर्गले हाम्रो राष्ट्रिय स्वाधीनताको थाप्लामा हमेशा बूट वजार्ने गरिरहेछ । नेपालमा थुप्रै सरकार फेरिए, तर सरकारको यो चरित्र आधारभूत रूपमा फेरिएको छैन ।

मेचीको घटनामा जन-आक्रोशको शिकार हुनपर्ला भनेर होला, सरकारले राष्ट्रिय सीमा जस्तो अति संवेदनशील मामलामा




◉ के हो साम्राज्यवाद ?
◉ के हुन् यसका नयाँ विशेषताहरू ?

# नेपालमा साम्राज्यवाद कसरी पसेको छ ?

**साम्राज्यवादविरोधी राष्ट्रिय मंच, नेपालका अध्यक्ष प्रा. माणिकलाल श्रेष्ठको अन्तर्वार्ता**

**समाजशास्त्री डा. चैतन्य मिश्रको विश्व साम्राज्यवादका नयाँ विशेषता र रणनीति, नेपालको आर्थिक सामाजिक क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ भन्ने संबन्धी विशेष कुराकानी**

साम्राज्यवाद- यो शब्द धेरै नै प्रचलित छ नेपालमा । तर वर्तमान विश्वमा साम्राज्यवाद भन्नाले के बुझ्नु पर्छ ? के के नयाँ विशेषताहरू अँगालेको छ- विश्व साम्राज्यवादले, के छ नयाँ रणनीति साम्राज्यवादको ? र नेपालमा साम्राज्यवाद कुन कुन ढोकाबाट कसरी पस्दैछ ? कसरी प्रभावित पारिरहेछ साम्राज्यवादले नेपाली जनजीवनका हरेक क्षेत्रलाई ? यी महत्वपूर्ण सवालहरूबारे सही जानकारी हामीमध्ये कमैसित मात्र छ ।

अहिले विश्व परिस्थिति कस्तो भइसकेको छ भने, यदि साम्राज्यवाद र उसका नयाँ रणनीतिहरू र विशेषताहरूबारे हामीसंग सही ज्ञान छैन भने हामीले आफ्नै देशको राज्यको अर्थतन्त्र र राजनीति कसरी संचालन भइराखेको छ, संस्कृति र समाज कता डोरिइरहेछन्- त्यसबारे सही धारणा बनाउन असंभव छ । हाम्रो जीवनको हरेक पक्ष साम्राज्यवादबाट प्रभावित भइरहेको छ । हाम्रो राज्य र सकारका हरेक कदम साम्राज्यवादबाट निर्देशित हुन थालेको छ । हाम्रो जीवन-संस्कृतिको



प्रत्येक पक्षमा साम्राज्यवादले सिकन्दर शैलीमा आक्रमण गर्न थालिरहेछ । हाम्रो अर्थतन्त्रको कुनै पाटो त्यस्तो बाँकी छैन, जसमा साम्राज्यवादको हस्तक्षेप वा घूसपैठ नथालिएको होस् । हाम्रो सामाजिक व्यवस्था सिंगै विश्व साम्राज्यवादको एउटा अभिन्न हिस्साका रूपमा विकास हुन थालेको देखिन्छ ।

यस परिस्थितिमा वर्तमान विश्व साम्राज्यवादको स्थिति र त्यससितको हाम्रो संबन्धको मूर्त अवस्थाबारे सही धारणा विकास गर्नु प्रत्येक जागरूक नेपालीको निम्ति अति जरूरी कुरो भएको छ ।

यति नै बेला हाम्रो देशमा नेपालको इतिहासमा पहिलो पटक "साम्राज्यवादविरोधी राष्ट्रिय मंच" पनि विधिवत गठन भएको छ । यसले आफ्नो पहिलो कदम वर्तमान विश्व साम्राज्यवादबारे सही धारणा बनाउनुबाट थाल्ने भएको छ ।

यो परिप्रेक्ष्यमा आम पाठकहरूलाई र नवगठित मंचलाई विश्व साम्राज्यवादको वदलिंदो विशेषता, रूप र रणनीतिहरूबारे एवं नेपालमा साम्राज्यवादको प्रवेशबारे छलफल थाल्न र सही धारणा बनाउन मद्दत पुगोस् भन्ने हेतुले हामीले मूल्याङ्कनमा यही अंकदेखि विज्ञहरूको अन्तर्वार्ता, अन्तर्क्रिया र विशेष लेख प्रकाशित गर्ने मेलोमेसो थालेका छौं । यो हाम्रो शुरू प्रयत्न हो र यसबारे एउटा समग्र चित्र आएको अनुभूति नभएसम्म हामी यो क्रम जारी राख्नेछौं ।

यस प्रक्रियामा हामी यस पटक नवगठित साम्राज्यवाद-विरोधी राष्ट्रिय मंच, नेपालका अध्यक्ष प्रा. माणिकलाल श्रेष्ठको अन्तर्वार्ता प्रकाशित गरिरहेका छौं । प्रसिद्ध समाजशास्त्री डा. चैतन्य मिश्रसंगको विश्व साम्राज्यवादका नयाँ विशेषता र रणनीति, नेपालको आर्थिक सामाजिक क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ भन्ने संबन्धी विशेष कुराकानीको सारांश पनि प्रकाशित गर्न लागिरहेछौं ।

आशा छ, यी सामग्रीले वर्तमान विश्व साम्राज्यवाद र त्यसबाट प्रभावित नेपालको स्थितिलाई बुझ्न धेरै मद्दत गर्नेछन् ।

हामी आगामी अंकहरूमा हामी नेपालमा स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ भन्ने विषयमा स्वास्थ्य क्षेत्रका विषयविज्ञहरू डा. शरद वन्त, डा. सरोज धिताल र डा. केदार वरालबीच भएको विचार अन्तर्क्रिया कार्यक्रमको रिपोर्ट एवं सांस्कृतिक क्षेत्रमा साम्राज्यवादको हस्तक्षेपबारे सामग्री प्रकाशित गर्नेछौं । साथै विश्व साम्राज्यवाद र त्यसबाट गाँजिएको नेपालबारे थप खोजमूलक सामग्री पनि प्रस्तुत गर्नेछौं ।

यही क्रममा साम्राज्यवादबारे विशेष जानकारी राख्ने हरेक फाँटका ज्ञाताहरूसंग यस संबन्धमा आफ्नो ज्ञान र विचार मूल्याङ्कनको मंचमार्फत प्रस्तुत गर्न पनि हामी आह्वान गर्छौं । भाषा र प्रस्तुती सर्वसाधारणले बुझ्ने खालको होस् भन्ने कुरामा चाहिं हामी विशेष अनुरोध गर्न चाहन्छौं ।

-मूल्यांकन



## साम्राज्यवाद विरोधी राष्ट्रिय मंचका अध्यक्ष प्रा. माणिकलाल श्रेष्ठसंगको अन्तर्वार्ता

# किन र कसरी स्थापना भयो नेपालमा साम्राज्यवाद विरोधी राष्ट्रिय मंच ?




विश्व षड्यन्त्रका निम्ति ?

**◉ नेपालमा साम्राज्यवादको विरोध गर्ने थुप्रै पार्टीहरु छन् । तैपनि तपाईंहरुले साम्राज्यवादविरोधी राष्ट्रिय मंचको स्थापना गर्नुभयो । यसको आवश्यकता किन पऱ्यो ?**

- नेपालमा साम्राज्यवादको विरोध गर्ने थुप्रै पार्टीहरू त छन् । तर ती पार्टीहरू साम्राज्यवादकै मात्र विरोध गर्ने उद्देश्यले गठन भएका होइनन् । पार्टीहरूको आ-आफ्नै कार्यक्रम हुन्छ । ती कार्यक्रमहरू मध्ये साम्राज्यवादको एउटा अंगको रूपमा मात्र विरोध गर्ने कुरा पनि हुन्छ । अर्को कुरा, यहाँका पार्टीहरूले आफ्ना आफ्ना लेभलमा साम्राज्यवादको विरोध गरिरहेका छन् ।

देशका सबै साम्राज्यवादविरोधी शक्तिहरू सबै एकजूट भएर साम्राज्यवादको विरोध गरियो भने त्यो सशक्त हुन्छ । अलग अलग गएर प्रभावकारी विरोध आदोलन संचालन गर्नु सम्भव छैन । अर्कोतिर, नेपालमा पार्टीमा बसेका व्यक्तिहरू बाहेक पार्टीबाहिर बसेका पनि थुप्रै साम्राज्यवादविरोधी व्यक्तित्व र शक्तिहरू छन्, जसले नेपालमा धेरै पहिलेदेखि नै त्यसका बारेमा आवाज उठाएका छन् । जीवनभर संघर्ष गरिरहेका छन् । यस परिप्रेक्ष्यमा, पार्टीमा रहेका र पार्टी बाहिर रहेका सबै साम्राज्यवादी शक्तिहरूलाई एकै ठाउँमा ल्याउनको लागि हामीले यो मंचको स्थापना गरेका हौं ।

यसको अहिले तत्काल अवश्यकता पनि किन पऱ्यो भने, विश्वमा साम्राज्यवादको स्थिति पहिलेभन्दा अहिले धेरै फरक भएको छ । पहिले साम्राज्यवादीहरूको बीचमा परस्पर तीव्र प्रतिद्वन्दिता हुन्थ्यो । त्यस झगडाबाट हामीले फाइदा उठाउन सकेका थियौं ।

**पहिले साम्राज्यवादीहरूको बीचमा परस्पर तीव्र प्रतिद्वन्दिता हुन्थ्यो, त्यस झगडाबाट हामीले फाइदा उठाउन सकेका थियौं**

तर अहिले आएर नयाँ परिस्थिति पैदा भएको छ। अहिले विश्वका बहुराष्ट्रिय कम्पनीहरू स्वार्थको लागि एकगठ छन् । उनीहरू साना साना कमजोर राष्ट्रहरूलाई दबाउन एकगठ छन्। यस स्थितिमा साम्राज्यवादविरोधी शक्तिहरू विश्वव्यापी रूपमा र राष्ट्रिय रूपमा पनि एकगठ हुनु परेको छ ।

**◉ नेपालमा साम्राज्यवादीहरुले हस्तक्षेप गर्न थालेको अहिले मात्र होइन, धेरै पहिलेदेखि नै हो । अहिले मात्र साम्राज्यवादविरोध मंचको स्थापना गर्नुपर्ने सन्दर्भ कसरी उठ्यो ?**

- हो नेपालमा पहिलेदेखि नै साम्राज्यवादीहरूले हस्तक्षेप गर्दै आएका छन् । साँच्चै भन्ने हो भने, नेपाल सन् १८१६ को सुगौली सन्धिदेखि नै साम्राज्यवादीहरूको चपेटामा परेको थियो । त्यतिबेला नेपाल बृटिश-भारतको प्रत्यक्ष उपनिवेश नभएता पनि अर्धउपनिवेश बनिसकेको थियो । पछि बृटिशहरूले भारत छोडेर गएतापनि नेपाल अर्ध-औपनिवेशको स्थितिबट मुक्त हुन सकेको छैन । स्वतन्त्र भारतले पनि बृटिशले उपभोग गरिरहेका सुविधाहरू अपुतालीको रूपमा उपभोग गरिह्यो । १९५० र अन्य विभिन्न सन्धिहरूले नेपालमाथि भारतले प्रभुत्व कायम गरेको प्रष्ट रूपमा देखिन्छ ।

अहिले आएर यो मंचको स्थापना हुनुमा अर्को कारण पनि छ । त्यो के भने, पहिले विश्वका विभिन्न देशहरू जस्तो- सोभियत संघ, पूर्वी यूरोप र एशियाका मुलुकहरूमा समाजवाद थियो । ती समाजवादी मुलुकहरूबाट नै साम्राज्यवादीहरूको विरोध सशक्त रूपमा भइरहेको थियो । यसरी शासनमै रहेका शक्तिहरू नै बलिया भएको कारणले ती साम्राज्यवादीहरूले उपनिवेशहरू र साना साना स्वतन्त्र राष्ट्रहरूमाथि बेला बेलामा हस्तक्षेप गर्ने र दमन गर्ने गरेता पनि उनीहरू त्यति खुलमखुल्ला रूपमा आउन सकेका थिएनन् । तर १९५६ मा सोभियत संघमा संशोधनवाद हावी भएपछि विस्तारै विस्तारै समाजवाद नै अन्त्य भएर अन्ततः सोभियत संघ नै विघटन भयो र टुक्रा टुक्रा राज्यमा विभाजित भयो । त्यस्तै पूर्वी यूरोपमा पनि समाजवादी व्यवस्था खत्तम भयो । यसरी समाजवादी राष्ट्रहरू नै संख्यामा निकै कम भएपछि यी साम्राज्यवादी देशहरू छाडा र अनियन्त्रित रूपले प्रस्तुत हुन थले ।

यसको मतलब, अब विश्वमा साम्राज्यवादको विरोध गर्ने शक्ति नै छैन भनेको होइन । अहिले पनि साम्राज्यवादको विरोधमा लड्ने सरकारहरू छन् । एशियामा प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले सबभन्दा अग्रिम पंक्तिमा रहेर साम्राज्यवादको विरोध गरिरहेको छ । त्यस्तै, अमेरिकी साम्राज्यवादको नाकैमुनि रहेको क्युबाले अमेरिकाको विरोध गरिरहेको छ । तर यी शक्तिहरू ज्यादै नै थोरै भए र संगठित रूपमा आउन पनि सकेका छैनन् । त्यसैले अहिले विश्वमा सरकारमा भएका र नभएका साम्राज्यवादविरोधी आन्दोलन र शक्तिहरूको एउटा संयुक्त मोर्चाको आवश्यकता भएको हो ।

यसबारे कोरियाका पूर्व राष्ट्रपति स्व. किम-इल-सुंगले एक जना पत्रकारको "विश्वमा एउटा कम्युनिष्ट मंचको आवश्यकता छ कि छैन ?" भन्ने प्रश्नको जवाफ दिंदै कम्युनिष्ट मंचको भन्दा पनि अहिले साम्राज्यवादविरोधी मंचको आवश्यकता भएको कुरा भन्नु भएको थियो । यही आवश्यकता अहिले विभिन्न देश र जनताहरूले गर्न थालेका छन् र यसको लागि ठाउँ ठाउँबाट पहलकदमी पनि भइरहेको छ ।

यही सन्दर्भमा बेलायतमा १९९४, मे महिनामा एउटा अन्तर्राष्ट्रिय मार्क्सवादी सम्मेलन बोलाईएको थियो । त्यसमा नेपालबाट मूल्यांकनका प्रधान सम्पादक श्याम श्रेष्ठले पनि भाग लिनु भएको थियो । त्यस सम्मेलनमा खालि मार्क्सवादीहरू मात्र नभई संसारभरका साम्राज्यवादविरोधी शक्तिहरूको अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्नुपर्छ भन्ने नेपालको प्रस्ताव एक मतले पारित भएको थियो । त्यसै प्रस्ताव अनुसार गतः वर्ष १४-१७ नोभेम्बरमा अन्तर्राष्ट्रिय साम्राज्यवादविरोधी सम्मेलन कलकत्तामा भयो । त्यस सम्मेलनमा नेपालबाट ४० जनाको प्रतिनिधिमण्डल गएको थियो । र, त्यसमा म, पद्मरत्नजी र श्यामजी पनि थियौं । त्यसमा हामी नेपालको धाराणा राख्न सफल भयौं ।

त्यहाँ हामीले के धारणा राखेका थियौं भने- विश्वका विभिन्न ठाउँहरूमा विश्व सम्राज्यवादको थिचोमिचो त छँदैछ । अझ त्यसमा पनि, क्षेत्रीय प्रभुत्ववादले पनि हस्तक्षेप गरिरहेको छ । नेपालकै सन्दर्भमा भन्ने हो भने, भारतीय विस्तारवादको थिचोमिचो छ । भारतीय विस्तारवादले यहाँका प्राकृतिक स्रोतहरू लुटिरहेको छ । नेपालको स्वाधीनता र सार्वभौमिकतामा हस्तक्षेप गरिरहेको छ । त्यसैले अहिले हामीले साम्राज्यवादको मात्र विरोध गरेर पुग्दैन । कुनै पनि ठूलो विस्तारवादी राष्ट्रले कुनै पनि सानो राष्ट्रमाथि दमन गर्छ, हस्तक्षेप गर्छ भने, त्यसको पनि विरोध गर्नु पर्छ । त्यहाँ हाम्रो यो प्रस्ताव पनि स्वीकृत भयो ।

यसपछि हामीमा के विचार आयो भने, यस्तो खालको मंचको स्थापना विश्व-स्तरमा मात्र भएर पुग्दैन । प्रत्येक राष्ट्रहरूमा पनि ठाउँ ठाउँमा यस्तो मंचको स्थापना हुनु पर्छ । यदि राष्ट्रिय स्तरमा गतिविधि भएन भने विश्व-स्तरमा मात्र




फोटो: उषा

यस वर्ष नेपालमा



गत वर्ष कलकत्तामा क. पद्मरत्न र प्रा. माणिकलाल (पृष्ठभूमिमा अन्य देशका नेताहरु)

फोटो: आर.एम.

**स्व. किम-इल-सुंगले एक पत्रकारको प्रश्नको जवाफ दिंदै कम्युनिष्ट मंचको भन्दा पनि अहिले साम्राज्यवादविरोधी मंचको आवश्यकता भएको कुरा भन्नु भएको थियो**

मंच बनेर पनि केही हुन सक्तैन । यो कुरा त्यस सम्मेलनमा पनि उठेको थियो । त्यसैको प्रेरणाले त्यहाँबाट फर्केर आएपछि हामीले, विशेष गरी पद्मरत्नजी, श्यामजी र मैले विभिन्न मानिसहरूसंग सम्पर्क राख्यौं । श्यामजीले त विभिन्न पार्टीहरूसंग पनि सम्पर्क राख्नुभयो । त्यही बेला एमालेको अविश्वास प्रस्ताव फेल भएपछि बरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल, साम्राज्यवादी संघर्षहरूमा *एशिया-अफ्रिकाको एकताको लागि* पहलेदेखि नै काम गरीआउनु भएका ईश्वरीचन्द्र ज्ञवाली र पूर्व सांसद, नेपालका विशिष्ट बुद्धिजीवि चन्द्रराज ढुंगेलहरूले पनि नेपालमा साम्राज्यवादी विरोधी मंच गठन गर्नुपर्ने आवश्यकता महशुस गरेर पहलकदमी गर्नु भएको कुरा थाहा पाइयो । यसरी दुवैतिरबाट




**गत वर्ष कलकत्ता सम्मेलनमा बोल्दै टर्किस कम्युनिष्ट नेता/ मंचमा प्रा. माणिकलाल श्रेष्ठ तथा रुसी कम्युनिष्ट नेता क. व्यारिचेभ**




प्रा. माणिकलाल श्रेष्ठ सम्मेलनलाई सम्बोधन गर्नुहुँदै

पहलकदमी भइरहेको थाहा भएपछि हामीले परस्पर सम्पर्क राख्यौं र दुवै समूह मलेर अरू व्यक्तित्वहरूलाई पनि बोलाएर हामीले यो मंचको गठन गरेका हौं ।

यसमा राजनैतिक मान्छेहरू, अर्थविद्हरू, समाजशास्त्रीहरू, लेखकहरू, डाक्टरहरू, इन्जिनियरहरू, प्राध्यापकहरू, पत्रकारहरू, कलाकारहरू जस्ता साम्राज्यवादका विरोधीहरू, गैर-राजनैतिक व्यक्तित्वहरूलाई समविष्ट गरेर संस्थापक सदस्यहरूको साधारण सभा बनाएका छौं । दिनहुँ काम चलाउनलाई त्यसबाट एउटा, तदर्थ समिति बनाएका छौं ।

**◉ नेपालमा साम्राज्यवादीहरु कसरी आइरहेका छन् ? विगतमा कसरी आए र हाल कसरी आइराखेका छन् ?**

- विश्व साम्राज्यवादले विश्वमा आफ्नो खूनी पँजा फिंजाइरहेको सन्दर्भमा नेपालमा पनि शुरूदेखि नै आइरहेका छन् । पहिलेकै शताब्दीको कुरा गर्ने हो भने पनि बृटिशहरू नेपालमा आए, नेपाललाई अर्द्ध-उपनिवेश बनाए र नेपालका जवानहलाई आफ्नो सेनामा भर्ती गरे । विश्वका विभिन्न ठाउँहरू, जहाँ बृटिश साम्राज्यवादको विरोधमा संघर्ष भएका थिए, त्यहाँ ती संघर्षहरूलाई दबाउन नेपाली सेनाहरूलाई प्रयोग गरे ।

१९४७ पछि यही सुविधा भारतले लियो । भारत, बृटिश र नेपालको त्रिपक्षीय सम्झौता अनुसार भारतीय फौजमा पनि नेपाली भर्ना गर्ने भयो । यी सेनाहरूलाई भारतले १९६२ को चीनसंगको युद्धमा र पाकिस्तानसंगको युद्धमा प्रयोग गरेको थियो ।

राणाकालीन समयमा त अझ नेपालको स्वतन्त्र परराष्ट्र नीति भन्ने थिएन । अघोषित रूपमा नेपालको परराष्ट्र नीतिमा बृटिश साम्राज्यवादको नियन्त्रण थियो । दोस्रो विश्वयुद्धपछि बृटिश साम्राज्यवाद अलि कमजोर भयो । त्यसको ठाउँमा सबभन्दा शक्तिशाली साम्राज्यवादको रूपमा अमेरिका अगाडि आयो । त्यसको केही समयपछि नै अमेरिका नेपालमा पस्न शुरू गऱ्यो । १९५६ मा अमेरिकी राष्ट्रपति आइजन आवरलाई एउटा पत्रकारले सोधेको थियो- "यति टाढाको सानो देश नेपालमा अमेरिकाले तिरेको ट्याक्सलाई सहायता दिएर किन खर्चगर्नु भएको ?" त्यसको जवाफमा उनले भने- "एउटा कारण हाम्रो मान्छेहरूलाई रोजगार दिन, किनकि त्यहाँ गएको सहायता को ६७% पैसा हाम्रो मान्छेको तलबमा जान्छ । अर्को, अमेरिकाले विश्वव्यापी रूपमा आफ्नो प्रभाव छोड्नु छ, यस दृष्टिकोणबाट कुनै पनि सानो देशलाई समेत छोड्न सकिदैन ।"

त्यति मात्र नभई जहाँ जहाँ र जब जब उनीहरूको स्वार्थमा धक्का पर्छ, तब तब उनीहरूले हस्तक्षेप नै गर्दैआएका छन् । उदाहरणको लागि, चीनमा समाजवादी क्रान्तिपछि जब तिब्बतमा पनि समाजवाद लागू हुँदैगयो, साम्राज्यवादीहरूले तिब्बतमा चीनले आक्रमण गऱ्यो भनेर झूठा हल्ला फिंजाए । त्यसैबेला नेपाललाई पनि चीनको खतरा छ भनेर अमेरिकाको बहकाउमा जवाहरलाल नेहरूले नेपालका तात्कालीन प्रधानमन्त्री मोहन शमसेरलाई दवाव दिएर उत्तरी सीमामा भारतीय चेकपोष्ट र नेपालमा सैनिक मिसन राख्ने र नेपालका सेनाहरूलाई तालिम दिन भारतीय सेनाहरू पठाउने व्यवस्था गरेका थिए ।

पछि इन्दिरा गान्धीको समयमा जब भारतको रूससंग सैनिक सन्धि भयो, त्यतिबेला रूसमा संशोधनवादको सृजना भइसकेको थियो र यो सन्धि पनि अमेरिकाको विरोधमा भन्दा चीनको विरोधमा भएको जस्तो देखिन्थ्यो । त्यसपछि अमेरिकी प्रभुत्वको लागि भारत उपयुक्त मुलुक भएन र, अमेरिका खुलमखुला रूपमै नेपालमा आफै पस्न थाल्यो र नेपालको प्रशासनमा आफ्नो मान्छे खडा गर्ने र सब कुरामा हस्तक्षेप गर्ने काम गर्न थाल्यो ।

सबभन्दा ठूलो उदाहरण के छ भने, २०४६ सालमा नेपालमा बहुदल आएपछि जनताको मौलिक अधिकारको संरक्षण गर्ने अंगकै रूपमा सर्वोच्च अदालत रहेको छ । त्यो सर्वोच्च अदालतको मुखपत्र निकाल्न, पेपर निकाल्न, लाईब्रेरी बनाउँन र कानूनी पत्रिकाहरू निकाल्न एशिया फाउण्डेशनले सहायता दिइरहेको छ । यो संस्था अमेरिकी सरकारको नियन्त्रणमा मात्र नभई सि.आइ.ए. को प्रत्यक्ष लगानी भएको र नियन्त्रण भएको संस्था हो । यसरी सर्वोच्च न्यायिक अंगमा त उनीहरूको नियन्त्रण छ भने अरू कहाँसम्म उनीहरूको हस्तक्षेप पुग्यो होला ? त्यस्तै, विभिन्न मन्त्रालयहरू सुदृढ गर्ने काममा पनि यही संस्था र एशिया फाउण्डेसनले हात हालिरहेको छ । यसरी हाम्रो देशमा सि.आई.ए. को घूसपैठ छ । र उनीहरू समय समयमा हाम्रो सरकारमाथि प्रत्यक्ष रूपमा हस्तक्षेप पनि गर्ने गर्छन् ।

पंचायत कालमा सन् १९६९ को कुरा

**हाम्रो देशमा सि.आई.ए. को घूसपैठ छ र उनीहरू समय समयमा हाम्रो सरकारमाथि प्रत्यक्ष रूपमा हस्तक्षेप पनि गर्ने गर्छन्**

**नेपाललाई राजनैतिक रुपले बेसी हस्तक्षेप गर्नमा अमेरिका आएको छ भने आर्थिक रुपमा हस्तक्षेप गर्न भारतीय विस्तारवाद आएको छ**

हो, नेपालले समाजवाद र पूँजीवादप्रति तटस्थता देखाउन खोज्यो । त्यतिबेला पश्चिम जर्मनसंग मात्र नेपालको सम्बन्ध कायम थियो । त्यसैले, तात्कालीन परराष्ट्रमन्त्री गेहेन्द्रबहादुर राजभण्डारीले उत्तर कोरियासंग सम्बन्ध राख्न खोजे, त्यो पनि अमेरिकासंग डराएर, कन्सुलर स्तरको मात्र सम्बन्ध राख्ने भनेर । यसबारे उत्तर कोरियासंग कुराकानी पनि भयो ।

त्यो घोषणापछि उत्तर कोरियाको डेलिगेशन नेपालमा आयो र हस्ताक्षर गर्ने दिन पनि तोकियो । तर हस्ताक्षर गर्ने दिनमा अमेरिकी दूतावासको मौखिक विरोध नेपाल सरकारसमक्ष आयो । हस्ताक्षर गर्न जम्मा भइसकेको स्थितिमा पनि कार्यक्रम स्थगित गरियो । डेलिगेशन नेपालमा एक महिनासम्म बस्यो । पछि अमेरिकाको राजदूतबाट नेपालको परराष्ट्रमन्त्रीलाई दवाव दिएर अहिलेलाई उत्तर कोरिया मात्र हैन, दुवै कोरियासंग कन्सुलर स्तरको सम्बन्ध राख्ने र यसलाई बढाउँदै लगेर दौत्य सम्बन्ध राख्ने भनेर निर्णय घोषणा गर्न लगायो ।

बहुदलीय व्यवस्थाको स्थापनापछि जुलिया चाँङ ब्लक अमेरिकी राजदूत भएको बेलामा उनी मन्त्रालय मन्त्रालय पुग्ने, मन्त्रीहरूसंग सम्बन्ध गर्ने र कति वटा कुरारूमा डिक्टेट पनि हुने गर्थ्यो भन्ने कुरा सबैलाई थाहा भएकै हो । यसरी अमेरिकी सरकारबाट प्रत्यक्ष रूपले हस्तक्षेप गरिरहन नपर्ने गरी राजदूत स्तरबाटै सबै काम हुन्थ्यो । यसरी अमेरिका खुल्लमखुल्ला रूपमा नेपालमा आउने र आफ्नो स्वार्थको विपरीत केही काम हुने बित्तिकै हस्तक्षेप गरिहाल्थ्यो ।

उनीहरूको स्वार्थ भारतको जस्तो प्राकृतिक स्रोतमा हस्तक्षेप गर्नु, बृटिशको जस्तो नेपालीलाई आफ्नो सेनामा भर्ना गर्नु होइन । उनीहरूको स्वार्थ खालि के मात्र हो भने, नेपालको सरकार र व्यवस्था सधैं नै उनीहरूको अनुकूल रहोस् र नेपालमा वामपन्थीहरू नबढून् ।

एमाले सरकारमा भएको पनि उनीहरूलाई सह्य भएन । खासमा, एमाले सरकारमा पुगेको मात्र हो । कम्युनिष्ट व्यवस्था त यहाँ आएको थिएन । उनीहरूले संसदीय व्यवस्थालाई नै स्वीकारेका थिए र त्यसैलाई सुदृढ गर्न र त्यसको विकास गर्नमै लागेका थिए । एउटा कम्युनिष्ट पार्टी सरकारमा बस्दा जुन कामहरू गर्न सकिन्थ्यो, त्यो काम पनि उनीहरूले गरेका थिएनन् । खालि तुलनात्मक रूपले सामन्तवाद, साम्राज्यवाद र भारतीय बिस्तारवादको पिछलग्गू कांग्रेस पार्टीले जुन किसिमको प्रतिक्रियावादी नीति लिने हो, त्यो नलिइकन जनतालाई राहत दिने साना साना सुधारका काम मात्र एमालेले गरेको हो । उनीहरू नै सरकारमा बसिरहे पनि संसदीय व्यवस्थालाई कुनै खतरा थिएन । तर उनीहरूका साना साना सुधारले पनि नेपाली जनताहरू वामपन्थी झुकावतिर जान्छन् भन्ने डर साम्राज्यवादीहरूलाई पैदा भयो । त्यसैले एमालेको सरकारलाई फाल्न विशेष गरेर अमेरिका, जर्मनी र भारत लागिपरे । यहाँ रहेका उनीहरूका कुटनीतिज्ञहरूले सांसदहरूसित भेटेर यहाँको सत्ताको भित्र भित्रसम्म पसेर षडयन्त्र गरेका थिए । प्रत्यक्ष रूपमा सरकारी स्तरबाट हस्तक्षेप हुनुभन्दा यो झनै गंभीर किसिमको हस्तक्षेप हो ।

अमेरिकाले प्रत्यक्ष राजनीतिक हस्तक्षेप गर्नु बाहेक पनि विश्वव्यापी स्तरमा सयुक्त राष्ट्रसंघलाई आफ्नो हतियार बनाएर आफ्नो साम्राज्य फैलाईरहेको छ । जस्तो- कोरियामा अमेरिकाले आक्रमण गर्दा राष्ट्रसंघको झण्डा लिएर गएको थियो । राष्ट्रसंघले कोरियाबाट अमेरिकी फौज हटाउनु पर्छ भन्ने निर्णय गरिसक्दा पनि त्यही राष्ट्रसंघको टोपी लगाएर अमेरिकी फौज त्यहाँ बसिरहेकै छ । विश्वका कैयौं ठाउँमा उनीहरूले राष्ट्रसंघकै नाममा हस्तक्षेप गरिरहेका छन् ।

यति मात्र नभई, अमेरिकी साम्राज्यवादले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनको माध्यमाट पनि नेपाललाई डिक्टेट गर्ने काम गरिरहेको छ । नेपालमा विश्व बैंकबाट जे जति ऋण र सहयोगको कुरा आउँछ, त्यो सहयोगको साथसाथै उनीहरूका शर्तहरू पनि लाद्ने गरिन्छ ।

जस्तो- सरकारी संस्थानहरू निजीकरण गर्ने र विजुलीको भाउ बढाउने काम तिनैको दवाबमा भएको हो । यसरी अमेरिकी साम्राज्यवाद आफै प्रत्यक्ष रूपले नआए पनि विश्वका वित्तीय संस्थाहरूको माध्यमबाट आउने गरिरहेछ ।


नेपाल अमेरिकी साम्राज्यवादबाट मात्र होइन, भारतीय प्रभुत्ववादबाट पनि पीडित छ । भारतले नेपालमा १९५० को सन्धिदेखि नै हस्तक्षेप गर्दै आएको छ । भारतले नेपालको प्राकृतिक स्रोतहरूमाथि आफ्नो शर्तमा कब्जा जमाउने हरकत पनि गरिरहेको छ । नेपालका प्राकृतिक स्रोतहरूलाई प्रयोग गर्ने र नियन्त्रण गर्ने पनि गरिरहेको छ । यसरी, राजनैतिक रूपले बेसी हस्तक्षेप गर्नमा अमेरिका आएको छ भने आर्थिक रूपमा हस्तक्षेप गर्न भारतीय विस्तारवाद आएको छ ।

**◉ तपाईहरुले जुन साम्राज्यवाद-विरोधी राष्ट्रिय मंचको स्थापना गर्नुभएको छ, त्यस मंचले अब के के काम गर्दैछ त ?**

- यो मंचको स्थापना भरखरै मात्र भएको छ । तर हाम्रो विचार के छ भने, देशका साम्राज्यवादविरोधी सबै शक्तिहरूलाई एकै मोर्चामा ल्याउनु र सबैलाई एक गठ गर्नुपर्छ । अहिलेको हाम्रो प्रमुख काम यही नै हुनेछ । साम्राज्यवाद नेपालमा र वर्तमान विश्वमा कसरी आइरहेको छ र साम्राज्यवादविरोधी संघर्षलाई कसरी अघि बढाउने ?- यसबारे प्रष्ट हुन हाम्रो मोर्चाभित्र पहिले छलफल चलाउने र अरू शक्तिहरूसंग पनि सम्पर्क राखेर यसलाई व्यापक प्रचार प्रसार गर्ने । अहिले तत्कालै हामीले गर्न खोजेको कार्यक्रम यो हो । तत्कालै गर्न लागेको एउटा अर्को कुरा के छ भने, कम्युनिष्ट पार्टीका नेताहरूका साथसाथै अरू साम्राज्यवादविरोधी विशिष्ट व्यक्तिहरूलाई समेत बोलाएर एउटा अन्तर्क्रिया गर्ने । यो अन्तर्क्रियाको उद्देश्य हो- उहाँहरूको सल्लाह, सुझाव र सहयोग प्राप्त गर्नु । किनभने, सबैको सहयोग भएन भने हाम्रो यो समिति १३ जना मानिसहरूको संस्था मात्रै हुन जान्छ । त्यसपछि जतिसक्यो त्यति छिटो नेपालका सबै साम्राज्यवादविरोधी शक्तिहरूलाई एक ठाउँमा जम्मा गरेर एउटा राष्ट्रिय सम्मेलन गर्ने र एउटा निर्वाचित केन्द्रीय अंग विकास गर्ने ।

नेपालमा भएको साम्राज्यवादी हस्तक्षेपको विरोध गर्नुबाहेक विश्वस्तरमै भएका हस्तक्षेपको पनि विरोध गर्ने हाम्रो कार्यक्रम छ । यसबाहेक, हामी साम्राज्यवादी शक्तिको मात्र विरोध गर्ने नभई एक देशले अर्को देशमाथि गर्ने हस्तक्षेप र दमनको पनि विरोध गर्छौं । यसका निम्ति हामीले वक्तव्य मात्र दिएर विरोध गर्ने नभई नेपाली जनतालाई पनि सचेत पार्ने काम हुनेछ । यसको साथै, विश्वको कुनै पनि ठाउँमा भइरहेको साम्राज्यवादविरोधी संघर्षप्रति हामी ऐक्यवद्धता जाहेर गर्छौं र उनीहरूसित संपर्क र संबन्ध पनि विकास गर्ने हाम्रो योजना छ । ❑

**साम्राज्यवाद विरुद्ध कलकत्ता सम्मेलनमा प्रस्तुत यो परेड विश्वका अन्य देशहरुमा पनि खेल्न थालिएको छ !**



**एमालेको सरकारका साना साना सुधारले पनि नेपाली जनताहरू वामपन्थी झुकावतिर जान्छन् भन्ने डर साम्राज्यवादीहरूलाई पैदा भयो**

## विश्व साम्राज्यवादका नयाँ विशेषता र रणनीति, नेपालको आर्थिक सामाजिक क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?

**समाजशास्त्री डा. चैतन्य मिश्रसंगको विशेष कुराकानीको सारांश**

# नेपलको आर्थिक-सामाजिक क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?

डा. चैतन्य मिश्र



### *के भिन्नता छ, वर्तमान र विगतको साम्राज्यवादका बीचमा ?*

साम्राज्यवादलाई ऐतिहासिक रूपले तीन भागमा बाँडेर हेर्नु उपयुक्त हुन्छ ।

पहिलो किसिमको साम्राज्यवाद, पूँजीवाद प्रारम्भ हुनुभन्दा पहिलेको साम्राज्यवाद हो । यसको उदाहरण- भारतको मौर्य साम्राज्य, अशोकको साम्राज्य, अलेक्ज्याण्डरको साम्राज्य हो । नेपालकै राजाहरूले पनि आफ्नो साम्राज्य पूर्वमा टिष्टा र पश्चिममा काँगडासम्म बढाएका थिए । यसलाई सामन्तवादी युगको साम्राज्यवाद भनेर भन्नु उपयुक्त हुन्छ । यो साम्राज्यवादमा राजाहरू आफ्नो कर असुलीको क्षेत्र र राजनीतिक सांस्कृतिक प्रभुत्वको क्षेत्र विस्तार गर्न आफ्नो साम्राज्यको विस्तार गर्थे ।

दोस्रो किसिमको साम्राज्यवाद पूँजीवाद निकै विकास भइसकेपछिको, तर दोस्रो विश्वयुद्धभन्दा अगाडिको साम्राज्यवाद हो ।


यो साम्राज्यवाद मूल रूपमा उपनिवेशवादको रूपमा अस्तित्वमा आयो । बेलायती साम्राज्य, फ्रेन्च साम्राज्य, जर्मन साम्राज्य, जापानी साम्राज्य यसका उदाहरणहरू हुन् । मुख्य रूपमा यूरोपमा केही खास खास विकसित पूँजीवादी मुलुकहरूले यस्तो साम्राज्य कायम गरेका थिए । खासगरी, यूरोपेली मुलुकहरू जर्मनी, फ्रान्स, इटली र बेलायतको प्रभुत्वमा विश्वका विभिन्न क्षेत्रहरूमा उपनिवेशहरू रहेका थिए ।

दोस्रो खालको साम्राज्यवाद केही थोरै पूँजीपतिहरूको हातमा उत्पादन र वित्तीय पूँजी निकै ठूलो पैमानामा केन्द्रिकृत भइसकेपछि पैदा भएको पूँजीवादी एकाधिकारको अर्को नाम थियो । यो साम्राज्यवादको उद्देश्य थियो- एकाधिकार पूँजीहरूले विश्वका विभिन्न क्षेत्रको क्षेत्रीय विभाजन गर्नु, त्यहाँ आर्थिक राजनैतिक प्रभुत्व जमाउनु र अत्यधिक नाफा कमाउनु ।

तेस्रो किसिमको साम्राज्यवाद पनि दोस्रो जस्तै पूँजीवादी उत्पादन तथा वित्तीय व्यवस्था अन्तर्गतकै हो । तर यो साम्राज्यवाद दोस्रो विश्वयुद्धपछि हालसम्म विकास भइरहेको साम्राज्यवाद हो । यसको शुरू दोस्रो विश्वयुद्धको अन्तपछि हुन थालेको हो । तर १९६० तिर उपनिवेशहरू मोटामोटी रूपमा सिद्दिइसकेपछि यो खाले साम्राज्यवादले स्पष्ट रूपमा विकास गर्न थालेको हो । अहिलेसम्म पनि यो प्रक्रिया जारी छ ।

पहिलो दुई खाले साम्राज्यवादले विश्वका केही टुक्राहरूलाई आफ्नो आधिपत्यमा ल्याउँथे । र, एउटै विश्वमा विभिन्न क्षेत्रमा विभिन्न साम्राज्यहरू अस्तित्वमा रहन्थे र अटाउँथे । तर तेस्रो खालको साम्राज्यवाद पहिलो दुई वटाभन्दा तात्विक रूपले के कुरामा भिन्न छ भने, यो साम्राज्यवाद अन्तर्गत विश्वका विभिन्न क्षेत्रमा विभिन्न साम्राज्य होइन, विश्वका सबै क्षेत्रमा सबै साम्राज्यवादीहरू पस्नथाले । तेस्रो खाले साम्राज्यवादमा उपनिवेशहरू बाँकी रहेनन् । सिंगै विश्व एउटै साम्राज्यमा बदलियो ।

दोस्रो विश्वयुद्धअघिको साम्राज्यवादमा राष्ट्र राज्यहरू (nation states) को महत्व थियो । उनीहरूको प्रभुसत्ता र स्वतन्त्रता भन्ने कुरा थियो । तर, त्यसपछि साम्राज्यवादमा राष्ट्र राज्यहरू कम महत्वपूर्ण हुनथालेका छन् । बहुराष्ट्रिय र अन्तर्राष्ट्रिय निगमहरू बेसी महत्वपूर्ण हुन थालेका छन् । राष्ट्र राज्यहरूको प्रभुसत्ता र स्वतन्त्रता भन्ने कुरा औपचारिक कुरो हुनथालेको छ । उनीहरू बाहिरबाट हेर्दा स्वतन्त्र देखिए पनि यथार्थमा स्वतन्त्र निर्णय गर्ने हैसियत उनीहरूमा कम हुनथालेको छ वा बाँकी हुनै छाडेको छ । विश्वभरीको सारा नीति-निर्णय केही थोरै वित्तीय पूँजीका एकाधिकार केन्द्रहरूले गर्ने स्थिति पैदा भएको छ । सिंगै विश्व एउटै आर्थिक संरचना र वित्तीय व्यवस्था अन्तर्गत चल्न थालेको छ । दोस्रो विश्वयुद्ध अगाडि यस्तो थिएन । साम्राज्यवादी आर्थिक संरचनाको जालो यसअघि यस्तो विश्वव्यापीकरण भएको थिएन ।




फोटोः उषा

१९४५ देखि १९७० सम्म विश्व साम्राज्यवादको नेतृत्व चलाउने एकल अभिभारा अमेरिकाको रहेको थियो । तर अहिले अरू साम्राज्यवादीहरू पनि नेतृत्व चलाउने हैसियतमा आउँदैछन् । यही प्रक्रिया अघि बढ्दा हुनसक्छ, आगामी बीसतीस वर्षमा अमेरिकाको ठाउँमा अरू साम्राज्यवादीहरू आउनेछ ।

तर अहिले विश्व साम्राज्यवादको नेतृत्व गर्ने अभिभार कुन देशको होला भन्ने सवालभन्दा पनि कुन नयाँ उत्पादन र वित्तीय व्यवस्था अन्तर्गत होला भन्ने प्रश्न मुख्य बनेको छ । अब कुनै एउटा देश विशेषको सट्टामा राष्ट्रातीत निगम (transnational corporation) हरू मिलेर विश्व साम्राज्यवादी व्यवस्था चलाउने स्थिति पैदा भएको छ । दोस्रो विश्वयुद्ध अगाडि जस्तो मेरो प्रभुत्वको क्षेत्र यो, तेरो प्रभुत्वको क्षेत्र त्यो भनेर भाग लाउने स्थिति अब रहेन । सबै पूंजीपतिलाई संसारका सबै भागमा जान खुल्ला भयो । जहाँबाट जुन पूंजीपति पनि जहाँसुकै पनि जान सक्ने भयो । साम्राज्यवादी मुलुकको पनि राष्ट्रिय राज्यको प्रभुसत्ता भन्ने कुरा औपचारिक हुने भयो । विभिन्न विश्व पूंजीपतिहरू, साम्राज्यवादीहरू आपसमा मिलेर बनाएको एउटा विश्व संरचना अन्तर्गत यो संसार चल्ने भयो । यसरी विश्व सिंगै एउटा साम्राज्यमा परिणत भयो । यसैलाई हामीले साम्राज्यवादको विश्वव्यापीकरण (globalization) भनेर बुझ्नु पर्छ ।

यो साम्राज्यवादमा देखा परेको नयाँ विशेषता हो । दोस्रो विश्वयुद्ध अगाडि यस्तो थिएन । त्यतिखेर संसारको एउटा भाग पूँजीवादी नियम अन्तर्गत चल्थ्यो, अर्को भाग समाजवादी नियम अन्तर्गत, कुनै भाग सामन्तवादी नियम अन्तर्गत । साम्राज्यवादीहरू आफै एउटै नियम अन्तर्गत चल्दैनथे । ब्रिटीश साम्राज्य उसको आफ्नै नियम अन्तर्गत चल्थ्यो, डच साम्राज्य अर्कै नियम अन्तर्गत, फ्रेन्च अर्कै । उनीहरू सबै एउटै आर्थिक नियम र विश्व आर्थिक संरचना अन्तर्गत चल्दैनथे । लेनिनको पालासम्म दोस्रो खालको साम्राज्यवाद अस्तित्वमा थियो । लेनिनले थोरै मान्छेहरू, थोरै कर्पोरेशन, थोरै वित्तीय संस्थाको हातमा कसरी वित्तीय पूँजी थुप्रिरहेको छ र उत्पादन केन्द्रित भइरहेको छ भन्ने कुरा देखाउनु भयो । त्यतिखेरसम्म साम्राज्यवाद अहिले जस्तो विकसित भइसकेको थिएन । यूरोपको सबै मुलुकमा पनि होइन, यूरोपका खास खास मुलुकमा मात्र उत्पादन र वित्तीय पूँजी थोरै मान्छे र कर्पोरेशनको हातमा केन्द्रित भइरहेको थियो । त्यसले एकाधिकार पूँजीलाई जन्म दिइरहेको कुरा मात्र लेनिनले आफ्नो पुस्तक "साम्राज्यवाद-पूँजीवादको उच्चतम अवस्था" मा उल्लेख गर्नुभएको छ ।

लेनिन दूरद्रष्टा हुनुहुन्थ्यो । त्यसैले त्यतिखेर देखिएको त्यो प्रवृत्तिको आधारमा भविष्यमा के के हुनेछ भनेर उहाँले भविष्यवाणी गर्नुभयो । उहाँले त्यहाँ दुई वटा कुरा देखाउनु भयो । एउटा, सेवा र बस्तु उत्पादनको केन्द्रीकरण र अर्को वित्तीय पूँजीको केन्द्रीकरण । यस्तो केन्द्रीकरण बेलायत, जर्मनी, फ्रान्स र अमेरिकामा देखा परेको कुरा त्यहाँ उहाँले उल्लेख गर्नुभएको छ । त्यहाँ उहाँले यी देशको अलग अलग बयान गर्नुभएको छ । यी चार वटा मुलुकको एउटा सिंगो आर्थिक संरचनाको कुरा त्यहाँ गरिएको छैन । किनकि त्यतिखेर विश्वमा यस्तो स्थिति नै पैदा भएको थिएन ।

त्यसपछि फरक कसरी आउँदै गयो भने, अमेरिकी र यूरोपीय पूँजीपति र व्यापारीहरूलाई कुन किसिमको नियम अन्तरगत उद्योग, व्यापार, वित्तीय पूँजीको निर्यात चलेमा बढीभन्दा बढी आर्थिक र तुलनात्मक रूपले फाइदा हुन्छ भन्ने कुराको आधारमा, अन्तर्राष्ट्रिय आर्थिक नियमहरूको आधारमा व्याख्या केन्द्रिकृत हुन थाल्यो । त्यसको साथै, खास खास क्षेत्रमा विश्व व्यापारका नीतिहरू के हुनु पर्ने र व्यापार कसरी चल्नु पर्ने भन्ने कुरामा पनि उनीहरू केन्द्रित हुनथाले, जस्तो, कोइला र पेट्रोल उत्पादन र व्यापारको सवालमा । सन् १९५० को बीचमा आएर, कोइलाको व्यापारलाई लिएर यूरोपेली मुलुकहरूका बीचमा अन्तर्राष्ट्रिय व्यापार सम्झौता भयो । त्यस्तै गरेर, तेस्रो विश्वका मुलुकहरूलाई ऋण सहायता दिंदा ती ऋण दिने मुलुकले कस्तो किसिमको नीति लिनु पर्छ भन्ने सवालमा पनि नीतिहरू केन्द्रित हुन थाल्यो ।

**लेनिन दूरद्रष्टा हुनुहुन्थ्यो । त्यसैले त्यतिखेर देखिएको त्यो प्रवृत्तिको आधारमा भविष्यमा के के हुनेछ भनेर उहाँले भविष्यवाणी गर्नुभयोः** डा. चैतन्य मिश्र



अर्थात् विश्वको कुनै पनि क्षेत्रमा दाता राष्ट्रले ऋण दिंदा त्यस क्षेत्रमा उसले कस्तो नीति लिनु पर्छ भन्ने कुरामा पनि उनीहरू मिलेर नीतिहरू केन्द्रिकृत गर्न थाले । यसरी ऋण दिने दाता राष्ट्रले ऋणी राष्ट्रलाई ऋण दिएको क्षेत्रमा लागू हुने नीतिहरू पनि दाता राष्ट्रहरूको एउटै हुन थाल्यो । पहिले यस्तो थिएन । एउटा दाता राष्ट्रले ऋण दिन्थ्यो, ऋणी राष्ट्रले निश्चित समयमा ऋण बुझाएपछि कुरा सिद्धिन्थ्यो ।

अझ सन् १९८५ मा विश्व बैंकले आर्थिक समायोजन कार्यक्रम अगाडि सार्‍यो । सोही कुरालाई विश्वका अरू वित्तीय संस्थाहरूले पनि अनुशरण गर्न थाले । त्यो नियम अन्तर्गत फेरी विश्वले अर्को वित्तीय केन्द्रीकरणको एक तह पार गर्‍यो । यसलाई साम्राज्यवादको अहिलेको सबभन्दा चरम तह भन्नुपर्ला । यो नियम अन्तर्गत ती वित्तीय संस्थाहरूबाट ऋण लिएको राष्ट्रले कुनै पनि क्षेत्रमा ऋण लिंदा खाली ऋण चुक्ता सम्बन्धी शर्त पूरा गरेर पुग्दैन, आफ्नो सम्पूर्ण अर्थतन्त्र कसरी चल्नुपर्छ, राजस्व कसरी उठाउनु पर्छ र खर्च गर्नुपर्छ भन्ने शर्तसमेत स्वीकार्नु पर्ने भएको छ । यसबाट विश्व बैंक र अन्य वित्तीय संस्थाहरूको हातमा विश्वको हरेक ऋणी राष्ट्रको समग्र अर्थतन्त्र सम्बन्धमा निर्णय गर्ने अधिकार थुप्रिन गएको छ । साथै यस बाटोबाट विश्वका विभिन्न बहुराष्ट्रिय निगमहरूले विश्वको सबै मुलुकको बस्तु र सेवाको उत्पादन र वितरणमा नियन्त्रण गर्ने स्थिति पनि सृजना भएको छ । यी दुई नयाँ स्थितिहरू विश्वमा अहिले सृजना भएको छ ।

१९९४ मा आइपुग्दा संसारमा ५०० वटा ठूला बहुराष्ट्रिय निगमहरूले वस्तु र सेवाको विश्वकै कूल उत्पादनको दुई तिहाई उत्पादन गर्छन् । त्यस्तै गरी संसारको सबभन्दा ठूलो ५० वटा जति बैंक र वित्तीय निगमहरूले विश्वको कुल उत्पादनशील लगानीको ६० प्रतिशत लगानी गर्छन् । अहिले संसारमा वित्तीय पूँजी र उत्पादन कसरी निकै थोरै र राष्ट्रातीत निगमहरूको हातमा केन्द्रीकरण हुँदै गइरहेको छ, त्यसको यो ज्वलन्त उदाहरण हो ।

यी राष्ट्रातीत निगमहरू कुन राष्ट्रका उपज हुन् भन्ने कुरा प्रश्नवाचक हुनथालेको छ । यिनको राष्ट्र र राज्य व्यवस्थासंगको सम्बन्ध के हो ? राष्ट्र राज्य-व्यवस्था र राज्यसत्तासंग यिनीहरूको पूरै सम्बन्ध टुट्यो भने विश्व कुन स्थितिमा पुग्ने हो ? अहिले हामीले कल्पना नै गर्न नसक्ने स्थिति छ । त्यसपछि उनीहरू कसको हातमा हुन्छन् ? अथवा राज्यव्यवस्थाहरू पूर्णतया ध्वस्त भएर उनीहरूले मात्रै साम्राज्य चलाउँछन् ? केही भन्नसक्ने स्थिति छैन । त्यस्तो भएमा राज्यमा आधारित र राज्य राज्यमा विभाजित सैन्य बलको र आणविक हतियारको के स्थिति हुन्छ ? उनीहरू कसको नियन्त्रणमा रहन्छन् ? तत्काल भन्न सकिदैन ।

वित्तीय पूँजीको केन्द्रीकणको

**साम्राज्यवादको विश्वव्यापीकरण साम्राज्यवादमा देखा परेको नयाँ विशेषता हो**




**विश्व बैंक अगाडि अमेरिकी नागरिकीहरु विरोध प्रदर्शन गर्दै (पृष्ठभूमिमा बढ्दो गरीबी र विनाशको प्रतीकस्वरुप ठड्याइएका झुपडीहरु)**

सम्बन्धमा भन्ने हो भने, हालै प्रकाशित यु.एन.डी.पी. को Human Development Report, 1996 मा लेखिए अनुसार विश्वका ३५८ जना धनी मानिसहरूले विश्वभरीका ४५ प्रतिशत जनसंख्याको कुल वार्षिक आम्दानीभन्दा बेसी सम्पत्ति थुपारिराखेका छन् । अर्थात्, विश्वका ३५८ जना मानिसले विश्वका अढाई अरव मानिसहरूको एक वर्षको जम्माजम्मी कमाइभन्दा बेसी सम्पत्ति थुपारिराखेका छन् ।

यो दुई वर्ष अगाडिको तथ्यांक हो । अहिले त यो प्रक्रिया अझ अगाडि बढेको होला । पूँजी कसरी निकै थोरै मानिसको हातमा थुप्रिंदैछ, त्यसको यो ज्वलन्त तस्वीर हो । साम्राज्यवाद भनेको, यसरी, पूँजी र उत्पादन निकै थोरै मानिसको हातमा केन्द्रित भएपछि पैदा हुने स्थिति हो । विश्वको वित्तीय पूँजी निकै थोरै पूँजीपतिहरूका हातमा थुप्रिएपछि उनीहरूको विश्वमा आधिपत्य जमाउने, एकाधिकार जमाउने क्षमता पनि निकै धेरै बढ्छ । यही एकाधिकार पूँजीको अर्को नाम नै साम्राज्यवाद हो ।

## विश्व साम्राज्यवादका केही नयाँ चालहरु

अहिले ऋण लगानीका धेरै पक्षहरूमा विश्व साम्राज्यवादको धेरै कुरा अभिव्यक्त भइरहेको छ । ऋणको शर्तको रूपमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व व्यापार संगठनले अहिले सबै देशलाई भन्सार महशूल घटाऊ भनिरहेछ । भन्सार दर घटाउने भनेको एकैचोटि २/३ वटा चराको शिकार गरेजस्तो हो । भन्सारदर कम गर्नाले बहुराष्ट्रिय निगमहरूले उत्पादन गरेका सामान विकासोन्मुख देशहरूमा निकै कम मूल्यमा निर्यात गर्न पाउने हुन्छ । यसबाट ती विकासोन्मुख देशको औद्योगिक उत्पादन उनीहरूसितको प्रतिस्पर्धामा टिक्न नसकेर घट्ने र ढल्ने हुन जान्छ । अर्कोतिर, भन्सारदर घटेपछि राज्यको आम्दानी भसक्कै घट्छ । राज्यको आम्दानी घटेपछि राज्यका विभिन्न क्षेत्रमा लगानी गर्ने क्षमता घट्छ । यस्तो लगानीको लागि उसले साम्राज्यवादीहरूकै सामुन्ने हात पसार्नुपर्ने स्थिति आउँछ । साथै, सामाजिक क्षेत्रमा लगानी गर्ने क्षमता राज्यसंगै नभएपछि राज्यसत्ताको देशमाथिको पकड झन् झन् कमजोर हुन्छ ।

अर्को कुरा, साम्राज्यवादीहरूका नयाँ नयाँ चाल ऋणको सम्बन्धमा देखा परेका छन् । उनीहरू कुन क्षेत्रमा ऋण दिने ? कुन क्षेत्रमा नदिने ? कुन कुन शर्तहरू राखेर दिने ?- यी सबै कुराहरूबारे साम्राज्यवादीहरू मिलेर एउटै एकीकृत नीति विकास गरेका छन् ।

उनीहरूका वित्तीय संस्थाहरूबाट ऋण र सहयोग प्राप्त गरेका राष्ट्रहरूमाथि उनीहरू अहिले यस्तो शर्तहरू लाद्दैछन्- त्यहाँको सरकारले आर्थिक व्यवस्थामा कमसेकम हात हाल्नु पर्ने, सरकारको स्वामित्व भएका उद्योग र संस्थानहरूलाई निजीकरण गर्नु पर्ने, सरकारले नयाँ उद्योगहरू खोल्न नपाउँने, आयकर कम लिने आदि ।

आयकर कम लेऊ भन्नुको पछाडि सरकार धनी होला भन्ने उनीहरूको पीर झल्किन्छ । सरकार धनी भयो भने ऊ उनीहरूप्रति निर्भर नहुन संभव हुन्छ । यसैले, सरकारी ढुकुटी रित्तियोस् र सरकारले कुनै क्षेत्रमा लगानी नै गर्न नसकोस् भन्ने नियतले नै उनीहरू आयकर घटाउने शर्त राख्छन् ।

यी शर्तहरू हाम्रो देशमा पनि लादिएका छन् । अझै पनि हाम्रो देशलाई अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूलाई जस्तो साम्राज्यवादीहरूले बढी गाँज्न पाएका छैनन् । उनीहरूको दाँजोमा हामी केही स्वतन्त्र पनि छौं । ती मुलुकहरूको कुरा गर्ने हो भने, त्यहाँ के खालको खेती लाउन हुन्छ, के खालको खेती लाउन हुँदैन भन्ने कुरा समेत विश्व बैंकले डिक्टेट गर्दछ । त्यहाँका जनताहरूको आफूखुशी अन्न उत्पादन गरेर खाने स्वतन्त्रता समेत देखिन्न । अन्न उत्पादन धेरै कम भइसकेको छ त्यहाँ । बाँच्नका लागि चाहिने आधार खत्तम गरेर बेच्नका लागि चाहिने संरचना तयार गर्ने साम्राज्यवादीहरूको मुख्य प्रयत्न रहेको छ । यही प्रयत्नको शिकार भएका छन्- अफ्रिकी र ल्याटिन अमेरिकी देशहरू ।

त्यहाँका जनताहरूले आफैले अन्न उत्पादन गरेर खान पुग्ने र अरूको निर्भरतामा बाच्नु नपर्ने भएमा पश्चिमका अन्न-उत्पादक र वित्तीय संस्थाहरूलाई फाइदा नहुने देखेपछि उनीहरूलाई नगदे वाली लगाउन बाध्य पारिएको छ, जसले गर्दा खाद्यान्नको लागि उनीहरू साम्राज्यवादीहरूमाथि निर्भर हुनु परोस् । उदाहरणको लागि- रूआण्डा, सोमालिया, मेक्सिको आदि देशहरूलाई लिन सकिन्छ । त्यहाँ यसले गर्दा व्यापक रूपमा अनिकाल परिरहेको छ ।

हुन त नेपालमा पनि यो प्रक्रिया शुरू भइसकेको छ । तर त्यहाँ जस्तो व्यापक मात्रामा भोकमरी भने भएको छैन । अहिलेकै आर्थिक नीति अन्तर्गत चल्दै जाने हो भने ५/१० वर्ष वा १५ वर्षपछि नेपाल पनि अफ्रिकी र ल्याटिन अमेरिकी देशंहरूजस्तै अनिकालग्रस्त बन्न के बेर लाग्छ र ?

विश्व साम्राज्यवादको सबैभन्दा पछिल्लो सशक्त चालवाजी हो- संरचनागत समायोजन कार्यक्रम ।

## *संरचनागत समायोजन कार्यक्रम Structural Adjustment Program (SAP) कसरी तयार भयो ?*

यसको उत्तरका लागि हामी १९७३ सालतिर फर्कौं ।

सन् १९७३ मा दुई तीन किसिमका घटनाहरू घटे ।

एउटा, यही सालमा विश्व बैंकले सर्वप्रथम गरीबी निवारणको लागि ऋण दिने निर्णय गऱ्यो । त्योभन्दा पहिला विश्वबैंक र अरू वित्तीय निगमहरू यो वैचारिक आधारमा चल्थे कि धनीहरूलाई अझ धनी बनाउँने हो भने धनीहरूले गरीबहरूलाई काममा लगाउँछन् र यसरी गरीबहरूको आय बढ्छ । यसलाई trickle down theory भनिन्थ्यो । तर सन् १९४५ देखि १९७१/७२ को रेकर्ड केलाउँदा त्यो सिद्धान्त कामयाव भएको पटक्कै देखिएन ।

दोस्रो कुरा, यतिखेरै तेल उत्पादक देशहरूको Cartel (उत्पादकहरूको एकाधिकारी संगठन) बन्यो र फलस्वरूप विश्वस्तरमै तेलको भाऊ एक्कासी बढ्यो । यसले खास गरेर पश्चिमी मुलुकहरूमा ठूलो हाहाकार ल्यायो । पेट्रोल उत्पादन गर्ने देशहरू निकै धनी हुँदै गए । उनीहरू धनी हुँदै गएपछि उनीहरूलाई सुरक्षाको समस्या पैदा भयो । त्यसैले, उनीहरूले पश्चिमी मुलुकहरूसंग, खास गरी अमेरिकासंग, हतियार व्यापक मात्रामा किन्न थाले । तेलबाट आएको आधाआधिजसो नाफा उनीहरूले हतियार किन्नमा खर्च गरे । यो पैसा जम्मै पश्चिममा थुप्रियो र

**सरकारी ढुकुटी रित्तियोस् र सरकारले कुनै क्षेत्रमा लगानी नै गर्न नसकोस् भन्ने नियतले नै साम्राज्यवादीहरू आयकर घटाउने शर्त राख्छन्**

# नेपालमा पहिलो पटक साम्राज्यवादविरोधी राष्ट्रिय मंचको गठन

नेपालको इतिहासमा पहिलो पटक, गत असार २९ गते साम्राज्यवाद विरुद्ध लडिरहेका सबै नेपालीहरुको एउटा साझा राष्ट्रिय मंच काठमाडौंमा गठन भएको छ । समाजका विभिन्न फाँटका प्रवुद्ध व्यक्ति र व्यक्तित्वहरुको स्थापना भेलाले त्यो मंचको नाम "साम्राज्यवाद विरोधी राष्ट्रिय मंच, नेपाल" राखेको छ ।

भेलाले प्रा. माणिकलाल श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय तदर्थ समिति निर्वाचित गरेको छ । के .त. स. मा अहिले १ सदस्यको स्थान के.त.स.ले पछी मनोनीत गर्ने गरी खाली राखिएको छ ।

स्थापना भेलामा उपस्थित सबै सदस्यहरुलाई भेलाले संस्थापक सदस्यको मान्यता प्रदान गरेको छ । सबै संस्थापक सदस्यहरुको एउटा साधारण सभाको व्यवस्था पनि भेलाले गरेको छ । यसप्रति उत्तरदायी हुने गरी कन्दीय तदर्थ समितिले आफ्ना काम कार्वाहीहरु संचालन गर्नुपर्नेछ ।

श्याम श्रेष्ठद्वारा प्रस्तुत मंचको अवधारणा-पत्रलाई भेलाले केही परिमार्जनसहित पारित गरेको छ । यही अवधारणा-पत्रले निर्दिष्ट गरेको विचार-उद्देश्यका आधारमा मंचका संपूर्ण गतिविधिहरु संचालित हुने व्यवस्था गरिएको छ ।

कैयन राष्ट्रिय, अन्तर्राष्ट्रिय महत्वका प्रस्तावहरु पनि भेलाले सर्वसम्मतिबाट पारित गरेको छ । ती मध्ये, क्यूबा, उत्तर कोरिया, नाटो, सांस्कृतिक अतिक्रमण, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष र आणविक निशस्त्रीकरण संबन्धी प्रस्ताव अन्तर्राष्ट्रिय प्रस्तावहरुमध्ये मुख्य छन् । महाकाली संझौता, दूर संचार संस्थानको निजीकरण, टेलिफोन र विद्युत महशूल वृद्धि संबन्धी प्रस्ताव राष्ट्रिय प्रस्तावहरुमा महत्वपूर्ण मानिएका छन् ।

भेलाले मंचको कार्य संचालनको निम्ति एउटा अन्तरीम विधान तर्जूमा गर्न वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेलेको संयोजकत्वमा गोविन्द मल्ल, चण्डेश्वर श्रेष्ठ र गोपाल शिवाकोटी "चिन्तन" रहेको एउटा विधान मस्यौदा सीमित पनि गठन गरेको छ । ❑

### को को छन् साम्राज्यवाद विरोधी राष्ट्रिय मंच, नेपालको केन्द्रीय तदर्थ समितिमा

| | |
|---|---|
| अध्यक्ष | :- प्रा. माणिकलाल श्रेष्ठ |
| उपाध्यक्ष | :- चन्द्रराज ढुंगेल |
| महासचिव | :- श्याम श्रेष्ठ |
| कोषाध्यक्ष | :- पद्मरत्न तुलाधर |
| सदस्य | :- ईश्वरीचन्द्र ज्ञवाली |
| " | :- ओमचरण अमात्य |
| " | :- डा. गोपाल पोखरेल |
| " | :- डा. चैतन्य मिश्र |
| " | :- महेश्वरमान श्रेष्ठ |
| " | :- डा. सरोज धिताल |
| " | :- सिन्धुनाथ प्याकुरेल |
| " | :- सुरेश आलेमगर |
| वरिष्ठ सल्लाहकार | :- श्री पूर्ण बहादुर एम.ए. |

पश्चिमका बैंकहरू मालामाल भए । उनीहरूसित लगानी गर्न नसकिने गरी पैसा थुप्रियो ।

त्यसैको फलस्वरूप, विश्वमा गरीबी निवारण कार्यक्रम, एकीकृत ग्रामीण विकास कार्यक्रमको खाका कोरियो । विश्वका पूँजीवादी केन्द्रहरूबाट व्यापक पैमानामा विश्वभरि ऋण छर्ने कार्य यहींबाट शुरू भयो । अब यथेष्ट मात्रामा ऋण लगानी गऱ्यो भने गरीबी घटाउन सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भयो ।

सन् ८० को शुरूमा के कुरा प्रष्ट हुन थाल्यो भने, जस जसले ऋण लिए, तिनीहरू मध्ये धेरैले त्यो ऋण तिर्नै सक्दैनन् । कतिपय मुलुकहरू टाट पल्टने स्थितिमा पुगे । पोल्लैण्ड, अर्जेन्टिना, मेक्सिको आदि राज्यहरूको त धेरै नै ऋण पुग्यो । उनीहरू टाट पल्टिए । त्यसपछि विश्व बैंकलाई फसाद पऱ्यो । त्यसपछि नै उसले अहिलेको संरचनागत समायोजन कार्यक्रम अगाडि सारेको हो ।

यो नीति अन्तरगत ऋण लिने राष्ट्रहरूले ऋण फर्काउने ग्यारेन्टी मात्र गरेर पुगेन । उनीहरूले आफ्नो देशको सारा आर्थिक नीति पनि विश्व बैंकले सोचेको ढाँचामा फेर्छौं भन्ने शर्त समेत मान्नुपर्ने भयो । सरकारी स्वामित्वमा रहेका सेवा र वस्तुको उत्पादनलाई निजीकरण गर्नुपर्ने भयो । अब सरकारले उद्योग र व्यापारमा हात नहाल्ने प्रतिज्ञा गर्नुपर्ने भयो । विदेशी वस्तुलाई भन्सार महशूल भसक्कै घटाउनु पर्ने भयो । विदेशी लगानीकर्तालाई पनि स्वदेशी लगानीकर्तासरह छूट दिनुपर्ने भयो । यो संरचनागत समायोजन कार्यक्रम अन्तर्गत विश्व बैंकले भन्छ कि: तिमीहरूले अहिलेकै राज्यव्यवस्था र आर्थिक व्यवस्था अन्तर्गत हाम्रो ऋण तिर्न सक्लाऊ भन्ने हामीलाई विश्वास छैन । त्यसैले, हाम्रो ऋण चाहिन्छ भने, तिम्रो देशका सम्पूर्ण आर्थिक व्यवस्थाहरू हामीले भनेको संरचना अनुसार बदल्नु पर्छ ।

यसरी सम्पूर्ण राजकीय क्षेत्रमा विश्व बैंकको र अन्य वित्तीय निकायहरूको पूरापूर हस्तक्षेप रहन्छ । अहिले विश्वका ऋणी राष्ट्रहरूको स्थिति द्विविधाको रहेको छ । अब आफ्नो राष्ट्र आफूले चलाइरहेको छ कि विश्व बैंकले चलाइरहेको छ, भन्न गाह्रो छ । किनकि अहिले त्यस राष्ट्रमा लागू भइरहेको समग्र आर्थिक नीति आफ्नो हो कि विश्व बैंकको हो, भन्न गाह्रो छ । यो नीति सफल भएन भनेर कसलाई दोष दिने ? हामीले चुनेर पठाएको राज्यसत्तालाई दोष दिने हो कि विश्व बैंकलाई दोष दिने, यो कुरा द्विविधापूर्ण भएको छ ।

वास्तवमा मान्छेले सिक्ने भन्ने कुरा भूल गर्दै सिक्दैजाने कुरा हो । तर हामीहरू त अब भूल गरेर आफै सिक्न पनि पाउने भएनौं । किनकि भूल पनि विश्व बैंकले मात्र गर्न पाउने भो र यसको निराकरणको बाटो निकाल्ने अधिकार पनि हाम्रो नरहने स्थिति खडा हुँदै गयो ।

## कसरी पसिरहेछ नेपालमा साम्राज्यवाद ?

नेपालको एकीकरण भएदेखि नेपाल पूँजीवाद र साम्राज्यवादको हाराहारीमा बस्दै आएको छ । पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि नै नेपालले साम्राज्यवादसंग कहिले लड्दै, कहिले सम्झौता गर्दै आइरहेको छ । अहिले आएर नेपालले उनीहरूसंग लड्न कम गरिहेको छ भने सम्झौता बढी गरिरहेको छ ।

साम्राज्यवादसंगको हाम्रो पहिलो जम्काभेट त युद्धमै भयो । र, त्यो मुख्य गरी सन् १८१४ को युद्धमै भयो, जुन सुगौली सन्धिमा टुंगियो । यसै सम्झौताबाट उनीहरूले आफ्नो साम्राज्य बढाउन छानीछानीकन नेपालका लडाकू जातिलाई आफ्नो सेनामा भर्ना गर्ने मौका प्राप्त गरे । नेपालबाट साम्राज्यवादले पहिलो सेवा यहींबाट प्राप्त गर्न शुरू गरेको हो ।

त्यसपछि साम्राज्यवादी मुलुकको सामान विक्रीको कुरा आयो । पहिलो विश्वयुद्ध पछि व्यापक पैमानामा नेपालमा बाहिरका सामानहरू आउन थाल्यो किनभने यो पहिलो विश्वयुद्ध ताका विश्वयुद्धकै लागि भनेर भारतमा स्थापना भएका धेरै उद्योगहरूबाट लडाइँ पछि बढीभन्दा बढी सामान उत्पादन हुन थाल्यो । पहिलो विश्व युद्धपछि त्यहाँ उत्पादित सामानहरू, विशेष गरी, सूती कपडालाई व्यापारीहरू र लाहुरेहरूले नेपालमा ल्याउन थाले । व्यापक रूपमा रक्सी खाने चलन पनि त्यति बेलादेखि नै नेपालमा आयो भनिन्छ । त्यति बेलादेखि नै नेपालका पहिले भएका ग्रामीण तथा कुटिर उद्योगको जग भत्कन शुरू भयो । यो क्रम लगातार जारी रह्यो ।

तैपनि १९५५ सम्म नेपालले जति भारतबाट सामान किन्थ्यो, त्यति नै सामान भारतले पनि नेपालबाट पनि किन्थ्यो । त्यति बेलासम्म निर्यात र आयात बराबर थियो । भारतले नेपालसंग किन्ने त्यति बेलासम्म निकै सामानहरू थिए । त्यसपछि भने भारतबाट नेपालमा धेरै सामान भित्रिन थाल्यो । नेपालबाट भने भारतमा थोरै मात्र सामान जान थाल्यो । यति हुँदाहुँदै पनि १९६५ सम्म त हामी खाद्यान्न बेच्नेमा संसारको आठौं वा नवौं मुलुकको रूपमा थियौं ।

अहिले आएर हाम्रो विदेशी व्यापार निकै घाटामा गएको छ । मोटामोटी रूपमा हामी १ रू. बराबरको सामान निर्यात गर्छौं भने, विदेशले हामीकहाँ ७ रू बराबरको सामान निर्यात गरेको अनुमान छ ।

अर्को, हाम्रो देशको श्रम बजारमा पनि साम्राज्यवादको हस्तक्षेप काफी मात्रामा भएको छ । अंग्रेजहरूको शासनकालदेखि नै बहादुर, दरवान र कान्छाको रूपमा भारतमा नेपालको श्रमशक्ति निर्यात हुनेगरेको थियो । भारतको सेनामा मात्र होइन, मध्यम वर्गीय परिवारको कारखाना, भान्छा, होटेल आदि क्षेत्रमा थुप्रै नेपली कामदारहरू कार्यरत रहेका छन् । अहिले त भारत बाहेक अन्य देशहरूमा पनि नेपाली कामदारहरू निर्यात हुन थालेका छन् । यसरी नेपाली श्रमिकहरूको खरिद साम्राज्यवादको नेपाल पस्ने एउटा ढोका भएको देखिन्छ ।

एउटा कुरा के याद गर्नुपर्छ भने, हामीले अमेरिका, जर्मनी, बेलायत वा बहुराष्ट्रिय निगमसंग सोझै सम्पर्क

(बाँकी ३८ पेजमा)

**साम्राज्यवादसगको हाम्रो पहिलो जम्काभेट त युद्धमै भयो**

# अहिले भियतनाम कता जाँदैछ ?

## नेपाल र भारतका निम्ति भियतनामी राजदूत डा. न्गुयेन चि भुसंग मूल्याङ्कनले लिएको अन्तर्वार्ता

**भियतनाम !**

विश्वविख्यात क्रान्तिकारी नेता क. हो चि मिन्हको मुलुक भियतनाम त्यस्तो राष्ट्र हो, जसले ३०-३० वर्षसम्म अनवरत रूपले साम्राज्यवादीहरू विरूद्ध सफल प्रतिरोध संघर्ष गरेको थियो, जहाँका वीर जनताले फ्रान्सिसी, जापानी र अमेरिकी साम्राज्यवादलाई परास्त गरेका थिए ।

सन् १८५८ देखि भियतनामलाई आफ्नो उपनिवेश बनाइरहेको फ्रान्सिसी साम्राज्यवाद र दोस्रो विश्व युद्धको क्रममा उत्रेको जापानी साम्राज्यवाद विरूद्ध क. हो चि मिन्हको नेतृत्वमा रहेको भियतनामी कम्युनिष्ट पार्टीको अगुवाईमा वीर भियतनामीहरूले १९४५ को अगस्टमा देशव्यापी जन-विद्रोह गरेका थिए । यो जन-विद्रोह सफल भएपछि क. हो चि मिन्हको राष्ट्रपतित्वमा स्थापित जनवादी गणतन्त्र भियतनामले आफूमाथि सैनिक आक्रमण गर्ने फ्रान्सिसी उपनिवेशवादीहरू विरूद्ध १९४५ देखि १९५४ सम्म सशस्त्र संघर्ष गरे ।

भियतनामी जनताहरूको प्रतिरोधबाट फ्रान्सिसी साम्राज्यवादीहरू पराजित भएपछि अमेरिकी साम्राज्यवादले भियतनाममाथि १९५४ देखि १९७५ सम्म भीषण आक्रमण गऱ्यो । अमेरिकी साम्राज्यवाद विरोधी २० वर्षभन्दा लामो कठीन सशस्त्र प्रतिरोध अन्ततः भियतनामी जनताको अभूतपूर्व विजयमा गएर टुंगियो । र, यसरी भियतनामी जनता र उनीहरूलाई नेतृत्व दिने भियतनामी कम्युनिष्ट पार्टीले विश्वसामु देखाए- सही र क्रान्तिकारी संगठन, सही नेतृत्व, कार्यदिशा र कार्यकुशलता भएमा एउटा सानोभन्दा सानो देशले पनि ठूला-ठूला साम्राज्यवादी शक्तिहरूलाई पराजित गर्न सक्छ ।

साम्राज्यवाद विरोधी कठीन प्रतिरोध संघर्ष चलाउँदा-चलाउँदै भियतनाममा जनवादी समाजवादी निर्माण चलाइरहेको अवस्थामा विश्वका सम्पूर्ण न्यायप्रेमी जनताले जस्तै नेपालका न्यायप्रेमी जनताले पनि भियतनामलाई अति नै माया गरेका थिए । तर, जब क. पोलपोटको नेतृत्वमा अमेरिकी साम्राज्यवाद विरूद्ध सशस्त्र संघर्ष गरी स्थापित भएको कम्पुचियाको क्रान्तिकारी खमेर रूज सरकारलाई भियतनामले सोभियत संघको बुई चढेर सस्त्र बलले उखेल्ने र चीनसंग सीमा-विवाद उठाई सशस्त्र झडप गर्ने गर्न थाल्यो, तब विश्वका अन्य देशका जनताहरूको जस्तै नेपाली जनताको भियतनामप्रतिको माया-ममताको पनि अन्त भयो ।

क. हो चि मिन्हको मृत्यु (२ सेप्टेम्बर, १९६९) पछि भियतनामी कम्युनिष्ट पार्टी र सरकारमा आएको नेतृत्वको सोभियत संघको पिछलग्गू बन्ने नीति र कम्पुचियामाथि एक दशकसम्म सैनिक हस्तक्षेप गरिराख्ने कारवाही विश्वभरी आलोचित भइरह्यो ।

१९९० को दशकको शुरूमा सोभियत संघ ढल्यो र विश्व रंगमंचको शक्ति सन्तुलनमा निकै ठूलो परिवर्तन भयो । यो परिवर्तन संगसंगै भियतनामका पनि कतिपय नीति र कार्यक्रमहरू परिवर्तित भए । अमेरिकासँगै उसको दौत्य सम्बन्ध कायम भयो । खुला बजार-अर्थतन्त्र भियतनाममा लागू हुन थाल्यो ।

तर जेहोस्, अहिले पनि भियतनाम विश्वको एउटा त्यस्तो देश हो, जहाँ "कम्युनिष्ट पार्टी" सत्तासीन छ । आफूलाई मार्क्सवादी-लेनिनवादी भनी दावी गर्ने सत्तासीन भियतनामी कम्युनिष्ट पार्टीको नयाँ नेतृत्वले अहिले भियतनामलाई कता लाँदैछ त ? नयाँ नेतृत्वले आजभन्दा एक दशक अगाडिदेखि लागू गर्न थालेको 'आर्थिक-राजनीतिक सुधारको कार्यक्रम'ले कतै भियतनाममा पनि पूँजीवादको पुनर्स्थापना त गरिरहेको छैन ?

यी नै सवालहरूको जवाफ खाज्ने क्रममा नेपाल र भारतका लागि भियतनामी राजदूत डा. न्गुयेन चि भुसंग लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिरहेका छौं । यो अन्तर्वार्ता हाम्रो सम्पादक मण्डलका सदस्यहरू श्याम श्रेष्ठ, हरिगोविन्द लुईटेल र राजेन्द्र महर्जनले नयाँ दिल्लीमा केही समयअगाडि लिएका थिए । यो अन्तर्वार्ताबाट वर्तमान भियतनामी कम्युनिष्ट नेतृत्वको सोचाई, कार्यदिशा र कार्यनीतिका साथै वर्तमान-भियतनामको वस्तुस्थिति बुझ्न केही हदसम्म सहयोग मिल्ने आशा हामीले लिएका छौं ।

\- मूल्याङ्कन

**महामहिम राजदूत महोदय, क्रान्तिपछि अहिलेसम्म भियतनामले के के उपलब्धि हासिल गऱ्यो ? संक्षेपमा बताइदिन सक्नुहोला ?**

➡ भियतनामी कम्युनिष्ट पार्टीको नेतृत्वमा हाम्रो देशले एकपछि अर्को उपलब्धि हासिल गर्दैगएको छ । पहिलो उपलब्धि त यही भयो कि- हामीले निकै शक्तिशाली आक्रमणकारीलाई हरायौं र राष्ट्रिय मुक्ति हासिल गऱ्यौं । अनि देशमा समाजवाद स्थापना गऱ्यौं ।

लामो दीर्घकालीन युद्धमा हाम्रो देश तहसनहस भएको थियो । त्यसैले अघि बढ्नको निम्ति पहिले

## के भियतनाम क. हो चि मिन्हले देखाएको समाजवादी बाटोमा छ ?



हाम्रो देशमा पुनर्निर्माणको काम नै गर्नु थियो । हामीले पहिले, त्यसैले, राष्ट्रिय पुनर्निमाण नै गऱ्यौं ।

राष्ट्रिय मुक्ति र समाजवादको स्थापना आपसमा अभिन्न रूपले जोडिएका कुरा हुन् । हाम्रो देशले समाजवादी बाटोबाटै राष्ट्रिय मुक्ति हासिल गर्ने बाटो लियो र हासिल भयो पनि । मुक्तिपछि हामीले आफ्नो देशमा समाजवादी समाज व्यवस्था सुदृढ पारेका छौं ।

☞ **मूर्त आँकडामा भन्नु पर्दा तपाई आफ्नो देशमा आर्थिक क्षेत्रमा के के उपलब्धि हासिल भयो भन्ठान्नु हुन्छ ?**

➡ आर्थिक क्षेत्रमा हामी समाजवादको विकासको निम्ति आधारभूत ढाँचा निर्माण गर्नमा लागेका छौं । युद्धपछि आर्थिक संकटको जुन स्थिति थियो, त्यो अहिलेको विन्दुमा पुग्दा अन्त भईसकेको छ । गएको पाँच वर्षमा हाम्रो कुल घरेलु उत्पादन वृद्धि दर ८.५ प्रतिशत रहेको छ । पहिले खाद्यान्न संकट थियो हाम्रो मुलुकभित्र । अहिले हाम्रो देश चामल निर्यात गर्न सक्ने देश बनेको छ । हाम्रो औद्योगिक उत्पादन वृद्धिदर अहिले १४ प्रतिशत भन्दा बेसी छ । निर्यात वृद्धि २० प्रतिशतभन्दा बेसी छ ।

अहिले यस विन्दुमा आएर के भन्न सकिन्छ भने, हामीले आर्थिक पुनर्निर्माणको निम्ति सफलतापूर्वक कार्यान्वयन गरेका छौं । हामीले अर्थतन्त्रको समाजवादी व्यवस्थापनको ढाँचा पनि निर्माण गरिसकेका छौं । हामीले जमीनको स्वामित्वमा रहेको सामन्तवाद र नोकरशाहीतन्त्रलाई उन्मूलन गरिसकेका छौं । राज्यको कडीकडाउ व्यवस्थापन र नियन्त्रणमा बजारमुखी अर्थतन्त्रको ढाँचा निर्माण गरिएको छ ।

अहिले हामी बहुक्षेत्रीय अर्थतन्त्रको नीति अप्नाइरहेका छौं । हामी श्रम शक्तिको विकास, औद्योगिक विकास, व्यवस्थापनमा श्रमिकहरूको सहभागिता खोजिरहेछौं । हाम्रो आफ्नै औद्योगिक व्यवस्थापनको अलावा हामी खुलाद्वार नीति पनि लिइरहेछौं । निर्यात वृद्धि गर्न र विदेशी लगानी आकर्षित गर्न हामी यस्तो गरिरहेछौं । यस नीतिको कारणले विदेशी लगानी उल्लेखनीय रूपमा वृद्धि भएको छ । १९८९ यता भियतनाममा विदेशी लगानी १७ अरब अमेरिकी डलरभन्दा बेसी पुगिसकेको छ । त्यसमध्ये एक तिहाई लगानी त भइपनि सकेको छ । १९९५ मा मात्रै विदेशी लगानी ७.५ अरब अमेरिकी डलर भएको छ ।

☞ **बेरोजगारीको समस्या चाहिं कत्तिको छ नि भियतनाममा ?**

➡ युद्धपछि हाम्रो देशमा बेरोजगारी एउटा गंभीर समस्या बनेको थियो । अहिले हामीले आर्थिक विकास र सामाजिक विकासलाई संगसंगै लाने नीति अप्नाएका छौं । पहिलेको युद्धमा भाग लिने मानिसलाई विशेष ध्यान दिने नीति पनि हाम्रो छ । हामीले शिक्षा व्यवस्था र स्वास्थ्य उपचार सेवा क्षेत्रमा पनि काफी विकास गरेका छौं । साक्षरता दर भियतनाममा ८८ प्रतिशत पुगिसकेको छ ।


हामी गरीब परिवारहरूलाई स्वरोजगारी र स्वनिर्भरता हासिल गर्न सघाइरहेका छौं । हाम्रो नीति भोकाएकालाई माछा हैन, बल्छी दिने रहेको छ, ता कि उसले माछा आफैं मारोस् र जीवन धानोस् । आफ्नो लागि उपयुक्त रोजगारी आफैं सिर्जना गर्न सघाउनु नै राज्यको नीति रहेको छ । यो वर्ष मात्रै हामीले दश लाख रोजगारी सिर्जना गरेका छौं । यही दरमा रोजगारी सिर्जना गर्दै जाने हाम्रो योजना छ । यति दरमा रोजगारी सिर्जना गर्दा हामीले आगामी ५ देखि ७ वर्षभित्र बेरोजगारी समस्या अन्त गरीसक्ने छौं ।

आगामी केही वर्षभित्र हाम्रो देशको आर्थिक वृद्धिदर ९ देखि १० प्रतिशत कायम राख्ने हाम्रो लक्ष्य छ । यो दरमा आर्थिक वृद्धिदर कायम हुँदा वेरोजगारी समस्या हल गर्न हामीलाई अरू सजिलो हुनेछ ।

☞ **के तपाईको मुलुकमा मजदूर र किसानहरु देशको अर्थतन्त्र र समाजको मालिकको रुपमा छन् ? त्यहाँ जमीन र कारखानाको स्वामित्व कसको हातमा छ ? पूँजीपतिहरुको कि किसान-मजदूरहरुको ?**

➡ अहिले हाम्रो देशमा आर्थिक वृद्धि दर अझै पनि कम छ । धेरैजसो जनसंख्या गाउँले क्षेत्रमा, त्यो पनि खेतीपातीको क्षेत्रमा काम गर्छन् । औद्योगिक क्षेत्र अहिले पुनर्निर्माण र आधुनिकीकरणको प्रक्रियामा छ । हामी अहिले कृषि क्षेत्रको सर्वपक्षीय विकासको निम्ति लागेका छौं र यसैका निम्ति श्रम शक्ति परिचालन गरिरहेछौं ।

☞ **प्रश्नको तात्पर्य, समाजवादी उत्पादन प्रणाली र पूँजीवादी उत्पादन प्रणालीबीच के भेद हुन्छ र यो भेद भियतनाममा कसरी अभिव्यक्त गरिएको छ ?**



भियतनामी राजदूत डा. न्युयेन चि भुको जवाफ

## अहिले भियतनाम के गर्दैछ ?

➡ उत्पादक शक्तिको हिसावले समाजवादी समाज र पूँजीवादी समाजमा खास कुनै अन्तर हुँदैन । तर उत्पादन-संबन्धका हिसावले दुई बीच आधारभूत अन्तर हुन्छ । पहिले हामीले हाम्रो उत्पादक शक्तिलाई पूँजीवादी मुलुकका उत्पादन शक्तिसरह विकास गर्नुपर्छ । समाजवादी उत्पादन संबन्ध स्थापित गर्न कम्युनिष्ट पार्टीले पूँजीवादी उत्पादन संबन्ध अन्त गर्नुपर्छ । तर यो एकै वर्षमा, थोरै समयमा हुन सक्ने काम होइन । यसले लामो समय लिन्छ । जनतालाई त्यसनिम्ति तयार गर्दै समाजवादी उत्पादन-संबन्धतिर लाग्नु पर्छ । भियतनाममा त्यही गरिंदैछ ।

☞ **अनि संस्कृतिको क्षेत्रमा नि ? पुरानो सामन्ती र पूँजीवादी सांस्कृतिक अवशेषहरु खत्तम पार्न भियतनाममा के कदम अप्नाइदैछ ?**

➡ संस्कृतिको क्षेत्रमा हामी भियतनामी जनताको शैक्षिक स्तर माथि उठाउनतिर लागेका छौं । हाम्रो मुलुकको परंपरागत सांस्कृतिक विशेषताहरूलाई पनि रक्षा गर्ने हाम्रो नीति छ । अरू समाजवादी देशमा नैतिकता र चरित्र सम्बन्धमा विकास भएका उँचाइहरूलाई ग्रहण गर्ने कुरामा पनि हाम्रो ध्यान गएको छ । देश आर्थिक रूपले बलियो र समृद्ध होस्, समाज चरित्रवान र सभ्य होस भन्ने हाम्रो नीति रहेको छ ।

☞ **महिलाहरुको निम्ति भियतनाममा के के गरिएको छ ?**

➡ महिलाहरूलाई त्यहाँ पुरूषसरह समान अधिकार दिइएको छ । समाजवादले मात्रै महिलाहरूलाई पुरूषसरह समान अधिकार दिन सक्छ । भन्नलाई सजिलो छ, तर जीवनमा हरेक क्षेत्रमा समान अधिकार दिने कुरा लागू गर्नु धेरै गाह्रो छ । हामीले त्यही गाह्रो काम शुरू गरेका छौं ।

महिलाहरूलाई समान स्थितिमा ल्याउन हामीले उनीहरूको शैक्षिक स्तर उठाउनुमा विशेष ध्यान दिएका छौं ।

**पहिले खाद्यान्न संकट थियो हाम्रो मुलुकभित्र । अहिले हाम्रो देश चामल निर्यात गर्न सक्ने देश बनेको छ ।**

महिलाहरूलाई हरेक फाँटमा शक्तिशाली र आत्मनिर्भर बनाउने हाम्रो नीति छ।

**☞ तथ्यांकहरुको आधारमा तपाई बताइदिन सक्नु हुन्छ– त्यहाँ राजनीतिमा महिला सहभागिता कति छ ? उनीहरुको ज्यालादर समान छ कि छैन ? साक्षरताको दर कति छ ? अरु स्थिति के छ ?**

➡ अहिले संसदमा महिला सहभागिता १६-१७ प्रतिशत छ। भियतनामी कम्युनिष्ट पार्टीको केन्द्रीय समितिमा महिलाहरू १२-१३ प्रतिशत छन्। भियतनामको उपराष्ट्रपति नै महिला हुनुहुन्छ। संसद अर्थात् राष्ट्रिय सभाका थुप्रै समितिहरूको अध्यक्ष महिला हुनुहुन्छ। महिला मन्त्री एक जना हुनुहुन्छ। सहायक मंत्रीहरू चाहिं थुप्रै महिला हुनुहुन्छ। मैले पार्टीको केन्द्रीय समितिमा महिलाहरूको सहभागिताको प्रतिशत बताएँ। तल्ला तहहरूमा सहभागिताको स्तर त्यो भन्दा बेसी छ। एक जना भियतनामी महिलाले विज्ञान र प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रिय पुरस्कार पनि पाएकी छिन्।

हामीले जे उपलब्धि हासिल गरेका छौं, हामी त्यतिमै संतुष्ट छैनौं। यो भन्दा बढी विकास गर्ने हाम्रो लक्ष्य छ।

हरेक वर्ष विज्ञान र प्रविधिको पुरस्कार पाउनेमा कोही न कोही महिला भइरहेकै हुन्छ। विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पुरस्कार पाउने महिलाहरू मध्ये करीब ३० प्रतिशत महिला हुन्छन्, चाहे त्यो खेलकूदको प्रतियोगिता होस् या गणित सम्बन्धी।

**☞ स्वास्थ्य उपचार सम्बन्धमा के व्यवस्था छ भियतनाममा ? के त्यहाँ स्वास्थ्य सेवा पूरै निःशुल्क छ ?**

➡ अहिले भियतनामी जनताले स्वास्थ्य सेवाको पूरै शुल्कमध्ये केही भाग मात्र तिर्नुपर्छ। यो साधारण जनताले मात्र होइन, देशको राष्ट्रपतिले पनि तिर्नुपर्छ। हाम्रो देशमा सामाजिक बीमाको व्यवस्था छ। सरकारी सेवामा काम गर्ने हरेक कामदार र कर्मचारीको तलवबाट ५ प्रतिशत रकम सामाजिक बीमाको निम्ति छुट्याउने नियम छ। अब हामी सरकारी सेवामा काम नगर्नेहरूको लागि पनि सामाजिक बीमाको व्यवस्था गर्न लागिरहेछौं। यदि कसैको सामाजिक बीमा गरिएको छ भने ऊ विरामी भएर अस्पतालमा भर्ना हुनु पर्‍यो भने उसको पूरै उपचार बील सामाजिक बीमा व्यवस्थाले तिर्छ। उसले आफ्नो खल्तीबाट केही पनि तिर्नु पर्दैन। यदि बीमा गरिएको छैन भने चाहिं उपचार खर्च आफैंले तिर्नु पर्छ। भियतनाममा सबै अस्पताल सरकारी छन्। कुनै निजी क्षेत्रको अस्पताल त्यहाँ छैन। सबै अत्याधुनिक ठूला अस्पतालहरू सरकारी नै छन्। त्यहाँ पश्चिमेली आधुनिक उपचार प्रणाली मात्र हैन, परंपरागत उपचार प्रणाली पनि उत्तिकै प्रयोग हुन्छ। परंम्परागत उपचार प्रणाली त्यहाँ पूरै निःशुल्क छ।

**☞ नीति निर्णाय गर्ने प्रक्रियामा सामेल हुने हक भियतनामी जनतालाई कत्तिको छ ? के उनीहरु राज्यको सबै महत्वपूर्ण नीति निर्णयमा सहभागी हुन पाउँछन् ?**

➡ हाम्रो देशमा जनतालाई पूर्ण प्रजातान्त्रिक अधिकार प्राप्त छ। केन्द्रदेखि तल्लो तहसम्म राज्यका सबै महत्वपूर्ण नीति निर्णय र क्रियाकलापमा सामेल हुनका लागि आम जनतालाई प्रोत्साहित गरिन्छ। केन्द्रदेखि स्थानीय तहसम्म शासन गर्ने सबै मानिसरू जनताद्वारा चुनिन्छन्। हरेक तहमा जनताद्वारा चुनिएको जन-समिति छ र यही जन-समितिले विभिन्न तहको सरकारको छनौट गर्छ। कुनै पनि कानून कानून बन्नुभन्दा पहिले यिनै जन-समितिमार्फत् आम जनताबीच छलफलको निम्ति पठाइन्छ। जनताको सुझाव र आलोचना संकलन गरिन्छ। यतिसम्म कि, कम्युनिष्ट पार्टीले कुनै महत्वपूर्ण प्रस्ताव पारित गर्नुअघि त्यो आम जनताको सुझाव र आलोचनाको निम्ति जारी गरिन्छ। स्वीकृत नीतिहरू लागू हुने दौरानमा पनि आम जनताले त्यसको निरीक्षण गर्ने र सुझाव दिने मौका पाउँछन्। यस्तो प्रजातन्त्र अभ्यास भइरहेछ हाम्रो मुलुकमा।

तर हामी प्रजातन्त्र भन्नाले बहुदलीय प्रजातन्त्र बुझ्दैनौं। हामीले बुझेको प्रजातन्त्र त्यस्तो व्यवस्था हो, जसमा हरेक नीति निर्णयमा जनताको सहभागिता हुन्छ। जसमा हरेक तहको सरकार जनताद्वारा चुनिन्छ। जसमा कुनै पनि कानून जनताको छलफल र सुझावविना जनतामाथि लादिंदैन। प्रजातन्त्र र स्वतन्त्रता आपसमा घनिष्ठ रूपले जोडिएका कुरा हुन्। पूरै जनसमुदायको र राष्ट्रको स्वतन्त्रतासित प्रजातन्त्र जोडिएको हुन्छ।

**☞ के भियतनामी प्रजातन्त्रमा आम जनतालाई आफूले चुनेको जनप्रतिनिधि र सरकारी पदाधिकारीले बदमाशी गर्नासाथ कुनै पनि बेला फिर्ता बोलाउने हक छ ? कि उनीहरुले पूँजीवादी मुलुकहरुमा जस्तै अर्को चुनाव नै पर्खिबस्नु पर्छ ?**

➡ जनताले कुनै पनि बेला फ़िर्ता बोलाउन सक्छ। अर्को चुनाव पर्खिराख्नु पर्दैन। र हरेक तहको जन-प्रतिनिधि र सरकारलाई चुन्ने जनताले फिर्ता बोलाउन सक्छन्।

**☞ भनिन्छ, भियतनामी कम्युनिष्ट पार्टी अहिले महान नेता क. हो चि मिन्हले देखाएको**



बीस वर्षसम्म लड्दा पनि भियतनामीहरुलाई जित्न नसकेका अमेरिकी हस्तक्षेपकारी सेनाहरु आखिरमा सन् १९७५ मा भाग्दै गरेको दृश्य भियतनामको सैगोन शहर (हालको हो चि मिन्ह शहर) बाट

## भियतनामः एक चिनारी

- जनसख्याः ७ करोड १० लाख (१९९३)
- जनसंख्या वृद्धिदर- २.५%
- साक्षरता- ८८.६%
- राजधानी : हो चि मिन्ह शहर
- सरदर आयु अपेक्षाः ६७ वर्ष
- कुल घरेलु उत्पादनमा विभिन्न क्षेत्रको योगदान (१९९४ मा)
  उद्योगको योगदान- ३०%
  कृषिको योगदान- २९%
  सेवाको योगदान- ४१%
- १९९१ देखि १९९५ सम्म औसत कुल घरेलु उत्पादन वृद्धिदर- ८.२%
- कुल घरेलु उत्पादनमा स्वामित्वको हिस्सा (१९९४)
  सरकारी स्वामित्वको हिस्सा- ४०.४%
  गैर-सरकारी क्षेत्रको स्वामित्वको हिस्सा- ५९.६%
- कृषि क्षेत्रमा स्वामित्वको हिस्सा (१९९४)
  सरकारी स्वामित्वको हिस्सा- २.९%
  गैर-सरकारी स्वामित्वको हिस्सा- ९७.१%
- औद्योगिक क्षेत्रमा स्वामित्वको हिस्सा (१९९४)
  सरकारी स्वामित्वको हिस्सा- ६८.८%
  गैर-सरकारी स्वामित्वको हिस्सा- ३१.२%
- मुद्रास्फीति दर- १४% (१९९४ मा)
- औद्योगिक उत्पादन वृद्धि दर (१९९१-१९९४)- १३.४%
- कृषि उत्पादन वृद्धिदर (१९९१-१९९४)- ४.३%
- कुल विदेशी लगानी - ११.९९ अरब डलर

❑

*-स्रोतः जेनेरल स्टाटिस्टिकल अफिस, भियतनाम/ साभार : भियतनाम्स् इकोनोमी, १९८६-१९९५*

**समाजवादी बाटोमा छैन, उसले पूँजीवादी बाटो समातेको छ । के यो तपाईं स्वीकार्नु हुन्छ ?**

➡ यो बिलकुलै निराधार कुरा हो । भियतनामी कम्युनिष्ट पार्टीले केन्द्रदेखि तलसम्म कमरेड हो चि मिन्हले देखाएको समाजवादी बाटो अनुशरण गरिरहेछ । र, उनीहरू यो कुरामा दृढ छन् । हामी अहिले पनि राष्ट्रिय स्वतन्त्रता र समाजवादमै विश्वास गर्छौं ।

**☞ भियतनामी कम्युनिष्ट पार्टीले अहिले खुल्ला बजार अर्थतन्त्र अप्नाएको छ । के खुल्ला बजार अर्थतन्त्र समाजवादी बाटो हो ?**

➡ बजार संयन्त्र भनेको पूँजीवादको मात्रै एकलौटी पेवा होइन । संपूर्ण मानव समुदायले मानव समाजको विकासको दौरानमा बजार संयन्त्रको विकास गरेको हो । अनुचित नाफालाई बजार-संयन्त्रसित जोडिनु हुन्न र हाम्रो विरोध अनुचित नाफासित हो । बुद्धिमान कम्युनिष्टहरू ती हुन्, जो बजार-संयन्त्रलाई खास खास सन्दर्भमा केही हदसम्म समाजवादसंग जोड्छन् । कम्युनिष्टहरूले पनि बजार संयन्त्रको अधिकतम उपयोग गर्नु पर्दछ किनकि यो मानव समाजले पैदा गरेको कुरा हो । बजार संयन्त्रलाई खालि पूँजीवादीहरूको पेवा बन्न दिएर हामीले पहिले गल्ती गरेका थियौं । त्यो अहिले हामीले सच्चाएका छौं ।

**☞ अहिले साम्राज्यवादीहरु विश्वभरि एक गठ देखिन्छन्, तर समाजवादी मुलुकहरुमा भने आपसी मेल र एकता देखिन्न । यो स्थितिमा साम्राज्यवादीहरुलाई परास्त गर्नको लागि कस्तो नीति र कार्यक्रम अप्नाउनु पर्छ भन्ने पक्षमा छ भियतनाम ?**

➡ भियतनामी जनता हमेशा समाजवादी एकताको पक्षमा दृढ छ । संसारका सबैजसो कम्युनिष्ट पार्टीहरूसित हाम्रो भाइचारा सम्बध छ । समाजवादी एकताको निमित्त हाम्रो बूताभित्र भएको हरेक कुरा गर्न हामी तयार छौं । साम्यवाद विश्वको एउटा कुनामा स्थापित गरेर टिकाउन सकिन्छ, हामी यस्तो ठान्दैनौं । विश्वभरि साम्यवादी आन्दोलन फैलाउनु पर्छ, यसैमा सबैको कल्याण छ । राष्ट्रिय शक्तिलाई अन्तर्राष्ट्रिय शक्तिसित राम्रोसित संयोजित गर्न सक्दा मात्र साम्यवाद विजयी हुन्छ र दिगोसित टिक्छ, हामीले विश्व इतिहासबाट यो पाठ सिकेका छौं ।

**☞ अहिले विगत इतिहासलाई बिर्सेर भियतनाम फेरि अमेरिकी साम्राज्यवादसित विशेष सम्बन्ध विकास गर्दैछ । संसारका विभिन्न कुनामा यसको आलोचना हुँदैछ । यो आलोचनाबारे भियतनामको भनाइ के छ ?**

➡ हामी ठान्दछौं- संसारका विभिन्न मुलुकहरूसित सुसंबन्ध स्थापना गर्नु आम प्रचलनको कुरा हो । विगतमा थुप्रै साम्राज्यवादी मुलुकरू भियनतामामाथि कब्जा जमाउन आएका थिए र तिनलाई भियतनामी जनताले बहादुरीपूर्वक धपाइदिएका थिए । हाम्रो बाबु बाजेका पालादेखि नै एकचोटी धपाइएका शत्रुहरूसित पनि मित्रताको सम्बन्ध स्थापना गर्ने परम्परा रहिआएको छ । एक चोटिको शत्रु सधैंको शत्रु हुँदैन । हाम्रो ऐतिहासिक अनुभव यो हो कि हामी शक्तिशाली शत्रुलाई पनि पराजित गर्न सक्छौं । लडाईं सकिसकेपछि उनीहरूसित हामी मित्रता कायम पनि गर्न सक्छौं । हामी विगतमा मात्रै टाँसिई बस्दैनौं । हाम्रो नजर वर्तमानमा अडेको छ । वर्तमानमा सबैसित शान्ति र मित्रता हाम्रो देशमा समाजवादको दिगो विकासको निम्ति अपरिहार्य छ । त्यसैले त हामी अहिले विश्वका सबै देशसित शान्ति र मित्रताको नीति अप्नाइरहेछौं । शान्ति र मित्रताको वातावरणविना देशमा निर्धक्कसित विकास कार्य थाल्नु कसरी संभव हुन्छ ?

हामी पहिले आर्थिक रूपले बलियो मुलुक हुन चाहन्छौं । अनि मात्रै हाम्रो देश राजनीतिक रूपले पनि बलियो हुनेछ । आर्थिक रूपले बलियो हुन अहिले शान्ति र वार्ताको नीति अप्नाउनु जरूरी छ, झडप र लडाइँबाट सकेसम्म बच्न जरूरी छ ।

**☞ तपाईं हाम्रो पत्रिका "मूल्याङ्कन"मार्फत् नेपाली जनतालाई के सन्देश दिन चाहनु हुन्छ ?**

➡ म "मूल्याङ्न"मार्फत् नेपाली जनतालाई भियतनामी जनताको एकता, मित्रता र ऐक्यवद्धताको सन्देश दिन चाहन्छु । हामी पहिले पनि घनिष्ठ मित्र थियौं, अहिले पनि छौं र भविष्यमा पनि भइरहनेछौं । ❑



ĐẶNG ĐỨC ĐẠM

के तपाईं

◉ ज्ञानवर्द्धक र विस्तृत आवरण कथा, रमाइला र रोचक घटनाहरू, जीवन र जगत्‌बारे थुप्रै उपयोगी सन्दर्भहरू **पढ्न चाहनु हुन्छ ?**

❑ तथ्यमा आधारित, आधिकारिक र सही ज्ञान चाहनु हुन्छ ?

◆ रोचक, रोमाञ्चक र प्रेरक पाठ्यसामग्रीहरूको स्वाद लिन चाहनु हुन्छ ?

**चाहनु हुन्छ भने अवश्य सम्झनु होस्-**

नव युवा

मूल्याङ्कन मासिकको सहकर्मी

नयाँ अंक हरेक महिना बजारमा उपलब्ध भइरहेछ !

मूल्य रु. १०/- मात्र

हाम्रो हरेक अंक तपाईं निम्न सामग्रीहरूले भरपूर पाउनु हुनेछ

★ विज्ञानका आश्चर्यजनक आविष्कारहरू
★ प्रकृतिका अनेकौं रहस्यहरूको रहस्योद्‌घाटन
★ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानवर्द्धक जानकारीहरू
★ संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरू
★ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरू
★ आई. क्यू. बढाउन मद्दत गर्ने सामग्रीहरू
★ अनेकौं थरिका सामान्य ज्ञानहरू
★ इतिहासका रोचक र प्रेरक प्रसंगहरू
★ खेलकूद, फिल्म, रंगमंचका ताजा गतिविधिहरू र तिनीहरूको ज्ञानवर्द्धक समीक्षा
★ विभिन्न विषयमा पाठकहरूको प्रश्नको विशेषज्ञहरूको जवाफ
★ मुक्तक, कविता र कथाहरू आदि ।

# अमेरिकाका विख्यात वामपन्थी पत्रकार, लेखक एवं कम्युनिष्ट पार्टीका संस्थापकः

# जोन रिड



● जंगव चौहान

## "संसार हल्लाई दिएका ती दश दिन !" का लेखक जोन रिडको जीवन-संघर्षको कथा

जब पेटरसन कपड़ा मिलको मजदूर हडतालले देशव्यापी क्रान्तिकारी उभार ल्यायो, तब उनी त्यहाँको जनआन्दोलनभित्र घुसिसकेका थिए । जब कोलोराडोमा रकफेलरका दासहरूले सुरूङमा काम गर्न बन्द गरे, उनी तातो जोश बोकेर त्यहाँ पुगिसकेका थिए । जब मेक्सिकोमा काँधमा बन्दुक भिरेर गाईवस्तु चराउने मुक्तियोद्धाहरूले सुरिलो पहाडी गीत गाए, तब त्यो सुनेर रोमान्चित हुँदै उनी तत्कालीन क्रान्तिको गढ- मेक्सिकोका गाउँघर, पहाड-मैदान र स-साना शहरहरूमा घोडसवार यात्रीका रूपमा संवाददाता भएर हिँडिरहेका थिए । जब प्रथम विश्वयुद्ध शुरू भयो- उनी फ्रान्स, जर्मनी, इटली, बाल्कन र रसियाका ती ठाउँहरूमा घुमिरहेका थिए । जहाँको निलो आकाश बारूद र गोलाको धुवाँभित्र गुम्सिएको थियो ।

उनी मात्र ३३ वर्ष बाँचे- दु:ख, विस्मात्, वेदना, छट्पटी, निराशा र कुण्ठाले छट्पटाएको घाइते विश्वमा । तर अन्तर्राष्ट्रियताको पवित्र भावनाले ओतप्रोत, दया, माया, प्रेम र न्यायपूर्ण दीर्घकालीन संघर्ष बोकेको उनको क्रान्तिकारी, रोमाण्टिक जिन्दगी हामी कसैबाट भुल्न खोजेर पनि भुलिंदैन । उनी समयको अग्रगतिसँगै दिनप्रतिदिन प्रवल भएर गइरहेको विश्वव्यापी जनसंघर्षहरूमा सौन्दर्यानुभूति छर्ने महायोद्धा हुन् । उनको नाम हो- जोन रिड !

पोर्टल्याण्ड शहर अमेरिकाको एउटा विद्रोही परम्परा भएको शहर मानिन्छ । यहींका मजदूरहरूले सर्वप्रथम अमेरिकी सेनाका लागि फौजी सामान ओसार्न अस्वीकार गरेका थिए । प्रशान्त महासागरको तटमा रहेको यही शहरमा २२ अक्टोबर १८७७ का दिन जोन रिडको जन्म भएको थियो ।

जोन रिडका पिता सम्पन्न भएर पनि विद्रोही स्वभावका थिए । सुगठित शरीर, उदार हृदय भएका उनको मनमा कुनै किसिमको कलुषित विचार थिएन देशको वनसम्पदालाई लुट्न पल्केका ठूलठूला कम्पनीहरूको, तिनलाई टेवा प्रदान गर्ने प्रभावशाली व्यक्तिहरूको उनी डटेर विरोध गर्थे । अन्यायको विरूद्धमा लड्ने उनको दृढता र प्रखर बुद्धिका कारण उनी धैरै पटक कामबाट बरखास्त गरिए, कति पटक उनले कुटाइ पनि खाए । तर पनि सत्य र न्यायका पक्षमा उनी सधैं निडरताका साथ उभिरहे । जोन रिडमा पाइने वीरता, प्रखर बौद्धिकता, दृढ इच्छाशक्ति र साहस उनकै पिताबाट आएको गुण हुनसक्छ ।

अमेरिकाको संभ्रान्त परिवारमा जन्मिएकाले जोन रिडको शिक्षादीक्षा तात्कालीन कुलीन वर्गका छोरा-छोरीहरूलाई तालिम दिइने हार्वर्ड विश्वविद्यालयमा सम्पन्न भएको थियो ।

त्यसबेलाका संभ्रान्त परिवारहरू आफ्ना छोराछोरीहरू यस विश्वविद्यालयको विद्यार्थी जीवन समाप्तिपश्चात् उग्रविचारको प्रभावबाट पूर्ण रूपमा मुक्त हुनेछन् भन्ने कुरामा ढुक्क हुन्थे । यहाँको यस्तो भावशून्य शैक्षिक वातावरणभित्र जोन रिडले आफ्नो विद्यार्थी जीवनका महत्त्वपूर्ण चार वर्षहरू बिताएका थिए ।

विश्वविद्यालयको प्रांगणमा उनको व्यक्तित्व र प्रतिभाको अलग पहिचान थियो । मित्र मण्डलीमा उनी सबैको केन्द्र र प्रिय पात्र थिए । हार्वर्ड विश्वविद्यालयको स्वच्छन्द एवं ऐयासी परिवेशमा रिडले एउटा समाजवादी क्लब खोले । विश्वविद्यालयको इतिहासमा यो एउटा सर्वथा नौलो घटना थियो । उनमा आएको यस प्रकारको जोशलाई बुजुकहरूले कैटौलेपनको लहड ठाने । तर उनमा आएको वैचारिक आन्दोलन क्षणिक थिएन ।

विश्वविद्यालयको छात्र जीवन समाप्त भएपछि पनि जोन रिड विद्रोही संसारबाट पछाडि फर्केनन् । उनको कलम जोश र उत्साहले बोझिलो हुन थाल्यो । विद्यार्थी छँदै रिड 'ल्याम्पुन' पत्रिकाको सम्पादनमा सक्रिय भएर लागेका थिए । यस बेला लेखिएका व्यंग्यात्मक लेखहरू निकै चर्चित भएका थिए । लेख-निबन्धका साथै कथा, कविता र नाटकका क्षेत्रमा पनि उनले कलम चलाएका थिए ।

रिडको लेखन क्षमताबाट प्रभावित भएर प्रकाशकहरू उनीकहाँ धाउँथे, राम्रो पारिश्रमिकको प्रलोभन देखाएर उनलाई अन्तर्राष्ट्रिय राजनीतिको विशेष संवाददाता भएर काम गर्न आग्रह गर्थे ।

सिद्धान्त र व्यवहारलाई एउटै विन्दुमा समेटेर आफ्नो वरिपरिको वातावरणलाई जित्न सक्नु नै जोन रिडको लेखकीय विशेषता थियो । उनी केवल पत्रकार र लेखकका रूपमा मात्र होइन, अमेरिकी मजदूर आन्दोलनका एक सक्रिय नेताको रूपमा पनि चिनिन्छन् । अमेरिकी

**पत्रकारको रूपमा उनको जीवन अत्यन्त गतिशील थियो । उनलाई आराम भन्ने कुन चराको नाम हो, थाहा थिएन । समकालीन जीवनलाई गहिराइबाट अध्ययन गर्ने सिलसिलामा उनी एक भूखण्डबाट अर्को भूखण्डमा भौंतारिरहेका हुन्थे ।**

मजदूर आन्दोलनका शिर्षस्थ नेताहरू वील हैबुड, मुजिन डेबस, विलियम फोस्टर, जो हिल्लो, एलिजावेथ फ्लिनका हाराहारी उभ्याउन सकिन्छ जोन रिडलाई पनि ।

पत्रकारको रूपमा उनको जीवन अत्यन्त गतिशील थियो । उनलाई आराम भन्ने कुन चराको नाम हो, थाहा थिएन । समकालीन जीवनलाई गहिराइबाट अध्ययन गर्ने सिलसिलामा उनी एक भूखण्डबाट अर्को भूखण्डमा भौंतारिरहेका हुन्थे । उनी आफ्ना यात्राहरूबाट थकित भएर आरामका लागि कहिल्यै न्यूयोर्क फर्केनन् । नयाँ-नयाँ काम, नयाँ-नयाँ आन्दोलनले रिडलाई स्वागत गरिरहेको हुन्थ्यो ।

हार्वर्ड विश्वविद्यालयको पढाइ सकेपछि जोन रिडको जीवनमा एउटा गंभीर मोड शुरू भयो । सयकडौं वर्षदेखि दासताको जंजीरमा बाँधिएको मानव समाजको मुक्तिका लागि उनी हर्दम चिन्तित हुन थाले । पेशाले उनी पत्रकार थिए । तर यसै सिलसिलामा ग्रिनविच भिलेज, न्यूयोर्कका लेखक, कवि, कलाकार र पत्रकारहरूको संगतमा जोन रिडको लेखनीले स्पष्ट आकार लिंदै गयो ।

यसै काममा शोषणको तातो रापमा पिल्सिएका गरीब न्यूयोर्कवासीहरूको दर्दनाक जीवनमाथि प्रकाश पार्दै १९१२-१४ तिर सर्वप्रथम रिडका लघुकथाहरू निस्किए । 'हृदयको अनिश्चित धड्कन', 'अझ एउटा अप्रिय घटना', 'हेर्नुको अर्थ विश्वास' आदि प्रारम्भिककालका रिडका रचनाहरूमा तत्कालीन ख्यातिप्राप्त लेखकहरू एप्पोन सिन्कलेर, ट्रेडोर ड्रेजरको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । १९१४ तिर लेखिएका 'क्रान्तिकी छोरी', अमेरिकी माक', 'यस्तै छ यहाँ', र 'अल्पसंख्यकहरूको कानून' जस्ता लघुकथाहरूमा रिडले अमेरिकी समाजको स्पष्ट चित्र उतारेका छन् । अमेरिकामा व्याप्त जातिभेद र रंगभेदवादी नीतिको यी कथाहरूमा घोर् भर्त्सना गरिएको छ । सामाजिक र राजनैतिक भोगाइको टड्कारो छाप परेका रिडका सबैजसो साहित्यिक रचनाहरूमा अमेरिकी समाज-विकास प्रक्रियाका स्पष्ट अभिव्यक्तिहरू पाइन्छन् ।

जोन रिडको पत्रकारको जीवन हार्वर्ड विश्वविद्यालयमा अध्ययन गर्दा नै शुरू भएको थियो । त्यसबेला रिड विश्वविद्यालय छात्र संघको मुखपत्रको सम्पादनमा सक्रिय भएर लागेका थिए । १९१२ मा प्रकाशित 'मेसेज' को सम्पादक मण्डलमा सामेल भएपछि जोन रिडको पेशागत पत्रकारिताको जीवन शुरू भएको हो । साधारण संख्यामा निस्किने 'मेसेज' पत्रिकाको व्यवस्थापन १९११ मा डचमूलका पिट भ्लाग रेष्टुराँका मालिकले मिलाएका थिए । सम्पादन तथा व्यवस्थापन न्यूयोर्कको एउटा पुरानो भवनको भूमिगत कोठामा हुन्थ्यो, जहाँ सोसलिष्ट पार्टीको स्कूलसमेत संचालित थियो । यस पत्रिकामा दर्जनौं ख्यातिप्राप्त लेखकका रचनाहरू प्रकाशित भएका थिए । तापनि सुधारवादी-समाजवादीहरूको बोलबाला हुन थालेको कारणले यसले व्यापक पाठकहरूको मन जित्न सकेन ।



'मेसेज' लाई स्तरीय पत्रिका बनाउन जोन रिडले सक्दो प्रयास गरे । छिटै नै यसले अमेरिकाको एउटा विचारप्रधान राजनैतिक पत्रिकाको रूप लियो । 'मेसेज' को घोषणापत्रमा जोन रिडले लेखेका छन्- "......विस्तृत रूपमा हेर्दा पत्रिकाका अगाडि नियमित रूपमा थोत्रा नैतिक मापदण्ड, पुरातन रूढिग्रस्त विचारहरू र कुहिएको सम्पूर्ण पुरानो परिपाटीलाई आक्रमण गर्ने सामाजिक जिम्मेवारी खडा भयो । पुराना विचारहरूको ठाउँमा नयाँ आदर्शको प्रतिपादन गर्नुपर्ने भयो । हामी सामाजिक सुधारका फोस्रा नाराहरूमा विश्वास गर्दैनौं । तर पनि पूँजीवादी प्रेसका उग्रविचारहरू, कुनै पनि किसिमका साहित्यिक सिर्जना- कथा, कविता, लेख-निबन्ध, चित्रकारिता आदिले हाम्रो पत्रिकामा स्वागत पाउनेछ ।"

वास्तवमा 'मेसेज' पत्रिकाले मार्क्सवाददेखि अराजकतावादसम्मका विभिन्न विचारधाराहरूलाई ठाउँ दियो । समाजका विभिन्न तप्काहरूको अभिरूचि अनुसार पेशागत हकहितका कुराहरू, स्वतन्त्र प्रेस, कम्युनिज्म, फ्रायडबाद, नवीन काव्य, नवीन नाटक सबै कुराहरूले 'मेसेज' मा एकै ठाउँमा अटाउने मौका पाए । यस पत्रिकाका मुख्य लेखकहरूमा नौजवान अमेरिकी तथा युरोपेलीहरू नै थिए, जसमा एप्टोन सिन्कलेर, जेम्स ओपेन हैमेर, वर्ट्रेन्ड रस्सेल, मेक्सिम गोर्की, रोमा रोलाँ र पाप्लो पिकासोका नाम उल्लेखनीय छन् ।

'मेसेज' पत्रिकाको कामले जोन रिडको भावी जीवनमा महत्त्वपूर्ण भूमिका तयार गर्‍यो । पत्रकारको रूपमा रिडको ख्याति झन् बढेर गयो । उनमा भएको असाधारण प्रतिभाले व्यापारिक पत्र-पत्रिकाहरूको ध्यान आकर्षित गर्‍यो । तर जोन रिड आफ्नो दृढ वैचारिक धरातलबाट कहिल्यै एक इन्च तल ओर्लेनन् ।

१९१३ मा रिड 'मेट्रोपोलिटन' पत्रिकाका सम्पादक कार्ल होमी र लिङ्कन स्टेफेन्सको प्रस्तावलाई स्वीकार्दै अन्तर्राष्ट्रिय पत्रकारको रूपमा तत्कालीन क्रान्तिकारी गतिविधिहरूको प्रमुख केन्द्र मेक्सिको गए । मेक्सिकोमा उनको जनक्रान्तिका एक नेता फ्रान्सिस्को पन्च भिल्लासंग भेट भयो । यहाँको धर्तीबाट मेक्सिकोका क्रान्तिकारीहरूप्रति सहानुभूति र समर्थन जनाउने दर्जनौं टिप्पणीहरू जोन रिडले प्रकाशित गराए । यसैताका १९१३ को गृष्ममा रिडले अमेरिकी राष्ट्रपति विल्सनसंग अन्तर्वार्ता लिने मौका पाए । तर अनुभवी राष्ट्रपतिले यो भेटवार्तालाई आफ्नो पक्षमा मोडे ।

जोन रिडको मेक्सिको यात्राको विवरण 'मेट्रोपोलिटन' मा नियमित रूपमा प्रकाशित भएको पाइन्छ । यिनै रिपोर्ताजहरू पछि गएर 'क्रान्तिकारी मेक्सिको' शीर्षकको पुस्तकमा प्रकाशित भए । रिडले आफ्ना लेख-रचना र रिपोर्ताजहरूमा प्राकृतिक परिवेशको मात्र चित्रण गर्दैन थिए, तिनमा स्थानीय जमिन्दार र क्याथोलिक चर्चद्वारा गरिने निर्मम शोषणको पनि स्पष्ट चित्र उतारिएको हुन्थ्यो ।

मेक्सिकाली किसान विद्रोहका सम्बन्धमा रिडले आफ्ना अनुभूतिहरूलाई यसरी प्रकट गरेका छन्- "पर्वतीय चउरहरूमा आफ्ना गाईवस्तु चराउँदै रातभर धुनीको वरिपरि बसेर गीत गाउने यी मानिसहरू मुक्ति सेनामा सामेल हुन लालायित थिए । चिथ्रादार लुगा लगाएका यी खालीखुट्टे किसानहरू भोक र जाडोको वास्तै नगरी राष्ट्रिय स्वाधिनताका लागि जिउ-ज्यान दिएर लडिरहेका थिए ।...............निश्चय नै मेक्सिकोमा विद्रोह चल्दैछ, उथल-पुथल मच्चिएको छ तर यसका लागि यहाँका किसानहरू जिम्मेवार छैनन्, यसका लागि त तिनै मानिसहरू जिम्मेवार छन्, जसले पैसा र गोलाबारूद पठाएर झगडा चर्काएका छन्, अर्थात् यस विद्रोहका लागि अमेरिका र बेलायतका पेट्रोल कम्पनीहरू जिम्मेवार छन् ।"

## जोन रिडको संवेदनशील भाषणले न्यायाधीशहरूलाई समेत रूवायो !

**जोन रिडले 'प्रजातन्त्रको आदर्श मुलुक' को रुपमा प्रचारित देश- अमेरिकामा काम गर्ने खानी मजदूरहरूको दुर्दशा देखेका थिए । ती मजदूरहरुलाई गलहत्याउँदै घरबाट निकालेको, तिनलाई पालमा बस्न बाध्य पारिएको, पालहरुमा पेट्रोल छरेर आगो लगाइएको, भागिरहेका मजदूरहरुलाई ताकीताकी गोली हानिएको र थुप्रै आइमाई-केटाकेटीहरु आगोले जलेर मरेको विभत्स लुड्लो हत्याकाण्डलाई प्रत्यक्षरुपमा आफ्नै आँखाले देखेका थिए । यो र यस्तै विभत्स दृश्यहरु रिडले लेख्ने रिपोर्ताजका विषयवस्तु बन्थे ।**

**त्यस बेलाको उग्र विचार प्रसारक पत्रिका 'लिवरेटर' मा प्रकाशित रिडका रिपोर्ताज तथा लेख-निबन्धहरुका कारण लेखकका साथसाथै यस पत्रिकाका सम्पादकहरुमाथि न्यूयोर्कको एउटा अदालतले देशद्रोहको अभियोग लगाएको थियो । तथाकथित प्रजातान्त्रिक देश अमेरिकामा मजदूरहरूको कन्तविजोगको बारेमा लेख्नुलाई पनि अपराध ठह्‍याइयो । यस मुद्दाको विषयमा स्पष्टीकरण दिंदै जोन रिडले अदालतमा एउटा अत्यन्त संवेदनशील भाषण गरेका थिए, जसले न्यायाधीशको मन नै पगालेको थियो ।**

**यसैको बारेमा ए. विलियम्सले लेखेका छन्- "...भाषणमा उहाँले मोर्चामा देखेका विभिषिकाहरुको सजीव र मर्मस्पर्शी वर्णन गर्नुभयो । यस वर्णनको यथार्थता, सजीवता र मार्मिकताले पूर्वाग्रही मध्यमवर्गीय केही न्यायाधीशहरु भावविह्वल भएर रोए र सम्पादकहरुलाई रिहा गरियो ।"** □

## "जोन, राजनीति तिम्रो कार्यक्षेत्र होइन"

**जोन रिडले मूलतः राजनीतिक पत्रकारिताको क्षेत्रमा ख्याति कमाए पनि उनी साहित्यिक प्रतिभा भएका व्यक्ति थिए । विद्यार्थी जीवनदेखि नै उनले हास्यव्यंग्य, कथा, नाटक र कविता जस्ता साहित्यका विभिन्न विधाहरुमा कलम चलाएका थिए ।**

**उनको साहित्यिक प्रतिभा राजनीति र पत्रकारिताबाट कुण्ठित हुने संभावना देखेर साथीहरु भन्ने गर्थे– "जोन, राजनीति तिम्रो कार्यक्षेत्र होइन, तिमी कलाकार हौ, प्रचारक होइनौ । तिमीले आफ्नो प्रतिभा सिर्जनात्मक साहित्यिक कृतिमा लगाउनु पर्छ ।**

**साथीभाइहरुको यस सुझावले रिडको मनलाई भित्रबाट छुने गर्थ्यो । वास्तवमा उनी सदैव नयाँ–नयाँ कविता, उपन्यास र नाटक लेखनका विचारले उर्वर र आन्दोलित भइरहेका हुन्थे । उनको साहित्यिक अभिव्यक्ति प्रसव पीडाले छट्पटाइरहेको हुन्थ्यो । तर विश्व रंगमंचमा देखापरेको राजनैतिक हलचलले उनलाई साथीहरुको आत्मीय सुझावभित्र सीमित पार्न सकेन । अन्ततः साहित्यिक लेखनबाट आफ्नो यात्रा थालेर उनी राजनीतिक पत्रकार र कम्युनिष्ट पार्टीका एक संस्थापकको रुपमा स्थापित भए ।** ❑

पत्रकारिताको संघर्षमय जिन्दगीमा जोन रिडले कहिल्यै पनि आफ्नो सिद्धान्तलाई लत्याएनन् । 'मेट्रोपोलिटन' मा रिड त्यसबेलासम्म खटिरहे, जबसम्म किपलिंग जोजेफ कोनराड, फ्रेडरिक होने, वर्नार्ड शा, स्टेफेन्स, मोरिस हिल्कभिटका न्यायपूर्ण आवाजहरू प्रकाशित भइरहे । उनी त्यसबेलासम्म काम गरिरहे, जबसम्म मेक्सिको र कोलोराडोका संघर्षका रिपोर्ताजहरू प्रकाशित भइरहे ।

विस्तारै–विस्तारै मेट्रोपोलिटन' ले उग्र पूँजीवादी विचार खुला रूपमा पेश गर्न थाल्यो । पत्रिकाले पहिलो विश्वयुद्धको स्वागत गर्दै सम्पादक मण्डलमा राष्ट्रपति रूजबेल्टका समर्थक लिपम्यानलाई निम्त्याएर आफ्नो राजनैतिक पतनलाई स्पष्टसंग प्रकट गर्न थाल्यो । जोन रिड र ट्याडोर रूजबेल्टका राजनैतिक विचारहरू, खास गरिकन युद्धको प्रश्नलाई लिएर एक–अर्कासंग ठ्याम्मै मेल खाँदैन थिए । रूजबेल्टको निम्न भनाइले यो तथ्यलाई प्रष्ट पार्छ–

"यदि म मार्शल भोक्कर भएको भएर र जोन रिड मेरो हातमा परेको भए निर्धक्कसंग रिडलाई फाँसीको सजाय दिने थिएँ ।"

१९१४ को शरद ऋतुमा, पहिलो विश्वयुद्धको रिपोर्टिङ्ग गर्नको लागि जोन रिड 'मेट्रोपोलिटन' को युद्ध–संवाददाता भएर युरोप गए । उनले बेलायत, फ्रान्स, जर्मनी, पूर्वी युरोप र रसियाका रक्तरंजित भूमिको भ्रमण गरे । आफ्नो प्राणलाई हत्केलामा राखेर जोन रिडले लडाइँका ती भीषण ठाउँहरूमा गएर देशभक्त योद्धाहरूको वीर गाथाबारे रिपोर्ताज लेखे । युद्धको मोर्चामा जोन रिडलाई त्यही ठाउँमा भेटिन्थ्यो, जहाँ गोलाबारूद र तोपको गडगडाहट सुनिन्थ्यो ।

जार शाही सेनाहरूको निर्मम दमनको भण्डाफोर गरेवापत् जोन रिडलगायत उनका साथमा रहेका अमेरिकी कलाकार बोर्डमान रबिन्सनलाई समेत गिरफ्तार गरेर थुनामा राखियो । तर आफ्नो बौद्धिक पराक्रमका कारणले उनी सधैं झै यस पटक पनि जेलबाट छुटे । प्राणलाई हत्केलामा राखेर काम गर्ने रिडको चारित्रिक विशेषताको उद्घाटन गर्दै उनका मित्र एवं लेखक ए. विलियम्सले लेखेका छन्–

"कुनै पनि खतराले उहाँलाई रोक्न सक्तैन थियो । खतराको स्थिति उहाँका लागि स्वाभाविक कुरा थियो । उहाँ सधैं कुनै न कुनै किसिमको निषेधित क्षेत्र वा मोर्चाको खाडलमा पुग्नु हुन्थ्यो ।......सेप्टेम्बर १९१७ मा जोन रिड र बोरिस रेइनश्तेइनसंग रिगाको मोर्चामा गरेको एउटा यात्रा म कहिल्यै बिर्सिन सक्तिन । हाम्रो गाडी भेन्देनपथमा दक्षिणतिर गइरहेको थियो, अकस्मात् जर्मन सेनाले एउटा सानो गाउँमाथि अन्धाधुन्ध गोलाबारी शुरू गऱ्यो । बस, जोन रिडलाई अब अरू के चाहिन्थ्यो र! उहाँले हामीलाई त्यतै लाग्न आग्रह गर्नु भयो ।...अचानक छेवैमा हाम्रो पछिल्तिर एउटा ठूलो गोला खसेर धुलो र धुवाँको फोहोरा छुट्यो । हामी भयभित भएर एक–अर्कामा टाँस्सियौं । एकै क्षणपश्चात् रिडको अनुहार खुशीले यसरी चम्कियो, मानौं भर्खरै मात्र उहाँको आन्तरिक इच्छा पूरा भएको छ ।"

पहिलो विश्वयुद्धमा जोन रिड पश्चिमी मोर्चामा युद्ध–संवाददाता भएर काम गरिरहेको बेला उनका विरूद्ध 'मेट्रोपोलिटन' को सम्पादक मण्डलमा झन् तीव्र अन्तरविरोध चर्किन थाल्यो । १९१५ मा सम्पादक मण्डलका एक सदस्य होमीको सिफारिसमा रिड युद्धग्रस्त बालकान क्षेत्र गए । यतैबाट उनी रसिया पसे । हैजा, टाइफाइड, रूघा, खोकी र निमोनियाले ग्रस्त रसियालाई पहिलो झलकमा जोन रिडले 'मृत्युको देश' को रूपमा देखे । यस पटकको यूरोप यात्राले उनलाई पूर्ण रूपमा साम्राज्यवाद विरोधी बनाइदियो ।

यूरोप भ्रमणका बारेमा १९१६ मा रिडले 'पूर्वी मोर्चाको लडाइँ', नामक कथा–संग्रह प्रकाशित गरे । यसमा युद्धमा मारिएका निर्दोष जनताको विषयमा वर्णन र साम्राज्यवादीहरूको भर्त्सना गर्दै अमेरिकी राष्ट्रपति रूजबेल्टको तीव्र आलोचना गरिएको छ । जोन रिडले निडरताका साथ युद्धका ठेकेदार, ठूल–ठूला हातहतियार कम्पनीका मालिक, उद्योगपति एवं पूँजीपतिहरू जे.बी. मोरगान, हेनरी सि. फ्रिक, टि. सोलम्यान, इ पोण्ट, बि. एलवर्ड, एच ग्यारी, फ्रान्क रेण्डरनिप, जोसोम एच. सिफको नाम किटेर भण्डाफोर गरे । यी नामावलीहरूमा आफ्नै पत्रिकाका मालिक ल्यारी पि. हिट्नेरीलाई समेत समावेश गरेका थिए । युद्धको प्रभावमा परेका अमेरिकी जनतालाई संबोधन गर्दै जोन रिडले लेखे–

"......तपाईंहरूले राम्ररी बुझ्नु पर्छ, तपाईंहरूको परमशत्रु जर्मनी र जापान होइन, तपाईंहरूलाई पिरोल्ने तपाईंहरूको ज्यानी दुश्मन २ प्रतिशत अमेरिका आफै हो, जसले ६० प्रतिशत राष्ट्रिय सम्पत्तिमाथि अधिकार जमाएको छ । यी देशद्रोही, जनद्रोहीहरूको एउटा सानो डफ्फा नै अमेरिकी सोझासाझा जनताको दुःखको कारण हो । यिनै मुट्ठीभर लुटेराहरूले आफ्नो अनैतिक सम्पत्ति रक्षार्थ तपाईंहरूलाई सिपाही बनाएर युद्धको मैदानमा पठाइरहेका छन् । हामी मजदूर दाजुभाइलाई आफ्नो यो वास्तविक शत्रुका विरूद्ध लड्ने तयारीका लागि आह्वान गर्छौं । यो नै हाम्रो आफ्नै रक्षाको एकमात्र बाटो हो ।"

'मेसेज' पत्रिकाले रिडको यो आह्वानलाई कुना–कुनामा पुऱ्यायो । परिणामस्वरूप १९१६ को मार्च–अप्रिलमा सम्पादक मण्डलका बीचमा खुला युद्ध शुरू भयो । जोन रिडले आफ्नै सैद्धान्तिक मित्र, दर्शनशास्त्रका डाक्टर म्याक्स इष्टम्यानको दृढ समर्थन पाए ।

१९१६ को मार्च महिनामा अमेरिकी साम्राज्यवादीहरूबाट तेलखानी हडप्न मेक्सिकोमाथि भएको अतिक्रमणका विरूद्ध रिडले आफ्नो प्रकाशनमार्फत् जोडदार विरोध गरे । १९१७ मा उनले 'मेसेज' मा युद्ध र मुनाफाखोरहरूबीच कस्तो अन्तर्सम्बन्ध छ भन्ने विषयमा एउटा विचारोत्तेजक लेख प्रकाशित गराए । यो लेख प्रकाशनपश्चात् 'मेसेज' का कतिपय अंकहरू प्रतिबन्धित भए । तापनि जोन रिडले साम्राज्यवादी युद्धको विरोधमा विशाल जनमत तयार गर्न दृढ आवाजहरू उठाइरहे ।

१९१७ मा रसियाली धर्तीमा सम्पन्न अक्टोबर समाजवादी क्रान्तिले जोन रिडको आत्मबल झन् बढायो । यस वर्षको अन्तमा रिड आफ्नै पत्नी, सहयोद्धा लुइस ब्रान्टसंग रसियाको क्रान्तिकारी घटनाक्रमको मूल थलो पेत्रोग्राद शहर गए । उनले रसियाको क्रान्तिकारी घटनालाई अमेरिकी जनसमूहबीच व्यापक रूपमा पुऱ्याए । २२ नोवेम्बर १९१७ मा अमेरिकाको समाजवादी अखबार 'न्यूयोर्क कल' ले सर्वप्रथम जोन रिडको रसियाली क्रान्तिसम्बन्धी युगान्तकारी रिपोर्ताज प्रकाशित गरेको थियो । मजदूर किसान र सिपाही एकतामा चलेको कठोर वर्गसंघर्ष र सर्वहाराको अधिनायकत्वको स्थापना जस्ता क्रान्तिका समाचारहरूले साम्राज्यवादी मुलुकको मजदूर समूदायमा आकर्षण ल्याइरहेको थियो ।

६ महिना मात्रै रसियामा बस्नु परे पनि जोन रिडले पेत्रोग्रादमा आएको क्रान्तिको लहरमा आफूलाई पनि समाहित



सोभियत संघको महान अक्टोबर समाजवादी क्रान्तिको प्रतिक

# वर्गीय युद्धबाट उनी कहिल्यै पनि भागेनन् !

पहिलो विश्वयुद्धको क्रममा जोन रिडलाई अमेरिकी स्वार्थका लागि सेनामा काम गर्न बाध्य पार्न खोजिएको थियो । तर यसैबेला भएको मृगौलाको शल्यक्रियाले उनलाई यस अपराधबाट बचायो । उनको एउटा मृगौला शल्यक्रियापश्चात् काटेर फालिएको थियो । यस सम्बन्धमा रिडले लेखेका छन्- "मृगौलाको शल्यक्रियाले गर्दा म राष्ट्रहरूबीचको युद्धबाट मुक्ति त पाउन सकूँला तर वर्गयुद्धमा भाग लिने अधिकारबाट विदा पाउन सक्तिन ।"

हो, उनी मृगौलाको शल्यक्रियाको निहुँमा साम्राज्यवादीहरूको लुछाचुँडी चल्ने विश्वयुद्धबाट बच्न सफल भए । तर पूँजीवादी-साम्राज्यवादी खेमा विरूद्ध चलिरहेको वर्गीय युद्धबाट चाहिं साँच्चै नै उनी कहिल्यै पनि भागेनन् । ❑



गरे । क्रान्तिकारी आमसभाहरूमा सामेल भई प्रत्यक्ष रूपमा सहभागिता जनाए । अक्टोबर क्रान्तिको अन्तिम दिनसमेत जोन रिडको आँखै अगाडि सकियो । जमीन र शान्तिको अध्यादेश पेश गर्दै गरेको समयमा जोन रिडले सर्वप्रथम रूसी क्रान्तिका नायक लेनिनलाई भेटेका थिए । यसैबेला रूसी मजदूर र किसानका अगाडि तेस्रो कांग्रेसमा जोन रिडले प्रण गर्दै आफ्नो विचार यसरी व्यक्त गरेका थिए-

"...रूसमा भएका घटनाहरूको सत्य खबर अमेरिकी श्रमिक जनसमुदायबीच इमान्दारिताका साथ पुऱ्याउने छु ।" १९१८ को आरम्भमा रिड अन्तर्राष्ट्रिय क्रान्तिप्रचार संगठनमा सक्रियताका साथ भाग लिएर अप्रिलमा अमेरिका फर्किए । उनको स्वदेश फिर्तीको अवसर पारेर नवस्थापित सोभियत सरकारले दुई देशबीचको सम्बन्ध सामान्यीकरणको आशा गर्दै रिडलाई न्यूयोर्कस्थित कन्सुलको रूपमा आवश्यक कागजपत्रहरू पठाएको थियो । तर अमेरिकी सरकारले यसको बेवास्ता गर्दै झन्डै १६ वर्षसम्म खुला युद्ध छेड्यो, नवस्थापित समाजवादी राज्यको विरोधमा ।

अमेरिका पुगेर जोन रिडले सोभियतहरूको देशमा भएका वास्तविक घटनाहरूसंग अमेरिकी जनतालाई परिचित गराए । 'संसारलाई हल्लाई दिएका ती दश दिन' संसार प्रसिद्ध पुस्तक यही उद्देश्यले लेखिएको हो । १९१८ मा अमेरिकी प्रहरीले यस पुस्तकका लागि तयार पारेका सामग्रीहरू जफत गरेको थियो । पछि ठूलो कठिनाइका साथ रिडले ती सामग्रीहरू फिर्ता पाएका थिए । पुस्तक प्रकाशनपछि पाण्डुलिपी बाहेक यसका सबै प्रतिहरू जफत भए । तर रिडले हरेश खाएनन् । सारा विघ्नबाधाहरूसंग जुझ्दै १९१९ को १८ मार्चमा **'संसारलाई हल्लाई दिएका ती दश दिन'** पुनः प्रकाशित भएर विशाल जनसमूहबीच पुग्यो ।

अमेरिकी सरकार सर्वसाधारण जनताको हातमा यो पुस्तक नपरोस् भन्ने ध्याउन्नमा थियो । यसैक्रममा यस पुस्तकको पाण्डुलिपी चोर्ने प्रयास ६-६ पटकसम्म गरियो । यसबाट उत्पन्न भएको कठिनाइका सम्बन्धमा आफ्नो प्रकाशकलाई दिएको फोटो-उपहारमा रिडले लेखेका यी शब्दहरूबाट स्पष्ट हुन्छ- "मेरा प्रकाशक होरेस लिभर राइटलाई, जसको मेरो पुस्तक प्रकाशन गर्दा झन्डै टाट पल्टेको थियो ।"

'संसारलाई हल्लाई दिएका ती दश दिन' ऐतिहासिक सत्यतालाई कलात्मक रूपमा अभिव्यक्त गरिएको एउटा बहुचर्चित रिपोर्ताज कृति हो । अक्टोबर क्रान्तिपूर्वको पेत्रोग्रादको वर्णन गर्दै रसियामा कसरी क्रान्ति सम्पन्न भयो ? किसान-मजदूर एकतामा जमीन र शान्तिको अध्यादेश कसरी लागू भयो ? बोल्शेभिकहरूको गतिविधि कस्तो थियो ? लेनिनले कसरी क्रान्तिको सफल नेतृत्व गरे ?- यस्ता विविध विषयहरूको प्रत्यक्ष वर्णनले अक्टोबर क्रान्तिको जीवन्त चित्रण गर्न यो कृति सफल भएको छ ।

न्यूयोर्क राज्यको पेटरसन कपडा मिलका मजदूरहरूको हडताल, लुड्लो कोलोराडोका पहाडीहरूको आन्दोलन, मेक्सिकोको क्रान्तिकारी गतिविधि र प्रथम विश्वयुद्धमा संघर्षरत न्यायप्रेमी जनताको दृढ समर्थनमा सक्रिय एवं सिद्धान्तनिष्ट व्यक्तित्वका धनी जोन रिड केवल पत्रकार, लेखक मात्र थिएनन्, उनको नाम अमेरिकी कम्युनिष्ट पार्टीका संस्थापक सदस्यहरूमा महत्त्वपूर्ण स्थानमा आउँछ ।

रूसी क्रान्तिको प्रभावमा आएपछि जोन रिडले अमेरिकी कम्युनिष्ट आन्दोलनलाई सशक्त बनाउन महत्त्वपूर्ण भूमिका खेले । उनकै पहलकदमीमा १९१७ मा अमेरिकाका विभाजित कम्युनिष्ट पार्टीहरूलाई एकीकृत गर्ने प्रयास भएका थियो । उनको सम्पादनमा 'क्रान्तिकारी युग' 'कम्युनिष्ट', 'मजदूर आवाज' जस्ता पत्रिकाहरू निस्किएका थिए । 'सिवरेटर' मा नियमित रूपमा उनका रचनाहरू प्रकाशित हुने गर्थे ।

पत्रकारिताकै सिलसिलामा रिडले अमेरिकालगायत विश्वका विभिन्न भू-भागहरू चहारे, विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सम्मिलित भएर अनेकौं महत्त्वपूर्ण तथ्यहरू संकलन गरेर न्यायको पक्षमा प्रचार-प्रसार गरे । उनले अमेरिकामा सर्वप्रथम कम्युनिष्ट लेवर पार्टीको गठन गरेर आफ्नो ज्यानलाई खतराको भुँवरीमा होमे । परिणामस्वरूप रिड बीसौं पटक गिरफ्तार भए । उनको गिरफ्तारीका सम्बन्धमा ए. विलियम्सले लेखेका छन्-

"अमेरिकामा कुनै त्यस्तो शहर छैन, जहाँ जोन रिडलाई कम्तीमा एक पटक गिरफ्तार नगरी शान्तिको सास फेरियोस् । तर उहाँ सधैं कुनै न कुनै उपायले धरौटी राखेर होस् वा मुद्दा पछि सार्न लगाएर होस्, जेलबाट निस्किनु हुन्थ्यो र तुरून्त कुनै नयाँ युद्ध क्षेत्रमा हाम फाल्नु हुन्थ्यो ।"


१९१९ को वसन्तमा जोन रिड पुनः सोभियत संघ गए । अमेरिकामा भएको जनआन्दोलनमा भाग लिन उनी यसै वर्षको अन्त्यमा अमेरिका फर्कन चाहन्थे । तर अमेरिकामा कम्युनिष्ट पार्टीमाथि भएको प्रतिबन्ध, दमन र प्रतिक्रियाका कारण उनलाई स्वदेश फर्किन सफलता मिलेन । बाटैमा गिरफ्तार भएर उनी फिनलैण्डको जेलमा बन्दी बनाइए । यस बेलासम्म जेल-यातना, निरन्तर परिश्रम र विरामीका कारण रिडको स्वास्थ्य नराम्रोसंग बिग्रिसकेको थियो ।

१९२० मा बाकुमा भएको अन्तर्राष्ट्रिय कम्युनिष्टहरूको प्रतिनिधिका रूपमा पूर्वीय जनताको प्रथम कांग्रेसमा भाग लिएर मस्को फर्केपछि जोन रिड टायफाइडले थल्लिए । डाक्टरहरूले अनेकौं प्रयास गरे । तर केही जोड चलेन । विश्व सर्वहारा क्रान्तिका एक सक्रिय सहयोगी, निडर पत्रकार र सत्यवादी लेखकको १७ अक्टोबर १९२० मा ३३ वर्षको कलिलो उमेरमा असामयिक निधन भयो । रसियामा लेनिनको...शव पछाडि क्रेमलिनको भित्तानेर ग्रेनाइटले लिपेको रिडको समाधिमा आज पनि यी हरफहरू देखिन्छन्- "तेस्रो इन्टरनेशनल १९२० का प्रतिनिधि जोन रिड ।"

जोन रिडको देहावसान हुँदा उनी निर्वासित जीवन बाँचिरहेका थिए । उनका विरूद्ध पाँच वर्षको कैद सजाय सुनाइएको थियो । तैपनि अमेरिकामा समेत उनको मृत्युमा शोकाकूल हुँदै विशाल जनसमुदायले विभिन्न श्रद्धाञ्जलि सभाहरूको आयोजना गरे । उनको मृत्युका सम्बन्धमा ए. विलियम्सले लेखेको कुरा स्मरणीय छ- "अमेरिकाको क्रान्तिकारी जगतलाई अपूरणीय क्षति भएको छ । उहाँको मृत्युमा हामीले जुन भावना अनुभव गरिरहेका छौं, त्यसको अनुमान अमेरिका बाहिरका कमरेडहरूले शायदै गर्न सक्नुहोला । ...जोन रिड कम्युनिष्ट क्रान्तिका शहीद हुनुहुन्थ्यो भन्दा कुनै अत्युक्ति हुनेछैन । उहाँले पछि आउने हजारौं-हजार शहीदहरूलाई बाटो देखाउनु भयो । ...सुंदूर नाकाबन्द रसियामा उल्कासमान जीवनको आकस्मिक अन्त्य अमेरिकी कम्युनिष्टहरूका लागि कठोर आघात हो ।" ❑

क. चे ग्वेभाराको जीवनीको समग्र मूल्याङ्कन

# चे ग्वेभाराबाट के सिक्ने, के नसिक्ने ?



## “असफलताले क्रान्तिकारीलाई कसीमा राख्तछ”

निनु चापागाई

◉ निर्मल लामाले महामानवहरूलाई पूजा गर्ने पारिजातको त्यतिखेरको प्रवृत्तिमाथि आलोचनासहित चेको मूल्याङ्कन गर्दै पारिजातलाई चिठी लेख्नु भएको थियो ।

◉ व्यक्तिगत आय-आर्जनका निम्ति हिरिक्क हुने नेपालका कथित कम्युनिष्ट नेताहरू र चेलाई एकै ठाउँ राखेर हेर्दा को कति कम्युनिष्ट हो, छुट्याउन सजिलो हुने म देख्तछु ।

चे ग्वेभाराको बारेमा प्रतिकृया लेख्न बस्दा मलाई २०२५/२६ सालतिरका दिनहरूको संभ्कना धमिलो रूपमा आइरहेको छ, जतिखेर 'राल्फा'हरू नेपालको भूमिमा 'चे ग्वेभारा' शीर्षकको गीत गाएर हिंडिरहेका थिए र म पनि राल्फा गतिविधिको एक सहयात्री थिएँ । २०२३ सालमा बोलिभियामा चे ग्वेभाराको दुःखद् मृत्यु भएको थियो, मृत्युको दुई तीन वर्षभित्रै उनी विश्वस्तरमा चर्चाको उच्च शिखरमा पुगेका थिए र त्यसको प्रभावबाट नेपाल पनि अछुतो रहेको थिएन ।

चर्चाको यो आँधीसंगै राल्फाबीच आइपुगेका चेको यति ठूलो प्रभाव रह्यो कि- उनीहरूले चेको गीत गाउन थाले मात्र होइन, चेको कृतिको अध्ययनसंगै उनीहरूमध्येका अधिकांशले आफूलाई मार्क्सवादी आन्दोलनप्रति निकटस्थ बनाउन समेत थाले ।

नेपालको कम्युनिष्ट आन्दोलनमा चेको के कस्तो प्रभाव रहेको छ, उनको प्रभावबाट को कति कम्युनिष्ट आन्दोलनमा समाहित हुन पुगेका छन् र आज त्यस्ता व्यक्तिहरूको स्थिति कस्तो रहेको छ ?- यो साँच्चिकै ठूलो शोधको विषय बन्न सक्ला । तर म कतिसम्म किटानीसाथ भन्न सक्छु भने, मार्क्सवादविरोधी चिन्तन राख्नेहरूलाई त्यसबाट मोड्न र मार्क्सवादी आन्दोलनप्रति झुकाव राख्ने बनाउनमा राल्फाभित्रका म लगायतका कतिपय व्यक्तिहरूलाई उनको निकै ठूलो देन रहेको छ । छिटफुट रूपमा माओ त्से तुङ्गको 'रातो किताब' पढेको मलाई त्यसलाई गंभीरतापूर्वक मनन चिन्तन गर्नमा र मार्क्सवादी साहित्यको निरन्तर अध्ययन गर्ने उत्प्रेरणा दिनमा चे ग्वेभाराले लेखेका 'रिमिनेन्सेज इन द क्युबन रेभोलुशनरी वार' (Reminiscences in the Cuban Revolutionary War), 'चे इन बोलिभिया' (Che in Bolivia) (डायरी) र 'गुरिल्ला वारफेयर' (Guerrilla Warfare) को अध्ययनको निक्कै ठूलो हात रहेको म ठान्दछु ।

हिन्दीमा अनूदित उनको कृति 'समाजवाद और व्यक्ति' (Socialism and man in Cuba) मैले अलि पछि मात्र पढेको हुँ । क्युबाको क्रान्तिलाई सामान्यीकरण गरेर त्यसैका आधारमा मार्क्सवादमा नयाँ सिद्धान्त गढ्न खोज्ने अति चर्चित रेजिस देब्रेको पुस्तक 'रिभोलुशन इन द रिभोलुशन ?" (Revolution in the Revolution ?) पनि अलि पछि नै पढेको हुँ ।

'रिभोलुशन इन द रिभोलुशन' रेजिस देब्रेले लेखेको भए पनि त्यसमा स्थापित चिन्तनहरूलाई चे ग्वेभाराका चिन्तनका रूपमा मानिसहरूले किन लिन खोजेका पाइन्छन् भने, मृत्यु अघि चेसंग बोलिभिया पुगेका र एक महिना संगै बसेर चेको विचारलाई राम्ररी बुझेका व्यक्ति मध्ये देब्रे पनि एक थिएं र चेको बोलिभियाको संघर्षको प्रक्रियामा प्रकट भएको व्यवहारसंगै त्यसमा व्यक्त विचारहरूले ठूलो समानता समेत राख्तछन् ।

२०२७ तिर प्रकाशित 'आगो लाग्नु अघि' (विरूद्धः सामयिक संकलन, २०२७) चेको प्रभावबाट थिचिएर मद्वारा लेखिएको निबन्ध थियो । विद्रोही कस्तो हुनुपर्छ भन्ने प्रसंगमा मैले त्यहाँ यसरी चेको उद्धरण प्रस्तुत गरेको रहेछु- “विद्रोही सेना पिउँदैन, तर आफूभन्दा माथिको अफिसरले दण्ड देला भनेर होइन । उसलाई थाहा छ, उसको मन सचेत, शरीर सक्रिय र उसको उत्साह महान् हुनुपर्छ । प्रत्येक विद्रोहीले ऊ किन अनुशासित हुनु आवश्यक छ भन्ने जानेको हुनुपर्छ । सामाजिक अन्वेषकः किनभने, जनताको संपर्कले विद्रोहीहरूलाई जनतामा देखा परेका विजयी भावनालाई निर्णयात्मक उद्देश्यतिर ढल्काउने अधिकार दिन्छ । न्यायकर्ताः किनभने, जनतामा फैलिएका गलत प्रयोगहरूलाई विद्रोहीसंग रद्दी घोषणा गर्ने साहस हुनुपर्छ । त्यसैले एउटा सचेत विद्रोही हुनु त्यति सजिलो छैन । विद्रोही हुन असाधारण नेता, असाधारण साहसी, असाधारण आक्रामक हुनु जति आवश्यक हुन्छ, त्यत्तिकै विद्वान र सचेत पनि हुनुपर्छ । यसबाहेक, साधारण र मौलिक हुनु विद्रोहीको कर्तव्य हो ।

वास्तविक क्रान्तिकारी प्रेमको प्रवल भावनाले परिचालित हुन्छ । प्रेमको अभावमा सही विद्रोहीको कल्पनासम्म गर्नु असंभव हुन्छ । यहींनिर एउटा नेताको लागि सम्भवतः ठूलो नाटकीय च्यालेन्ज छिपेको छ । विद्रोहीसित उत्तेजनाहीन मनका साथै भावनायुक्त शक्ति (Spirit) हुनै पर्दछ र उसले पीड़ादायक निश्चयहरू नहड्बडाई गर्नु पर्छ ।”

आफूलाई त्यस्तै विद्रोही प्रमाणित गरिसकेका चेलाई परिचित गराउने उद्देश्यले लेखिका पारिजातले एउटा लेख लेख्नु भएको थियो:- 'बीसौं शताब्दीका महान् क्रान्तिकारी नेता चे ग्वेभारा' (सगरमाथाः कार्तिक २०२७) । उहाँले त्यही साल चे, क्याष्ट्रो र देब्रेको समर्थनमा 'कैदीलाई प्रत्युत्तर' (विरूद्धः सामयिक संकलन २०२७) लेख्नु भएको थियो- त्यतिखेर जेलभित्र रहेका निर्मल लामालाई ।

'विशाल जनसमूहबाट अलग्गिएर केही गुरिल्ला महानुभावमा मात्र निर्भर रही इतिहासलाई फेर्ने प्रवृत्ति नै असफलताको मुख्य कडी भएको देखिन्छ' भन्ने निष्कर्ष सहित निर्मल लामाले महामानवहरूलाई पूजा गर्ने पारिजातको त्यतिखेरको प्रवृत्तिमाथि आलोचना सहित चेको मूल्याङ्कन गर्दै पारिजातलाई चिठी लेख्नु भएको थियो, नरेशको नामबाट- 'चे, देब्रे र क्याष्ट्रो' (नौलो नेपालीः २०२८ वैशाख) । चिठी भएको कारण गहन विश्लेषण र क्रमबद्धता नभए पनि त्यसमा उठाइएका कुराहरू, मलाई लाग्दछ, आज पनि त्यत्तिकै सान्दर्भिक र महत्वपूर्ण छन् ।

चे ग्वेभाराका बारेमा आज मात्र होइन २६ वर्षअघि पनि चर्चाहरू चलेको कुरा प्रष्ट्याउन मात्र मैले यो पृष्ठभूमि उल्लेख गर्ने प्रयत्न गरेको हुँ ।

✪ चे ग्वेभारा अत्यन्त विवादास्पद व्यक्तिहरूमध्ये प्रमुख मानिन्छन् । उनलाई कतिले मार्क्सवाद-लेनिनवादका सच्चा अनुयायी र 'मार्क्सवाद-लेनिनवादका वैचारिकताहरूलाई यसको सबैभन्दा स्वच्छ, पवित्र र क्रान्तिमयी अभिव्यक्तिमा अघि सार्ने,' व्यक्तिका रूपमा ग्रहण गरेका छन् भने कतिले उनलाई क्रान्तिकारी मान्दामान्दै पनि मार्क्सवाद-लेनिनवादलाई पूर्णतः हृदयंगम गर्न नसकेका दुस्साहसी, व्यक्तिवादी र अराजकतावादी मान्न पुगेका छन् ।

अर्का एक थरी पनि छन्- जसले उनलाई मार्क्सवाद-लेनिनवादको अनुयायी मान्न समेत अस्वीकार गरेका छन् ।

यी सबै विवादका बीच पनि समाजवादी आन्दोलनको पक्षमा आफू दृढ रहेको र मार्क्सवाद-लेनिनवादको अनुशरण गरिरहेको ठान्ने आजको क्युबाको क्रान्तिका उनी संस्थापकमध्ये एक थिए र क्युबालीहरू आज उनको सम्मान गर्दै आफ्नो राष्ट्रिय गीतमा गाउने गर्दछन्- 'हामी पनि चेजस्तै बन्ने छौं' ।

✪ पारिजातको शब्दमा भन्ने हो भने,

सिक्काको मात्र विवशताले लड्नेहरूसंग अथवा राष्ट्रियता र सीमा रेखाको अन्धभक्तिमा शहीद हुनेहरूको वीरतासंग चेको तुलना गर्नु हास्यास्पद हुन्छ । असमानताका विरूद्ध क्रान्ति गर्नको निम्ति माटो र राष्ट्रियताको तथाकथित विभिन्नतालाई अवहेलना गर्ने यस शताब्दीको उनी पहिलो महान व्यक्तित्व थिए । अर्जेन्टिनाको माटो सुँघेर हुर्केका चे ग्वाटेमालाको माटोमा क्रान्तिको राजनैतिक प्रशिक्षण लिने, क्युबाको माटोमा अथक युद्ध गर्ने, अफ्रिका (जायेर) को माटोमा क्रान्तिकारी बीउ छर्ने र बोलिभियाको माटोमा आफ्नो अमूल्य रगत बगाउने र प्राणाहुति गर्ने महान् अन्तर्राष्ट्रिय क्रान्तिकारी थिए ।

त्यतिखेर भाषण गर्न अनभ्यस्त क्युबाका वर्तमान राष्ट्रपति फिडेल क्यास्ट्रोले चेको मृत्युपछि उनको संभनामा लगातार तीन घण्टा भाषण गर्दै भनेका थिए: 'उनी ती महामानव थिए, जसले संसारको बोझ आफ्नो काँधमा लियो, जसले संसारलाई नै परिवर्तन गर्न चाह्यो... । चे हाम्रो समयको एउटा यस्तो मान्छे हुन्, जसले अन्तर्राष्ट्रियताको भावनालाई यसको संभावित उच्चतातर्फ लैजान सक्षम भयो ।'

क्यास्ट्रोको यो भनाइप्रति कसैले असहमति राख्न सक्छ भन्ने मलाई लाग्दैन । उनी सर्वहारा अन्तर्राष्ट्रवादका देदीप्यमान व्यक्तित्व हुन् ।

✪ 'आफ्नो बल, बुद्धि र क्षमताको माग अर्को देशले गरेको छ' भनी क्युबाको सत्तामा रहेको आफ्नो हाइहुकुमलाई चटक्क छाडेर नयाँ क्रान्तिभूमि निर्माण गर्न हिंड्ने बेलामा चेले आफ्ना सन्तानलाई भनेका थिए- 'जहाँ अन्याय भइरहेको हुन्छ, त्यहाँ हेरेर मात्र कदापी नबस्नू ।'

वास्तवमा चेलाई संचालन गर्ने मूल मन्त्र यही थयो । अन्याय सहनु हुन्न र त्यससंग जुध्नु पर्छ भन्ने मानसिकता, विश्वका अधिकांश राष्ट्रहरूमाथि भइरहेको अन्यायको मूल स्रोत अमेरिकी साम्राज्यवाद हो भन्ने निष्कर्ष र अमेरिकी साम्राज्यवादको प्रभुत्वबाट ग्रस्त समाजमा क्रान्तिकारी युद्धबाहेक अरू विकल्प छैन भन्ने भावना उनमा प्रचूर मात्रामा थियो । यो भावनाले नै चेलाई ल्याटिन अमेरिका, अफ्रिका र एशियामा अमेरिकी साम्राज्यवादको चिहान खन्ने थुप्रै 'भियतनामहरू' निर्माण गर्ने दृढतामा पुऱ्याएको थियो ।

डाक्टर वा अनुसन्धानकर्ता बनेर मानव जातिको हितको लागि निःस्वार्थ रूपले खटिई कुनै ठोस उपलब्धि हासिल गरेर देखाउने महत्वाकांक्षा राख्ने चे ग्वेभारालाई अर्थको अभावमा उपचार गराउनसक्ने स्थितिको अभावको बोध भएपछि र निरन्तर रूपले सहनुपर्ने भोक पीडाले मानिसहरू अधःपतन हुनुपर्ने र पशु बन्नु पर्ने दुःखद् अवस्थाको बोध भएपछि उनको विचार बदलिन थाल्यो । यसले उनलाई अनुसन्धानकर्ता हुनु वा मेडिकल साइन्समा महत्वपूर्ण एवं ठोस योगदान गर्नु र पीडित जनतालाई राहत दिनुभन्दा पनि महत्वपूर्ण कुरा क्रान्तिकारी बन्नु र क्रान्तिको लक्ष्य बोक्नु हो भन्ने अठोटमा पुऱ्यायो । त्यसैले क्युबादेखि बोलिभियासम्म हत्केलामा प्राण राखेर जुन युद्ध चेले लडे, त्यसमा उनको महत्वाकांक्षाभन्दा बढी, निःस्वार्थ रूपले मानव जातिको हित गर्ने महान् आदर्श र मानव प्रेमले काम गरेको थियो । उनको यो मानव प्रेम युद्धको बेलामा समेत कहिल्यै डगमगाएन ।

बन्दी दुश्मन सैनिकहरूलाई उनले कहिल्यै सास्ती दिन मानेनन् । एक जना गुरिल्लाले बतिस्टाको घाइते सैनिकलाई मार्दा चेले दुःखी भएर भनेका थिए- 'तिमीले मेरो आदर्शको उल्लंघन गरेर आज मलाई जीवनमा दुश्मनभन्दा बढी अपराधी बनाइदिएका छौ' ।

यस्तै कारणहरूले गर्दा संभवतः क्युबाको क्रान्ति अरू क्रान्तिभन्दा कम रक्तरंजित् भएको हो ।

✪ मार्क्सवादले सबैभन्दा बढी जोड दिने विषय हो- सिद्धान्त र व्यवहारको एकता ।

भनाइ र गराईका बीचको ठूलो अन्तराल नेपाली कम्युनिष्टहरूको त आजको सबैभन्दा ठूलो रोग भएको छ ।

सिद्धान्त र कार्य एउटै हुने कट्टर मार्क्सवादीहरू मध्ये चे पनि एक थिए । 'सिद्धान्त र व्यवहारले एउटै महाविन्दुमा भेट खानु पर्छ' भन्ने कुराको सबैभन्दा बलियो समर्थक र त्यसमा आफूलाई कहीं कतै खोट लगाउन पाउने अवसर नदिने व्यक्तित्व थिए चे ।



निनु चापागाई

✪ व्यक्तिगत हित र सुख सुविधाको आर्जनलाई प्राथमिकता दिने र नोटका क्याँटमुनि आदर्शलाई लुकाएर राख्ने नेपाली "मार्क्सवादी-लेनिनवादीहरू"संग चेको कहींकतै तुलना हुन सक्तैन ।

नेपाली कम्युनिष्टहरूले गंभीरतासाथ चेबाट सिक्नु पर्ने कुरा- उनको सर्वहारा गुण पनि एक हो । उनले कहिल्यै पनि निजी स्वार्थ, व्यक्तिगत लाभ, पारिवारिक सुखसुविधालाई महत्व दिएनन् र व्यक्तिगत आय-आर्जनलाई घृणाको दृष्टिले नै हेरिरहे ।

ब्यूनर्स आयर्स विश्वविद्यालयबाट सर्जनको डिग्री लिएको तीन दिनपछि क्रान्तिका निम्ति घरबार छोडेर हिंडेका चेले घर नजिकको स्टेशनसम्म पुगेर आफूलाई विदाई-हात हल्लाउने आमासंग बोलिभियामा शहीद हुनुअघि एक पटक, त्यो पनि थोरै समय मात्र, भेट्ने मौका पाएका हुन् । यसै गरी, क्युबामा गुरिल्ला युद्ध गर्न जाँदा उनले पत्नी हिल्डालाई गर्भवती अवस्थामा नै छाडेर आएका थिए । पारिवारिक मोह र चिन्ता उनका निम्ति कहिल्यै प्राथमिकताका विषय भएनन् ।

क्युबाको नेशनल बैंकका गभर्नर, सैनिक कमाण्डर, भूमि सुधार निर्देशक र उद्योग मन्त्री भएका चेले क्युबामा एक इन्च जग्गा पनि लिएनन् । 'भियतनामहरू'को निर्माण गर्न अकस्मात् अन्तर्ध्यान हुँदा उनको परिवारले देशको आश्रयमा टिक्नु परेको थियो । मन्त्री हुँदा समेत उनले मजदूरहरूको तलबभन्दा बढी एक पैसा लिएनन् । उनी संपत्तिको लोभ गर्ने व्यक्ति, संस्था र राष्ट्र सबैलाई घृणा गर्दथे । पूँजीवादी उपायद्वारा समाजवादी निर्माण गर्ने धारणाका उनी कट्टर विरोधी थिए । मानिसहरूलाई समाजवादी संस्कृतिले सुसज्जित पारेर उच्च नैतिकता र बलिदानी भावनासहित कार्य गर्न प्रेरित गर्नुको साटो पूँजीवादीहरूले जस्तै भौतिक सुखसुविधा, तलब आदिको लोभ देखाएर प्रतिस्पर्धा गर्न लगाई काम गर्न लगाएर समाजवादी व्यवस्था निर्माण हुन सक्तैन भन्ने उनको शंखघोष थियो ।

उनमा देखिने क्रान्तिप्रतिको समर्पणभाव र अविचल आस्था व्यक्तिगत लाभले सृजित गरेको थिएन । क्युबाको जंगलमा गुरिल्ला युद्ध गर्ने सहयात्रीले क्रान्तिमा विजय भएपछि के गर्छौ ? भनी सोधेको प्रश्नको जुन जवाफ चेले दिएका थिए, त्यसले चेको भावना सही रूपमा उद्घाटित गर्दछ । उनले भनेका थिए- "क्युबामा सैनिक शासन छ, त्यसैले लडिरहको छु, तर धन्दा नमान, युद्ध जितेपछि म सरकारी उच्च ओहदा ओगट्न गइरहेको छैन, क्युबाली जनता साथीहरू हुन्, त्यसैले चाख लिइरहेको छु ।"

जतिखेर उनी सरकारी उच्च ओहदामा थिए, त्यतिबेला पनि उनी कठीन परिश्रम गर्थे, राति किसानहरूलाई प्रशिक्षण दिन्थे, साँझ सिपाहीहरूलाई साहित्य र राजनीति पढाउँथे, आरामतलबी र सुख सुविधाप्रति उनको सँधै नै नकारात्मक रूख रह्यो । उनको एक मात्र लगाव क्रान्तिप्रति रह्यो र उनी त्यसप्रति पूर्णतः समर्पित रहे ।

"आफ्नो हीराको औंठी र सुनको घडी भूमिसुधार कार्यक्रमलाई कहिलेसम्म दान दिइसक्छौ ?" यो प्रश्न भूमिसुधार निर्देशक हुँदा एक जना भूमिसुधार इन्जिनियरलाई उनको धनप्रतिको सोख, लोभ र प्रदर्शनमुखी प्रवृत्ति र व्यक्तिगत सरसुविधालाई प्राथमिकता दिने बानीलाई सहन नसकेर चेले व्यंगपूर्वक सोधेका थिए ।

व्यक्तिगत आय-आर्जनका निम्ति हिरिक्क हुने नेपालका कथित कम्युनिष्ट नेताहरू र चेलाई एकै ठाउँ राखेर हेर्दा को कति कम्युनिष्ट हो, छुट्याउन सजिलो हुने म देख्तछु ।

✪ चे कामप्रति अत्यन्त लगनशील व्यक्ति (man of action) थिए । श्रमलाई उनी आदरको दृष्टिले हेर्दथे र आइपरेको जुनसुकै काम गर्न पनि सधैं तत्पर थिए । भाँडा माझ्ने, भारी बोक्ने, मोटर हाँक्ने, पढाउने, अस्थायी उपचार गर्ने जस्ता जे काम आइपरे पनि उनले पूरा गर्दै ल्याटिन अमेरिकी देशहरूको अध्ययन गर्ने कार्य

**हा**मीले "मूल्याङ्कन" को पूर्णाङ्क ३८ सम्म नौ भाग गरी धारावाहिक रुपमा क. चे ग्वेभाराको जीवनी प्रकाशित गरेका थियौं ।

यसलाई पाठकहरुले अत्यन्तै मन पराउनु भएको पाइयो ।

अर्जेन्टिनामा जन्मिएका र क्यूबाको क्रान्तिमा निर्णायक योगदान गरेर बोलिभियाको निम्ति लड्दालड्दै शहादत प्राप्त गर्नुभएका अन्तर्राष्ट्रियतावादका ज्यूँदा प्रतीक ती लडाकू, वीर र समर्पणभावले ओतप्रोत व्यक्तित्वको जीवनबाट वास्तवमा हामीले के सिक्ने, के नसिक्ने ?

यो प्रश्न हामी सबैमा उठ्नु स्वाभाविकै छ ।

आज हामी यही प्रश्नको जवाफ खोज्ने प्रयत्न यहाँ गर्दैछौं ।

यस प्रश्नको उत्तर खोज्दै उहाँको जीवनलाई समग्रमा मूल्याङ्कन गर्नुभएको छ- समालोचक निनु चापागाईले ।

निनु चापागाई नेपालमा चर्चित तात्कालीन "राल्फा" आन्दोलनका एक हस्ती समेत हुनुहुन्छ । राल्फालीहरु क. चे. ग्वेभाराबाट निकै प्रभावित थिए ।

यसरी चेको प्रभावमा परेर अतीतमा अगाडि बढेका व्यक्ति समेत हुनुभएकोले क. चेबारे निनु चापागाईको यो मूल्याङ्कन पाठक वर्गलाई विशेष जीवन्त लाग्ने छ भन्ने आशा हामीले लिएका छौं ।

*-मूल्याङ्कन*

गरेका छन् । अल्छी नबस्नु र क्रान्तिका निमित्त उपयेगी हुने कुनै न कुनै काममा लागिरहनु चेको निजी विशेषता नै थियो ।

✪ चेलाई चिन्ने अर्को विशिष्ट गुण उनको उच्च मनोबल थियो । उनका हरेक पाइला र निर्णयहरूमा उच्च मनोबलको भूमिका सहजै देख्न सकिन्छ ।

घाइते पारेर बन्दी बनाइएका चेलाई राखिएको बोलिभियाको एकलासको एउटा स्कूलको कोठाभित्र वारेन्ट अफिसर रिभल्भर हातमा लिएर भित्र पसेपछि घाइते चे जुरूक्क उठ्छन् र अफिसरले उनलाई पटक पटक बस्न आदेश दिन्छ । तर उनी त्यसलाई पूर्णतः अवज्ञा मात्र गर्दैनन्, निर्भिकतासाथ भन्दछन्- 'एउटा मान्छे कसरी मर्छ, त्यो आज म तिमीलाई देखाउन चाहन्छु ।'

आँखा जुधाउन नसकेर अफिसर शिर निहुँराउँछ र छलेर उनको शरीरमा गोली हान्छ । उनलाई त्यसपछि धेरैले धेरै ठाउँमा गोली हाने र पछि उनको मृत्यु हुन्छ ।

जंगलीहरूको यो हत्याकाण्डपछि डाक्टरहरूले के विचार व्यक्त गरेका छन् भने, संवेदनशील अंगहरूमा पन्ध्र भन्दा बढी गोली खाएर कुनै मान्छे चेले झैं लामो समय बाँच्न र अन्तसम्म हाँस्दैबोल्दै मर्न सक्तैन । अन्तिमसम्म चेमा देखिएको उच्च मनोबलकै परिणाम थियो यो ।

✪ सरलता चेको अर्को विशिष्ट गुण थियो । जीवनभर उनले खाकी कमिज र प्यान्ट लगाए । बुर्जुवा चिन्ह ठानेर टाई कहिल्यै लगाएनन् । क्युबाको क्रान्तिमा विजयी भएर शक्तिशाली व्यक्ति हुँदा पनि फाटेको जर्सी र फाटेको प्यान्ट लगाएर हिंड्न उनी हिच्किचाएनन् । उनी तडक-भडकबाट सर्वथा बाहिरै रहे । महात्मा गान्धीको सहजपन र साधुपनबाट उनी किशोरावस्थादेखि नै प्रभावित थिए । क्रान्तिपछि नायकका रूपमा चर्चामा आएका उनलाई कतिले त ल्याटिन अमेरिकाका "हिंसावादी महात्मा गान्धी" पनि भन्न रूचाएका छन् ।

✪ क्रान्तिपछि विभिन्न पदहरूमा रहेर सम्पन्न गरेका कामहरूले मात्र चेको विलक्षण प्रतिभा देखाउने होइनन् । उनको विलक्षणता बाह्र वर्षको उमेरमा शेक्सपियर, किट्स, शेली, बोदलियर, लोर्का, ह्विटम्यान लगायतका थुप्रै साहित्यकारहरूका रचनाहरूको स्वतन्त्र अध्ययन कार्यहरूमा देखा पर्दछ । स्कूलमा शिक्षकहरूलाई दिने परामर्श, नौ वर्षको उमेरदेखि नै राजनीतिक चरित्रको प्रारम्भ, कलिलै उमेरदेखि प्रत्येक बूढाखाडा, लुला-लङ्गडा र असहायहरूलाई गल्लीका केटाकेटीहरूको उपद्रोबाट संरक्षण गर्ने जस्ता अनेकौं कार्यहरूमा पनि यो विलक्षणता देखा पर्दछ ।

चेका उल्लिखित विशेषताहरू हासिल गर्न प्रत्येक इमान्दार कम्युनिष्टले लालयित र प्रयत्नशील हुनुपर्ने हो भन्ने मलाई लाग्दछ ।

चेकी पत्नी हिल्डाकी साथीको भनाइ छ- 'चेविना क्याष्ट्रो कम्युनिष्ट हुने थिएनन् र क्याष्ट्रोविना चे एउटा आदर्शवादी कम्युनिष्ट मात्र रहने थिए ।'

चेसंगको पहिलो भेटको संस्मरण गर्दै क्याष्ट्रोले भनेका छन्- "चेसित मसंग भन्दा बढी परिपक्व क्रान्तिकारी विचार थियो, विचारधारा र सिद्धान्तमा उहाँ बढी विज्ञ हुनुहुन्थ्यो । मसंग तुलना गर्ने हो भने उहाँ मभन्दा ठूलो क्रान्तिकारी हुनुहुन्थ्यो ।"

चे र क्याष्ट्रोका बीचको यो तुलनाले सही निष्कर्षमा कति पुऱ्याउला, म भन्न सक्तिनँ । म चाहिं चेलाई सैद्धान्तिक-राजनीतिक व्यक्तित्व कम र सैनिक आदर्शबाट बढी किचिएको व्यक्ति भन्न मन पराउँछु । आफ्नो असाधारण प्रतिभा र विलक्षणताका कारण क्रान्तिपछि अर्थ, उद्योग, कृषि, सैनिक जस्ता विविध क्षेत्रको विशेषज्ञको भूमिका निर्वाह गर्न चे सफल भए पनि सैद्धान्तिक-राजनैतिक पक्षमा चेको दृष्टि पर्याप्त थियो भन्न सकिने प्रशस्त आधारहरू यथार्थ र घटनाक्रमले दिंदैनन् । परिणामतः यस क्षेत्रमा चेबाट त्रुटीहरू पनि निकै भएका पाइन्छन् ।

सन् १९६७ को वर्ष बोलिभियाली गुरिल्लाहरूको पराजय र चे ग्वेभाराको हत्या जस्ता महान् दुःखान्त घटनाको वर्ष थियो । ल्याटिन अमेरिकी क्रान्तिका नायक मानिने चेको नेतृत्वमा संचालित एउटा समूहले एकै चोटी त्यतिबिघ्न थुप्रै गल्तीहरू कसरी गऱ्यो, पत्यारसम्म गर्न सकिंदैन । यी गल्तीहरूलाई क्रान्तिको तयारीमा भएका गल्तीहरूका रूपमा मात्र लिनु गलत हुनेछ । किनभने, वास्तवमा गल्ती त अवधारणा वा सिद्धान्तमा नै रहेको थियो । त्यो के भने, चेले राजनीतिक मोर्चाको नेतृत्व र क्रियाशीलतामा गुरिल्ला-दस्ताहरू निर्माण गरेका थिएनन् । समस्याको हल राजनीतिक रूपले होइन, सैनिक रूपले मात्र खोज्ने काम गरियो ।

अर्को, गुरिल्ला दस्ताको समर्थन र सहयोगका निम्ति राजनीतिक मोर्चाको निर्माण गर्दा पनि चेबाट गंभीर राजनैतिक भूल भएका छन् । त्यो के भने, यस्तो राजनीतिक मोर्चामा सिद्धान्त र रणनीतिका सम्बन्धमा अत्यन्त विषम विचार राख्ने नोकारशाही र अवसरवादविरोधी समूहलाई एकजुट पार्ने काम गरिएको थियो ।

क्रान्तिकारी युद्धका निम्ति तयारीको अवधि एउटा विशिष्ट अवस्था हो । यसका आफ्नै नियम एवं आवश्यकताहरू हुन्छन् र सर्वहारा क्रान्तिको ऐतिहासिक उद्देश्यलाई आफ्नो उत्तरदायित्व ठान्ने राजनीतिक पार्टीले वैज्ञानिक एवं क्रान्तिकारी ढंगबाट यसको संचालन गरोस् भन्ने जुन माग यसले गर्दछ, त्यसलाई चे ग्वेभाराले सर्वथा उपेक्षा गरेका छन् र यसको प्रभाव रेजिस देब्रेको Revolution in the Revolution ? किताबमा प्रष्टतः देखा परेको छ ।

क्रान्तिकारी युद्धको सम्पूर्ण प्रक्रियामा गुरिल्ला दस्ताको तयारीको महत्व अन्य पक्षहरूको बराबर हुन्छ । यो एउटा आधारभूत कार्य हो । उनी यसलाई क्रान्तिकारी प्रक्रियाको एउटा अवधिको रूपमा होइन, क्रान्तिपूर्वको इतिहासको रूपमा लिन्छन् । देब्रे त कतिसम्म भन्छन् भने, सैनिक दस्ताको स्थापनापछि नै राजनीतिक आन्दोलनको दिशामा अघि बढ्नु पर्छ ।

वास्तवमा गुरिल्ला- दस्ता सर्वहारा पार्टीको गतिशील इकाई हो । यो वर्ग-संघर्षको श्रेष्ठ स्तर हो र यो स्तर प्राप्त गरेर सर्वहारा पार्टीले सर्वहारा वर्गको अग्रिम दस्ताको रूपमा आफूलाई संघठित गर्दछ । तर मुख्य संघर्ष नै एक मात्र संघर्ष ठान्ने चिन्तन एकदमै गलत छ र जुन संगठनले एक मात्र रूपबाट मुख्य संघर्षलाई नै आफ्नो संघर्ष ठान्दछ, त्यो शासक वर्गसंग संघर्षमा टक्कर लिनुपर्ने अवधिमा जन-समूहबाट काटिन्छ र एक्लो पर्न जान्छ । क्रान्तिकारी संघर्ष शुरूको अवस्थादेखि नै राजनीतिक-सैनिक संघर्षको सम्मिश्रित रूप हो । यी दुवै कार्य एकबद्ध हुनै पर्दछ । त्यसैले क्रान्तिकारी संगठनले शुरूमा चाहिं प्रचलित संघर्षका सबै रूपहरूमा भाग लिने र पछि वर्ग संघर्षको अन्तिम क्षणमा गएर मात्र सामरिक कार्य प्रारम्भ गर्नुपर्छ भन्ने धारणा मार्क्सवादसंगत होइन ।

यसको अर्थ, वर्गको सट्टा अग्रिम दस्ताले क्रान्ति गर्न सक्छ भन्ने सैन्यवाद (Putschism-Blanquism) को समर्थन गर्नु पनि होइन । शासकवर्गको दमनकारी यन्त्रसंग निर्णायक मुकाविला गर्ने काम खालि अग्रिम दस्ताको हो भन्ने धारणा पनि मार्क्सवादसंगत होइन । जनताले स्वतः गुरिल्ला-दस्तालाई साथ दिन्छ र गतिशील सामरिक दस्तालाई त्यसले स्वतः आफ्नो अग्रणी दस्ता स्वीकार गर्दछ भन्ने स्वतः स्फूर्तता (Spontanism) लाई पनि मार्क्सवादले त्यत्तिकै मात्रामा अस्वीकार गर्दछ । बोलिभियामा काम गर्ने प्रसंगमा चे ग्वेभाराले यो आधारभूत सिद्धान्तको उपेक्षा गरेका देखिन्छन् ।

अग्रिम-दस्ता र जनताका बीचको सम्पर्क सूत्रको निर्माण क्रान्तिकारी कार्यको आधारभूत सिद्धान्त अनुसार गरिनु अनिवार्य हुन्छ । अग्रणी दस्ता जनताभन्दा एक पाइला मात्र अघि हुनु पर्दछ- यसभन्दा अघिपछि पटक्कै होइन । अग्रिम दस्ताले संघर्ष गरेपछि र अघि बढेपछि मात्र त्यसलाई साथ दिनु जनताको काम होइन । उल्टो, अग्रिम दस्ताको काम चाहिं जनताका क्रान्तिकारी शक्तिहरूका माझमा ध्रुवीकरण हुनेगरी आफ्नो संगठन निर्माण गर्नु हो । अग्रिम दस्ताले वर्ग-



**क्रान्तिकारी युद्धको सम्पूर्ण प्रक्रियामा गुरिल्ला दस्ताको तयारीको महत्व अन्य पक्षहरूको बराबर हुन्छ ।**

संघर्षका ठोस प्रक्रियाहरूबाट अलगिएर पृथक नभई शुरूदेखि अर्थात् गुरिल्ला दस्ताको तयारीको अवधिदेखि नै क्रान्तिकारी वर्गहरूमा आफ्नो ठोस आधार बनाउनु पर्दछ । यो ठोस आधारको रूप राजनीतिक, सैनिक जे जस्तो भएपनि यसले जन आन्दोलनका निम्ति मजदूर, किसान र क्रान्तिको स्वार्थसंग जोडिएको मध्यम वर्गको सही लाइनको प्रतिनिधित्व गर्नै पर्दछ ।

बोलिभियामा चे ग्वेभाराले यसबारे पर्याप्त ध्यान पुऱ्याउन नसकेकै कारण त्यहाँका किसानहरूले चे र उनका साथीहरूको वीरतापूर्ण संघर्षलाई बुझ्न सकेनन् । गुरिल्लाहरूको वीरताप्रति बोलिभियाका किसानहरू पूर्णतः उदासीन रहे । बोलिभियामा चेको ११ महिने व्यवहारिक जीवनको डायरीलाई राम्ररी अध्ययन गर्ने जो कोहीले पनि 'किसानले साथ दिएनन्', 'सम्बन्ध स्थापित गर्न सकिएन', 'भोजन, औषधी, हातहतियार र मान्छेको अभाव भयो', 'जनतासंग सम्पर्क बनाउन 'विश्वासै गर्न नसकिने प्रतिकूल तत्व' भएको' जस्ता कुराहरू ठाउँ ठाउँमा फेला पार्ने छ ।

यसरी नेतृत्वदायी राजनीतिक संगठन र जन-कार्यबारे ११ महिनाको डायरीमा खास उल्लेख नहुनु र त्यसमा फौजी विवरण मात्र रहनुले चेको कमजोरी कहाँ रहेको छ भन्ने कुरा बुझ्न नसकिने होइन । यद्यपि किसानहरूलाई आफ्नो पक्षमा ल्याउनुपर्दछ भन्ने अनुभूति भने चेलाई सधैं भएको पाइन्छ ।

१९६७ को मई महिनामा लेखिएको डायरीको अंशमा उनले के उल्लेख गरेका छन् भने- त्यस अवधिको महत्वपूर्ण विशिष्टता उनलाई 'किसानहरूको सहयोगको नितान्त अभाव थियो,' 'किसानहरूको विश्वास आर्जन गर्नु' 'मन्द चरण र अझ बढी धैर्यको काम हो ।' जनतालाई आफ्नो पक्षमा ध्रुवीकरण गर्न अयोग्य एवं असक्षम भएको खण्डमा सैनिक कारवाहीको गुंजन, गुरिल्ला दस्ताको संघर्षको क्षमता, आत्मत्याग र साहस जतिसुकै भएपनि पराजय अवश्यंभावी छ भन्ने कुरा चेको साहस, आत्मत्याग र बलिदानले देखाइसकेको छ । यही अर्थमा दुई-चार वीरहरूको बलिदानले क्रान्ति सम्पन्न हुन सक्तैन भनिएको हो ।

मार्क्सवाद वैज्ञानिक प्रणाली हो । यसको सही प्रयोग नभएको खण्डमा सर्वहारा क्रान्तिको रणनीति र कार्यनीतिको निर्क्योल गर्न सकिंदैन । सर्वहारा वर्ग र उसका मित्र शक्तिहरूको कार्यनीतिको सही निर्धारण प्रत्येक ऐतिहासिक अवधिमा वर्ग-संघर्षको मुख्य पक्षको वैज्ञानिक परिभाषा, मुख्य पक्ष र अन्य पक्षहरूको सम्मिलित अवस्थाको मूल्याङ्न र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा शोषित र शोषकका विभिन्न शक्तिहरूबीच रहेको सम्बन्धको सही समझदारी भएका खण्डमा मात्र उचित रूपमा हुन सक्तछ । मार्क्सवादले वर्ग-विश्लेषण, राजनीतिक लाइनको व्याख्या र अग्रिम दस्ताको संगठनको स्वरूपलाई अलग अलग गरेर कहिल्यै हेर्दैन । मार्क्सवादको स्थायी देन नै वर्ग-संघर्षको हरेक अवधिमा र हरेक अवस्थामा क्रान्तिकारी रणनीतिको प्रतिपादन गर्नुलाई पनि चेले हृदयंगम गर्न सकेको पाइँदैन ।

समाजका विभिन्न वर्गहरूको विश्लेषण, विशिष्ट समूहका विशिष्ट

**क्यास्ट्रोले भनेका छन्- "क. चे मभन्दा ठूलो क्रान्तिकारी हुनुहुन्थ्यो ।"**

समस्या र आवश्यकताहरू, कार्यक्रम र नाराको सही निर्धारण जस्ता कुराहरूलाई चेले महत्व दिएको पाइँदैन । जनतालाई जित्नका निम्ति हतियारसन्नद्ध प्रचार विश्वजनिन फर्मुला हो भन्ने उनले सोचेका थिए । सर्वहारा वर्गको कार्यक्रम त्यतिखेर मात्र विकल्प बन्न सक्छ, जतिखेर सशस्त्र भएर त्यसको रक्षा गरिन्छ र सिद्धान्त र व्यवहार द्वन्दात्मक रूपबाट परस्पर निर्भर हुन् भन्ने प्रमाणित गर्नुको साटो चेले राइफल नलिई जनताका सामु गएर कुरा गर्नुको कुनै अर्थ छैन र शासक वर्गको दमनका विरूद्ध सशस्त्र संघर्ष नै सर्वहारा. क्रान्तिका निमित्त जनतालाई आफ्नो पक्षमा तान्ने एक मात्र साधन हो भन्ने कुरामा बढी बल दिएका छन् ।

यहीं कारण चेका निम्ति 'ठोस परिस्थितिको ठोस विश्लेषण' भन्ने मार्क्सवादको आधारभूत प्रस्थापनाको कुनै अर्थ रहेको देखिंदैन । क्युबाको क्रान्तिमा चेका साथ क्यास्ट्रोसहित सबै नै क्युबालीहरू थिए, बोलभियामा क्रान्तिको नेतृत्व हाँक्ने उनी बाहिरका थिए । बोलिभियाली कम्युनिष्ट पार्टीका तत्कालीन महासचिव मारियो मोन्जे र उनका सहयात्रीहरूले नियोजित छापामार आन्दोलनको संभावना नरहेको कारण देखाई उनलाई असहयोग नै गरेका थिए ।

कुनै पनि देशमा क्रान्ति बाहिरबाट आयात गरिंदैन, त्यहींका जनतामा आधारित हुनुपर्दछ भन्ने मार्क्सवादी चिन्तनको पालना पनि बोलिभियामा भएन । त्यतिखेरको बोलिभियाको क्रान्ति चेबाट शुरू भएर चेको मृत्युसंगै अन्त हुनुले प्रमाणित गरेको तथ्य हो- क्रान्ति आयात गरिने वस्तु होइन ।

' पार्टीविनाको क्रान्ति' क्यास्ट्रो, चे र देब्रेको सिद्धान्त जस्तै बनेको छ । क्यास्ट्रो



भन्छन्- 'पार्टीहरूलाई छोडेर स्वतन्त्रतापूर्वक क्रान्ति गर । किनभने, तिमीहरू आफैंमा जनयोद्धा (Vanguard) हुनु क्रान्तिको निमित्त अधिकार र कर्तव्य भै रहेछ ।' देब्रेले सुधारवाद र अवसरवादका विरोधका नाउँमा पार्टी संगठनको स्वरूपबाट नै अवसरवादी रणनीति र मध्यमवर्गीय वुर्जुवा भड्काव आउने गलत निष्कर्ष निकालेका छन् ।

चेले पनि बोलिभियामा राजनीतिक संगठनविना नै गुरिल्ला संघर्षको थालनी गरेको तथ्य जगजाहेर छ । भौतिकवादी द्वन्दात्मकताको प्रयोग गर्ने, कार्यक्रम र पार्टी, वर्ग-संघर्षको सिद्धान्त र संघर्षको व्यवहारिक परस्पर निर्भरतालाई अध्ययन गर्ने कार्य नगर्नुका साथै सुधारवादी सिद्धान्तले नै सुधारवादी कार्यलाई उचित ठहऱ्याउँछ भन्ने बुझ्न नसक्नुमा यी सबैको ठूलो त्रुटी रहेको छ ।

पुराना अवसरवादी पार्टीहरूलाई नकार्नुको अर्थ मजदूर वर्ग र त्यसको संगठनबाट सम्बन्ध टुटाउनु होइन । कसरी मजदूर वर्गको राजनीतिक संगठन र गुरिल्ला दस्ताले शोषित जनताको समर्थन प्राप्त गर्न सक्छ र कसरी गुरिल्ला दस्तालाई सम्पूर्ण शोषित जनताको अग्रिम दस्ता बनाउन सकिन्छ, ध्यान दिइनु पर्ने प्रमुख विषय चाहिं यही हुनु पर्ने थियो । चेमा व्यक्त राजनीतिक संगठनको अभाव, जनतासंगको पृथकता र सैनिक कारबाहीमा सीमाबद्धता जस्ता कुराहरूले मार्क्सवादलाई समर्थन गर्दैनन् । यिनै तर्कहरूका आधारमा सही क्रान्तिकारीहरूले चेलाई अराजकतावादी, व्यक्तिवादी र दुस्साहसी क्रान्तिकारीको संज्ञा दिने गरेका हुन् ।

✪ 'असफलताले क्रान्तिलाई कसीमा राख्तछ' भन्ने धारणा चेको थियो ।

चेको असफलताबाट हामीलाई क्रान्तिकारी कार्य र सिद्धान्तलाई पुनः प्रतिपादित गर्न र सततः विकसित गर्न सहयोग पुऱ्याएको मैले ठानेको छु । जसरी क्रान्तिकारी सिद्धान्तविना कुनै क्रान्तिकारी कार्य गर्न सकिंदैन, त्यसरी नै क्रान्तिकारी कार्यको अभावमा क्रान्तिकारी सिद्धान्त अर्थहीन बन्न पुग्छ । कुनै सिद्धान्तलाई कार्यमा परिणत गरिंदैन वा कार्यको परिणतिले समाजलाई आमूल परिवर्तनको दिशामा लैजाँदैन भने त्यो सिद्धान्त क्रान्तिकारी सिद्धान्त हुनै सक्तैन । यसको साथै, कुनै क्रान्तिकारी सिद्धान्त कुनै कामको परिणतिको पूर्वानुमान कहिल्यै हुन सक्तैन । त्यसलाई सही रूपबाट कार्यान्वित गर्दा नै त्यसका सीमा र अपूर्णताहरू प्रकट हुन्छन् ।

चेले लिएको सिद्धान्त र त्यसको कार्यान्वयनबाट उत्पन्न परिणतिको सीमा तथा अपूर्णताबाट हामीले धेरै कुरा सिक्न सक्नु पर्दछ । यद्यपि, मार्क्सवादले प्रारम्भदेखि नै यस गलत प्रवृत्तिप्रति निरन्तर सचेत रहन निर्देशन दिइनै रहेको हो ।

त्यतिखेर ल्याटिन अमेरिकी देशहरूमा कम्युनिष्ट पार्टीका नाममा प्रायः सुधारवादी पार्टीहरूको बोलबाला थियो र सुधारवादी पार्टी र सरकारहरूले जनतामा भ्रम पारिरहेको र क्रान्तिलाई पछि धकेल्ने काम मात्र गरिरहेको चे ग्वेभाराले जुन निष्कर्ष निकालेका थिए, त्यो एकदमै सही थियो । तर त्यहींनिर के गलत निष्कर्षबाट चे ग्वेभारा ग्रस्त रहे भने,- सर्वहाराको कार्यक्रमविना, पार्टीविना, जनतामा आधारित क्रियाकलापविना जनताबाट कटेका दुई चार जना महान् वीरहरूको शस्त्रबलकै आधारमा मात्र क्रान्ति गर्न सकिन्छ । यो विशुद्ध सैन्यवाद थियो, हार यहींनिर भएको छ ।

चे ग्वेभाराबाट हामीले सिक्नु पर्ने कुरा यहीं हो र यसलाई पर्याप्त मात्रामा बुझ्न नसकिएको तथ्य झापा-विद्रोह लगायत वर्तमानको 'जनयुद्ध' जस्ता घटनावलीहरूले दिइनै रहेका छन् भन्ने मलाई लाग्दछ । ❑

जन्म: सन् १९००, दार्जिलिङ/मृत्यु: सन् १९८९



६

"माइला बाजे" नामले चर्चित रतनलाल ब्राम्हणले दार्जिलिङ्ग क्षेत्रमा कम्युनिष्ट आन्दोलनको शुरूवात गर्नुभएको थियो । यस विषयमा गतांकमा हामीले कसरी रतनलाल ब्राम्हण ४३ वर्षको उमेरमा कम्युनिष्ट हुनुभयो र कसरी बंगाल धारासभाका एम.एल.ए. बन्नुभयो भन्नेसम्मको विवरण प्रस्तुत गरेका थियौं । यस पल्ट प्रस्तुत छन्- त्यसपछिका घटनाक्रमहरू :

७

## झुक्दै नझुक्ने पहाडको छोरो

# "माइला बाजे"ले पुलिस छक्काए !

— मोहन .पी. दाहाल —

सोम कमानमा सभा थियो । मजदूरहरूले एम. एल. ए. बाजेलाई उजुर गरे- "बाजे, रसिनको चामल थोर पाउँछौं । तौलाई हेर्दा त ठीकै छ ।"

तुरून्त जाँचबुझ गर्न थाले । तौलाई हेरे, ठीकै छ । काठको पल्ला ओल्टाई-पल्टाई हेरे । चामल हाल्ने पल्लामा आधा सेर ढक लुकाईएको रहेछ । बाजे रीसले रातो भए । तौलिने मान्छे कालो-नीलो । मजदूरहरूको रसिनबाट चामल चोर्ने चोरहरू रहेछन्- म्यानेजरका दलाल, कमानकै मन्सी-बडाबाबूहरू ।

एकपल्ट तौलिंदा आधा सेर हाम् ।

रहस्यको भण्डाफोर भएपछि मजदूरहरूको टुपी तातियो । पाखुरा सुर्काउन थालिहाले । होहल्ला भयो । सोम कमानको म्यानेजर थियो- असबर्न साहेब । बंगाल धारासभामा कमानका मालिकहरूको प्रतिनिधि- एम.एल.ए. । आफूलाई राजै ठान्थ्यो । बजारबाट पहिलै पुलिस बोलाएर राखेको रहेछ । ती एम.एल.ए. बाजेलाई पक्रिन आए । मजदूरले बाधा दिए । अन्याय भएको प्रत्यक्षै थियो । विष्णु लिम्बुनीले रीस थाम्न सकिनन् । गुन्यू छोट्याइन् । पटुका कसिन् । र, अचानक पुलिसको हातबाट राइफल खोसिन् । विष्णुले त्यसो गर्छिन् भन्ने कसैले सोचेकै थिएनन् । सबै तीन छक्क । विष्णुको काल आएछ भन्ने सोचे । तर विष्णुलाई हात लाउने आँटै गरेन पुलिसले । बाजे विष्णुको छेउमा ठाडै थिए अनि उनको बानी पुलिसलाई पनि राम्रो थाहा थियो । बाजे र असबर्नको आँखा जुधे । धारासभामा कमानका मजदूर-प्रतिनिधि र मालिकका प्रतिनिधिको पहिलो पल्ट मुखामुख भयो । त्यसले वर्ग-संघर्षको रूप लियो ।

एम.एल.ए. बाजे कहिले जंगलबाट घोचा काटेर ल्याई मजदूरहरूको झुप्रो ठड्याउँदै हुन्थे । कहिले विरामी मजदूरलाई बोकेर बजारको अस्पतालमा पुऱ्याउँदै हुन्थे । कहिले भुटेका मकै मर्क्याउँदै ओडारमा गुप्त सभा गर्दै हुन्थे ।

मजदूरहरूले भने उनलाई देउतै ठान्न थाले । उनको फोटोलाई पूजाको थानमा राखे । बाजेले जब सुने, पहिले तोड रिसाए, फेरि हाँसे, अनि सम्झाए- हेर, देउता सेउता जान्दिनँ पनि, मान्दिनँ पनि । म तिमेरको साथी मात्रै हुँ । मैले जानेको र बुझेको भिनिदिन्छु । आपद्-विपद् पर्दा सकेको सघाउँछु । तर यो लडाइँ तिमेरकै हो । म त खेताला मात्र हुँ । साहेबले मलाई हट्टाबाहर गर्दैन, तिमेरूलाई गर्छ । मेरो रोज काट्दैन, तिमेरको काट्छ । रोज बढ्यो भने तिमेरूले पाउँछौं । सुत्केरी खर्च तिमेरूले नै पाउँछौं... ।"

मजदूरहरू उनका कुरा बुझ्न खोज्थे । बुझ्न थालेका थिए ।

बाजे जण्डा ड्राइभर । पहाडी बाटामा हावागाडी (मोटर) हावा जस्तो हाँक्थे । कुदाउन नसक्ने भीरमा उनले गाडी कुदाए । मान्छेहरू भन्थे- बाजेको मुटु छैन । मुटु भएको मान्छे त्यस्तो हुँदैन । मुटु त थियो तर असामान्य ! एक्सरे हेर्ने डाक्टर पनि पहिलोपल्ट त तीन-दङ । एक पल्ट गाडीसंगै भीरमुनि पुगे । ड्राइभर पर्तुमान आत्तिएर डाँडामाथि कराउँदै थिए- 'बाजे मऱ्यो ! बाजे मऱ्यो !' बाजेले आएर एक चड्कन दिंदा मात्र छाँगाबाट खसेजस्ता भए । तर पर्तुमानलाई पनि त्यस दिनदेखि शंका लाग्थ्यो- बाजे मान्छे हो के त ?

भारत स्वाधीन हुनुअघि र पछि, झण्डै चालीस पल्ट राजबन्दीका रूपमा जेल खपे । पाँच वर्षका लागि चुनिएका एम.एल.ए. बाजेलाई कांग्रेस सरकारले साढे तीन वर्ष जेलैमा सडाएर राख्यो । जम्माजम्मी प्रायः बाह्र वर्ष जेलमा बिताए । "साठीको दशकसम्मै मेरो जीवनको धेरै भाग जेल र अण्डरग्राउण्डमै बित्यो ।" कलकत्ताका जेलहरूमा बाजे "पहाडी लालसिंह"का नामले चर्चित थिए । अलिपुर सेन्ट्रल जेलमा थुनिएको समयमा पुलिस दलले उनलाई "सेल" मै कुटेर लाश बनाएको थियो । घुँडा र करङ्गहरू भाँचिदियो । आँखा बिगारिदियो । मलद्वारमा फलामे छड हालिदियो । विहोश, रगतपच्छे बाजेको शरीर विनाचिकित्सा 'सेल'मा फ्याँकिदियो । सहबन्दी साथीहरूले प्रचण्ड प्रतिवाद गरेकाले मात्रै जेल-अधिकारी उनलाई अस्पताल पठाउन बाध्य भए । नत्र विहोश बाजेको फेरि होश आउने सम्भावना थिएन । पुलिसले माया मारिसकेको । अस्पतालमा पनि घुँडादेखि झण्डै खुट्टो काटिदिएको । तर बाबुजस्ता डाक्टर जुरे । र, उनी राम्रै निको भए । फेरि मृगजस्तो कुद्ने भए ।

तेञ्जिङ शेर्पा बाजेका घनिष्ठ साथी । ४३-४४ सालमा दार्जिलिङ्गमा रिक्सावाल-डण्डिवाल युनियनका सभापति थिए बाजे, सेक्रेटरी तेञ्जिङ्ग ।

**अचानक तीन तले घरको पछिल्तिर झ्यालबाट दुई वटा जुत्ता र बाजे प्रायः सँगैसँगै इस्कुस घारीमा खसे ।**

# तेन्जिङ्ग शेर्पा बाजेको घनिष्ट साथी !

एभरेष्ट चढेर फर्केपछि दार्जिलिङ्गमा एउटा अभिवादन-सभा भयो। बाजे पनि गद्गद्। फूलको माला बोकेर साथीलाई बधाइ दिन पुगे। भीड थियो। पुलिस अफिसरले बाजेलाई रोक्यो। उनले आफ्नो मनशाय बताए। अफिसरले राता आँखा पारेर हपाऱ्यो। बाजे पनि कड्के। अफिसरले धक्का दियो। बाजेको देब्रे मुठ्ठी कसियो। दुई मुक्का ठोके। अफिसरले भुइँ चाट्यो। तारा देख्यो। बाजेले तेन्जिङलाई माला लगाए। तेन्जिङले बाजेलाई छातीमा टाँसे।

पुलिस र बाजेको ग्रह ठ्याम्मै नमिल्ने। ४८ सालमा कम्युनिष्ट पार्टी अवैध घोषित भएपछि त पुलिसलाई 'के निहुँ पाउँ कनिका बुकाउँ' भयो। ती शिकारी कुकुरभैँ बाजेको गन्ध पहिलाउँथे। घर घेरेर ढुक्थे। हप्तैपिच्छे घरभित्र पसेर कुनाकाप्चा खोदल्थे।

ओछ्यानसम्म पल्टाएर हेर्थे। बाजे अण्डरग्राउण्ड छन् रे- गाउँमा घाइँघुइँ सुनिन्थ्यो। अण्डरग्राउण्ड भनेको जमिनमुनि नै होला- सोझा गाउँलेहरू ठान्थे। बाजेको घरमुनि सुरङ छ- तिनीहरूलाई विश्वास थियो।

तिनताक दार्जिलिङ बजारलाई कमानहरूबाट आएको रातो जुलुसले निल्थ्यो। बजारका सभ्य भनाउँदाहरू ठुस्किन्थे- "यिनीहरूले हल्ला मच्चाउन थाल्यो। अब चीजबीजको दाम बढ्छ। कमाने कोदेहरूको नेता माइला बाजे।"

प्रायः साठीको दशकसम्म दार्जीलिङ्गमा धेरैले कम्युनिष्ट पार्टीलाई माइला बाजेको पार्टी भन्थे। कम्युनिष्ट पार्टी र माइला बाजे पर्यायबाची भैँ भएका थिए। विरोधीहरू गीतांगे डाँडाबाट छेरून्जेल चिच्च्याउँथे- "कम्युनिष्ट भएपछि आफ्नो भन्ने केही हुँदैन। सब पार्टीले हडप गर्छ। कमनिष्ट राजमा मन्दिर-मस्जिद, गिर्जा-गुम्बा सबै तोड्छ। बूढा बूढीलाई गोली ठोक्छ। केटाकेटीलाई चीन पठाउँछ। गोरूलाई जस्तो जोताउँछ। गधालाई जस्तो लदाउँछ। भनेको मानेन भने धोबी धुलाई गर्छ ......।"

दार्जीलिङमा पार्टी खडा गर्दा बाजेले फूलको माला थापेनन्। विरोधको ज्वाला खपे। आतंकको सामना गरे। खुकुरीको धारमा हिंडे। परिवारै समाजबहिष्कृत भयो।

बाजे जेलमै थिए। पुलिसले बज्यैलाई पनि गिरफ्तार गऱ्यो। मसिना फल्ट्याङ्ग-फुल्टुङ्ग काखमा लिएर उनले जेल खप्नु पऱ्यो। तर बज्यै झुकिनन्। अटल, अविचल रहिन्। पच्पन्न वर्षसम्म बाजेको आधा युद्ध बज्यैले लडिन्।

बाजे औंला भाँच्दै भन्थे- "पहाडमा हाम्रो पार्टी-अफिस विरोधीहरूले तेईस पल्ट तोडे, तीन पल्ट जलाए। तर हामी झुकेनौं। हाम्रा कमरेडहरूलाई खेदे, उठिबास लगाए। जीउँदै छाला काढेर नून खोर्सानी दले। गोली ठोके। काटे, मारे। तर हामी मासिएनौं।" उनी पार्टीका अगुवा। जीवनभर आफ्नो सिद्धान्तमा अडिग। एक सुता यता-उता सरेनन्। छेपाराले भैँ रंग फेरेनन्। हरिया भिँगाभैँ भन्केनन्। स्यालभैँ दबेनन्। बिक्री भएनन्। "जुनै पार्टी गर, तर आफ्नो टाउको नबेच" ...उनको मान्यता। बाजे कम्युनिष्ट पार्टीका 'होलटाइमर' थिएनन्, तर पार्टीलाई बाबुले भैँ माया गर्थे। आमाले भैँ स्याहार्थे।

पचपन्न सालमा दार्जीलिङका चिया कमानहरूमा ठूलो हड्ताल भयो। प्रशासनको तिघ्रा काम्यो। सरकारको आन्दा छुत्तिखेल्यो। बाजे र देवप्रकाशलाई गिरफ्तार गर्ने हुकुम भयो। वारेन्ट निस्कियो। दुवै अण्डरग्राउण्ड।

एक दिन दिउँसै ठूलो पुलिस बाहिनीले बाजेको घर घेऱ्यो। उनी घर पुगेको कुरो कसैले पोल हालिदिएछ। हातहतियारले सजिएका काँधिएका पुलिसहरू बारी, गोठ, मास्तिर-मुन्तिर चारै दिशा छप्छप्ती थिए। उनलाई लाग्यो, अहिले नै नेता पुलिसको हातमा पर्नु हड्ताल बिथोल्नु हो। अचानक तीन तले घरको पछिल्तिर झ्यालबाट दुई वटा जुत्ता र बाजे प्रायः सँगैसँगै इस्कुस घारीमा खसे। राइफलधारी पुलिसहरूले आकाशबाट के खस्यो, ठम्याउनै नपाई बाजे मुनिल्लो गरामा उफ्रे। राइफल तेर्स्याउँदा नतेर्स्याउँदा अझ तल्लो गरामा पुगे। बाजेको भाग्य भनौं वा संयोग, त्यसैबेला उँधोबाट उँभो मडारिएर आउँदै गरेको बादलले उनलाई छोप्यो। पुलिस अल्मल्लिए। फायर गरे। घरमा छोरी चिच्चाई- बाबा...।



परिवारका सदस्यको मन चिसो भयो। बादल फाट्यो। त्यहाँ न बाजे थिए, न बाजेको छायाँ। ती अल्ने। बज्यै निश्चित भइन्। पुलिसहरू फायर गर्दै ओह्रालै कुदे।

यो घटना हेरिरहेका गाउका सुवेदार बूढा तीन छक्क परेर कराउन थाले- "बाजे उड्यो ! बाजे उड्यो !!" साँच्चै बाजे पुलिसलाई छक्याएर कता उडे, कता। पछि भन्थे- "घाँस काट्दै गरेको एउटा गोठालोको डोको बोकेर बोरा ओढी घाँस काटे भैँ गरी पुलिसको पहुँचबाट टाढा पुगें।" तर सुबेदार बूढा पत्याउँदैनथे। भन्थे- "होइन हौ, बाजे उडेकै हो। मेरै आँखाले देखेको।"

बाजे आफ्नो मत र मान्यतामा अचल। तर कसैले उनको दोष त्रुटी देखाइदियो भने तुरून्तै स्वीकार गर्ने। "मेरो भनाइ र गराइमा कतै गल्ती छ भने, कसरी छ बुझाऊ म तिमीलाई गुरू थाप्छु" भन्थे। तर उनका साधारण कुरामा पनि तर्क, व्यावहारिकता, सत्य र तथ्य खाँदिएर भरिएको हुन्थ्यो। "मभन्दा ठूलो मान्छे संसारमा कोही छैन, अनि मभन्दा सानो पनि कोही छैन"- आफ्नो तर्कलाई उनी काँटी ठोके जस्तो ठोक्थे।

वास्तवमा माइला बाजे थिए- शोषक, अन्यायी र अत्याचारीहरूका निम्ति यमदूत। गरीब, शोषित, खटीखाने हली, कोदाले, कुल्ली र मजदूरहरूका मुक्तिदूत। मानवीयताका प्रतीक। जीवनभर कर्तव्यलाई नै धर्म माने, पूजाआजालाई ढोंग। '४४ सालमा कम्युनिष्ट भएरै गोर्खा लीगमा पसे। मत मिलेन। कम्युनिष्ट भएरै निस्के। '४६ सालमा बंगालको धारासभामा प्रथम पल्ट नेपालीमा बोल्ने प्रयास गरे। '७१ सालमा भारतको पार्लियामेन्टमा नेपालीमै बोलिछाडे। उनी भारतमा ब्रिटिश शासनका कट्टर आलोचक तर समय (टाइम) भने अंग्रेजले भै पालन गर्थे। पार्टीको सभामा ठीक समयमा पुग्थे। ढिलो पुग्नेहरूको सातो टिप्थे। उनी पार्टीको आत्मालोचनाका स्तम्भ। कुनै कुरो तलमाथि भएको थाहा पाए भने मिनिस्टर हुने कमरेडहरूको पनि धतुरो झार्थे। तोप जस्तो पड्किन्थे- "पार्टी कसैको बाबुको बिर्ता होइन। यहाँ सर्दारी चल्दैन।"

फुर्मास पटक्क मन नपराउने। "सबैले आफ्नो काम आफै गर्नु पर्छ"- उनको विचार। बाजेले नब्बे टेकिसकेका थिए। कान राम्रो सुन्दैन थिए। आँखा राम्रो देख्दैन थिए। हात काम्थ्यो। शरीर थियो असहाय। रोगग्रस्त। तर अन्तसम्मै दारी-जुँगा आफै खौरन्थे, केश आफैं काट्थे। छाती फुकाएर हिंड्थे। कलकत्ताको घुइँचोमा पनि बस र ट्राममै चढ्थे। उनको भनाइ थियो- "साह्रै जरूरी परे मात्र ट्याक्सी, नत्र बस ट्राम।"

बाजेका सम्पूर्ण कामकाज आँखैले देखेका छन्, बुझेका छन् ६० उँभोका जीवित बूढापाकाहरूले। आधाउधि देखेका छन् तर सबै जान्दछन् ४० र ६० माझकाहरूले। एकाध कुरो देखे तापनि निक्कै सुनेका छन् ३० र ४० माझकाहरूले। केही सुनेको मात्र भए पनि अब जान्ने बुझ्ने चेष्टा गर्दैछन् ३० उँधोकाहरूले। यति हो, उनी मान्छे भएर मान्छे जस्तै बाँच्न सके। बाँच्न सिकाए।

स्कूल टेक्न नपाएको मजदूर केटोले भारतको पार्लियामेन्ट टेक्न पुग्छ भनेर कसले कल्पेको थियो ? अर्काको घरमा भान्से काम गर्ने गरीब केटोले पार्लियामेन्ट थर्काउँछ भनेर कसले सोचेको थियो ? दार्जिलिङको मुर्दाहट्टीमा घाँस काटी पेट भर्ने; लाश लाँदा छरेका पैसा बटुली खाजा किनेर खाने टुहुरो बालक माइला बाजे पछि गरीब, शोषित, पीडितहरूका नेता हुनपुगे। खटीखानेहरूका गुरू हुन पुगे। कुल्ली-ज्यामी, हली, कोलाले, पाखुरेहरूका आँखाका तारा हुन पुगे। चिया कमानको मजदूर आन्दोलनका पथिकृत हुन पुगे। नेपाली भाषा-आन्दोलनका सेनापति हुनपुगे।

ती विप्लवी ब्राम्हण कहिल्यै रूकेनन्। कहिल्यै झुकेनन्। न अंग्रेजको अघि, न कांग्रेसको अघि; न नक्सल-पन्थीको अघि; न गोर्खे-गेस्टापोहरूको अघि। न उनलाई रोग-शोक-भोकले झुकाउन सक्यो; न धम्की, धमास र लोभलालचले। ती सधैं ठाडै रहे। भाँचिएनन्, टुक्रिएनन्, लत्रिएनन्। चालीसको दशकमै उनी चोक बजारको सभामा गर्जिन्थे- "म मरे भने पनि कुकुरजस्तो मर्दिनँ।"

साँच्चै, बाजे शानसँग बाँचे। शानसँग मरे। ❑ (समाप्त)

(साभारः "झुक्दै नझुक्ने पहाडकोछोरो", मुक्ति प्रकाशन)

**दार्जिलिङको मुर्दाहट्टीमा घाँस काटी पेट भर्ने, टुहुरो बालक पछि गरीब, शोषित, पीडितहरूका नेता हुनपुगे।**

# छेपारो



यस पटक हामीले प्रसिद्ध रुसी लेखक आन्तोन चेखभको एक चर्चित कथा "छेपारो" लाई यहाँ प्रस्तुत गरेका छौं ।

जारकालीन रुसी समाजमा ब्याप्त चाप्लुसी प्रथाको राम्रो चित्रण उहाँले यस कथामा गर्नु भएको छ । टोकाहा कुकुर जर्नेलको हो भन्ने सुन्न नपाई थानेदारको बदलिएको राय-ठहर देख्दा यसले हाम्रै वर्तमान समाजको पनि एक झलक प्रस्तुत गरेको महसुस हुन्छ ।

चेखभ सन् १८६० मा रुसको तागानरोग शहरमा जन्मनु भएको थियो । १९०५ को रुसको असफल पूँजीवादी क्रान्तिभन्दा एक वर्षअघि सन् १९०४ मा उहाँको मृत्यु भएको थियो ।

-मूल्याङ्कन

## ❑ प्रसिद्ध रुसी लेखक चेखवको कथा

थानेदार अचुमेलभ नयाँ ओभरकोट लगाएर बजारको चोकतिर जाँदैथियो । उसको हातमा एउटा पोको थियो । रातो कपाल भएको पुलिस एउटा टोकरी समातेर उसको पछि पछि लाग्दै थियो । त्यो टोकरी जफत गरिएको बन्यवदरीले टम्म भरिएको थियो । चारैतिर शान्ति थियो... बजारमा कतै मुसोसम्म देखिंदैनथ्यो । पसलहरू र भट्टीहरूका खुल्ला ढोकाहरू कुनै भोका जंगली जनावर झैं उदास दृष्टिले आकाश ताक्दै थिए । बजारमा कतै माग्नेहरूसम्म देखिंदैनथे ।

"बडो टोक्ने भएको, चाण्डाल कहिंको !"- अचुमेलभले अकस्मात् सुन्यो- "ए, केटो हो ! लौ समाउ त्यसलाई , भाग्न नपाओस् । अचेल टोक्न मनाही छ, समाउ ! हैं...हैं !"

कुकुर चिच्याएको आवाज सुनियो । अचुमेलभले फर्केर हेऱ्यो र देख्यो, व्यापारी पिचूगिनको काठ गोदामबाट तीन खुट्टाले टेक्दै एउटा कुकुर दौड्दै आइरहेको थियो । कलपदार सूती कपडाको कमीज लगाएको एक जना मान्छे कुकुरलाई लखेट्दै थियो । उसको इस्टकोटको टाँक खुलेको थियो । त्यो मान्छे हामफाल्यो, तेर्सो परेर लड्यो र त्यसले कुकुरको पछिल्लो खुट्टा समात्यो । कुकुर चिच्याएको आवाज सुनियो । "नछोड, त्यसलाई !"

फेरि त्यही आवाज सुनियो । वरिपरिका पसलहरूबाट भर्खरै निद्राबाट बिउँझेका जस्ता अनुहारहरू देखा पर्न थाले र छिट्टै काठ गोदामनेर मान्छेहरूको भीड लाग्यो, मानौं ती सब मान्छेहरू भर्खरै जमीन फाडेर निस्केका हुन् ।

"हजूर ! त्यहाँ केही गडबड भए जस्तो लाग्छ ।" पुलिसले भन्यो ।

अचुमेलभ देब्रेतिर फर्क्यो र भीडतिर लाग्यो । काठ गोदामको ढोकैनेर त्यो मान्छे उभिएको थियो, उसको इस्टकोट खुल्ला थियो, उसले आफ्नो दाहिने हात उठाएको थियो र भीडलाई आफ्ना रगताम्य औंला देखाउँदै थियो । रक्सीले मात्तिएको उसको अनुहारमा स्पष्ट लेखिएको थियो- "पर्खी बद्माश !"

उसको माथितिर तेर्सिएको औंला चाहिं विजयको रातो झण्डा जस्तो लाग्थ्यो । अचुमेलभले त्यो मान्छेलाई तुरुन्तै चिनिहाल्यो, त्यो मान्छे सुनार ख्यूकिन थियो ।

भीडको बीचमा अघिल्ला खुट्टा फैलाएर यस हुलदंगाको मुख्य अपराधी- सेतो ग्रे-हाउण्ड छाउरो थर थर काँप्दै बसिरहेको थियो । छाउरोको थुतुनो लाम्चो थियो र पिठ्यूँमा पहेंलो दाग थियो । छाउरोको आँसुले भरिएका आँखामा त्राश र विरक्तिको भावना देखिन्थ्यो ।

"के हो यस्तो भीड ?" अचुमेलभले भीडभित्र घुस्दै सोध्यो- "किन भीड जम्मा गरेको ? तँ किन यसरी औंला तेर्स्याएर उभिएको नि ?... को हो चिच्याउने ?"

"हजूर, म चूपचाप आफ्नो बाटो लाग्दैथिएँ," ख्यूकिनले मुखतिर हात लैजाँदै खोक्यो र भन्न थाल्यो- "मित्री मित्रीचसंग दाउरा किन्ने कुराकानी गर्नु थियो । थाहा छैन किन हो, अचानक यस बदमाशले मेरो औंला टोकिदियो...... हजूर माफ गरिबक्सियोस्, म जे भए पनि काम गरेर खानुपर्ने मान्छे...... हजूरलाई थाहा नै छ कति गाऱ्हो काम छ हाम्रो । अब त यो औंलाले गर्दा म एक हप्तासम्म काम गर्न सक्तिनँ हुँला । मलाई हर्जाना दिलाइबक्सियोस्... हजूर, कुकुरले टोक्दा चूपचाप सहेर बस्नुपर्छ भन्ने कुरा कानूनमा पनि त कतै लेखिएको छैन... सबै कुकुरहरूले यसरी टोक्न थाले भने त संसारमा बाँच्नै मुश्किल पर्न जान्छ ...।"

"ए... ठीक छ ...।" अचुमेलभले खोक्यो र निधार खुम्च्याउँदै भन्न थाल्यो- "ठीक छ ... कसको कुकुर हो यो ? म यो कुरा त्यसै छोड्दिनँ ! कुकुर छाडा राख्ने यी मान्छेहरूलाई म "मजा" नचखाई छोड्दिनँ । नियम कानून तोड्ने यी महानुभावहरूलाई अब ठीक नपारी भएको छैन ! यस्तो जरिवाना ठोकिदिन्छु, पाजीहरूको दिमाग तुरुन्तै ठीक भइहाल्छ, कुकुरसुकुर, जीवजन्तुहरूलाई छाडा राख्ने यी महाशयहरूको सब मजा खतम पारिदिन्छु । यी पाजीहरूलाई म ठीक गर्छु ! येल्दीरिन !"

-पुलिसतिर फर्कदै थानेदार चिच्यायो, "पत्ता लगा त कसको कुकुर रहेछ यो ? अनि एउटा रिपोर्ट पनि तयार गरिहाल् ! कुकुरलाई चाहिं खतम पारिदिनू, तुरुन्तै ! के ठेगान र, बहुलाएको हुन सक्छ ... म सोध्दै छु, कसको कुकुर हो यो ?"

"जर्नेल जिगालभको हो क्या रे !" भीडबाट कसैले भन्यो ।

"जर्नेल जिगालभको रे ? ए ...येल्दीरिन, खोइ मेरो ओभरकोट फुकाल् त, कस्तो गर्मी त हैं !... पानी पर्लाजस्तो छ... एउटा कुरा म बुझ्न सक्तिनँ, कसरी टोक्न सक्यो तँलाई यस कुकुरले ?" ख्यूकिनतिर फर्कदै अचुमेलभले सोध्यो- "कसरी यसले तेरो औंला भेट्टायो ? यति फुच्चे कुकुर छ यो, तँ चाहिं यस्तो हट्टाकट्टा मान्छे छस् ! कीला-सीलाले घाउ पारिस् होला, बडो हर्जाना तिराउने भएको ? कसले चिन्या छैन र तँलाई ?! बुझ्या छु मैले तिमीहरूको सब बदमाशी !"

"यसले कुकुरको थुतुनोमा सल्केको चुरोट झोसिदिएको थियो हजूर, ठट्टै ठट्टामा, कुकुरलाई त के चाहियो र, टोकिदिइहाल्यो... उल्लू मान्छे हो, हजूर !"

"ए कानो, किन झूठो बोल्छस् ? तैंले देखेको थिइस् र ? थानेदार साहेब आफैं बुद्धिमान होइबक्सिन्छ । को झूठो बोल्दैछ, को साचो भन्ने कुरा राम्ररी छुट्याउन सकिबक्सिन्छ । मैले झूठो बोलेको रहेछु भने म अदालतमा खडा हुन तयार छु । अचेल कानूनको अगाडि सब समान हुन्छन्... मेरो भाइ पनि पुलिसमा काम गर्छ... थाहा पाउन चाहनु हुन्छ भने...।"

"चूप लाग् !"

"होइन, यो जर्नेल साहेबको कुकुर होइन ...।" पुलिसले बडो गम्भीरतापूर्वक भन्यो- "जर्नेल साहेबको यस्तो कुकुरै छैन । जर्नेल साहेबकहाँ त सब शिकारी पौण्डरहरू मात्र छन् ।"

"तँलाई राम्ररी थाहा छ ?"

"हो हजूर, मलाई राम्ररी याद छ ...।"

"म पनि त त्यही भन्दैछु । जर्नेल

साहेबका सब कुकुरहरू एक से एक महँगा, असल जातका छन्, यस्तो पनि कहीं कुकुर हुन्छ र ? सिकुटे, हेर्दै घीनलाग्दो...थाहा छ पिटर्सबर्गमा अथवा मास्कोमा यस्तो कुकुर सडकमा भेट्टाए भने के गर्छन् ? त्यहाँ कानून-सानून भनिरहँदैनन्, एकैचोटी सफाचट् पारिदिन्छन् ! तँ ख्यूकिन, घाइते भएको मान्छे, चूप लागेर नबस्... यिनीहरूलाई ठीक नपारी भएको छैन ! यसरी त काम चल्दैन !"

"जर्नेल साहेबकै पो हो कि ...।" केही सोच्दै पुलिसले भन्यो- "यसको थुतुनोमा त केही लेखिएको छैन...जर्नेल साहेबको चोकमा हिजो मात्र मैले यस्तै कुकुर देखेको थिएँ ।"

"हो, हो, जर्नेल साहेबकै हो !" भीडबाट कसैको आवाज सुनियो ।

"हँ, हँ...येल्दीरिन, खोइ ओभरकोट लगाइदे त मलाई... हावा चल्न थाल्यो... सर्दी लागे जस्तो छ... । तँ यो कुकुर लिएर जर्नेल साहेबकहाँ जा र बुझ् ! मैले सडकमा भेट्टाएको थिएँ र पठाएको भन्नू !... सडकमा नछोड्नु भन्नू... कति महँगो कुकुर होला... हरेक सुंगुरले यसको नाकमा चुरोट झोक्न थाल्यो भने बिचरा कुकुरको के दुर्गति होला ?! कुकुरहरू बडो नाजुक हुन्छन्... ए तँ गधा, के हात तेर्स्याएर बस्छस् ? तेरो उल्लू औंला हेरेर बस्ने यहाँ कसलाई पो शोख छ र ! आफै बदमाशी गरेर हिंड्छस् !..."

"ऊ जर्नेल साहेबको भान्छे आउँदै छ, उसैलाई सोध्नु पर्छ... ए प्रोखर ! भाइ, यता आइज त ! हेर् त यो कुकुर...जर्नेल साहेबको हो ?"

"होइन, कसले भनेको ? हामीकहाँ कहिल्यै यस्तो कुकुर थिएन !"

"सोधपूछ गरिरहने कुरै के छ ?" अचुमेलभले भन्यो- "भुस्या कुकुर हो, कुरा सकिहाल्यो, केलाई बेकारमा समय बरबाद गरिरहनु... गल्ली-कुकुर भनेको गल्ली-कुकुर नै हो । मारिदिएपछि सब खेल खत्तम भइहाल्छ ।"

"यो हाम्रो कुकुर होइन," प्रोखरले भन्न थाल्यो- "यो जर्नेल साहेबको भाइको कुकुर हो । हालसालै आइपुग्नु भएको छ । जर्नेल साहेब त ग्रे-हाउण्ड कुकुर पटक्कै मन पराउनु हुन्न, तर भाइ साहेबलाई चाहिं मन पर्छ...।"

"जर्नेल साहेबको भाइ आउनु भएको रहेछ ? भ्लादिमीर इभानोभिच आउनु भएछ त ?" अचुमेलभले मुस्कुराउँदै सोध्यो र भावावेशले उसको अनुहार चम्कन थाल्यो ।- "हे भगवान, कसरी थाहा भएन मलाई ? धेरै दिनको लागि आउनुभएको हो कि ?"

"अझ केही दिन बस्नुहुन्छ ...।"

"हे भगवान... दाजुलाई भेट्न आउनु भएको रहेछ... मैले चाहिं चाले पाइन ! त्यसो भए भाइसाहेबको कुकर रहेछ ? कस्तो मजाको कुरा हैं ! लिएर

**"कुकुरले टोक्दा चूपचाप सहेर बस्नुपर्छ भन्ने कुरा कानूनमा पनि त कतै लेखिएको छैन..."**



जा, यो कुकुर राम्रो कुकुर छ... हेर्दै कस्तो छट्टू देखिन्छ... यसको औंला चाहिं गजबले टोकिदिएछ ! हा-हा-हा... भइहाल्यो, किन यसरी काँप्दैछस् ? च-च... बदमाश रिसाए जस्तो छ हैं !... कस्तो गजबको कुकुर छ त हैं...।"

प्रोखरले कुकरलाई डाक्यो र आफूसंगसंगै लिएर गोदामबाट घरतिर लाग्यो...भीडले ख्यूकिनलाई जिस्क्याउन थाल्यो ।

"म तँलाई ठीक पार्छु !" अचुमेलभले उसलाई धम्की दिंदै भन्यो र आफ्नो ओभरकोटको टाँक लगायो, अनि बीच बजार हुँदै आफ्नो बाटो लाग्यो ।

❑

सन् १८८४

अनु.- राजेन्द्र मास्के

---

साहित्य/कविता

नेपाली प्रगतिशील साहित्य क्षेत्रका एक जना सृजनशील युवा कवि हुनुहुन्छ- विजय सुब्बा । गीत-संगीत र राजनैतिक क्षेत्रमा पनि उहाँ सक्रिय हुनुहुन्छ । यस पटक हामी प्रस्तुत गर्दैछौं- उहांका तीन छोटा कविताहरू ।

# तीन छोकहरू

-विजय सुब्बा

## अराजक हुल

(इमानदारहरूलाई...)

ए मेरा अति सौविध्य साथी !
तिमी र म बीचको पुल खसेको छ
एउटै चट्टानलाई विभाजन गर्न
शायद कतैबाट शूल पसेको छ
खोलामा खुट्टा गाड्नै पर्ने भयो
हामी बीच अन्तर्घाती मूल फँसेको छ
तिमी पारी किनार दोडिरह्यौं सकुन्जेल
म वारी किनार दौडिरहें मरुन्जेल
शंका छ, हामीलाई एक्लाएक्लै दौडाउने
यहाँ एउटा अराजक हूल बसेको छ ।

## रहर

(धैर्यता टुटेकाहरूलाई...)

अब रहरमा व्यक्तित्व जम्ने
फेरि अर्को रहर बाँकी छैन
रहर रहरमै उठ्ने कुनै
फेरि अर्को प्रहर बाँकी छैन
आफूलाई त धोका दिंदा दिंदा गरें
अझै थप धोका दिउँ भने
मसंग हिम्मतको अब
कुनै ठहर बाँकी छैन ।

## मुँगा

(नेताहरूलाई...)

आफैं टुक्रिएर पनि घर बसाइदिने
म ज्यादै कच्चा ढुंगा भएछु
सारा जीवन पानीमा रहेर मान्छे तार्ने
म कसैको टाप-डुङ्गा भएछु
कोही भन्छन्- कसैको अपराध छोप्ने
सजाइएको फूलको थुँगा भएछु
मेरो जीवन देख्दा मलाई चाहिं लाग्छ
-म जसले जेमा पनि लाए हुने मुँगा भएछु ।

❑

(छोक= छोटा कविता)

# असिना कसरी पर्दछ ?



पानी त बालीको लागि चाहिन्छ नै, तर कहिलेकाहीं पानीको साथसाथै भीषण असिना पनि पर्ने गर्छ । यसले पाकेको बालीलाई सोत्तर पारिदिने पनि गर्छ ।

असिनाको आगमन ! किसानको लागि शत्रुको आगमन !

तर असिनाको यो प्रकोपलाई सहन किसानहरू बाध्य छन्, किनकि असिना एक प्राकृतिक प्रोकाप हो । अहिलेसम्म यो प्रकोप मानवीय नियन्त्रणभन्दा बाहिर छ ।

आखिर असिना के हो त ?

कहिलकाहीं पानी पर्दा पानीका थोपाहरू बरफका टुक्राहरूका साथसाथै आकाशबाट जमीनमा खस्दछन् । आकाशबाट जमीनमा खस्ने यी बरफका टुक्राहरूलाई नै असिना भनिन्छ । असिना पर्दा आकाशलाई कालो बादलले ढाकेको हुन्छ र लगातार जस्तो मेघ गर्जिरहेको हुन्छ ।

असिना कसरी पर्दछ ?

पानीका अत्यन्तै स-साना असंख्य कणहरू (Droplets) को झुण्ड नै बादल हो । ती सबै कणहरूको साइज झण्डै एकै प्रकारको हुन्छ । र, तिनीहरूलाई हावाका धारहरूले नियन्त्रण गरेका हुन्छन् ।

माथि माथि बहने हावाले बादललाई माथि माथि लैजान्छ । बादलमाथि पुग्दा त्यसमा रहेका पानीका ठूला कणहरूमा नजिकका अरू पानीका साना कणहरू आकर्षित भई त्यहाँ अझ ठूला कणहरू बन्दछन् । र, ठूला कणहरूले साना कणहरूलाई आकर्षण गरी आफैंमा मिलाएर झन् झन् ठूला कण बनाउने प्रक्रिया जारी रहन्छ । यो प्रक्रियाबाट अन्तमा हावाले थेग्न नसक्ने ठूला पानीका थोपाहरू बन्छन् र जमीनमा खस्छन् । यसलाई हामी पानी परेको भन्छौं ।

बढी घनत्वका बादलहरू माथि आकाशमा तीव्र गतिमा यताउति बहँदा विपरीत (ऋणात्मक र धनात्मक) चार्जका बादलहरू जुध्नाले धेरै ठूलो परिमाणको विजुली शक्ति उत्पन्न भई विजुली चम्कने र मेघ गर्जने हुन्छ । यस्तो अवस्थामा त्यहाँ उत्पन्न भएको ठूलो परिमाणको शक्तिले पानीका थोपाहरूलाई माथि बरफ बन्ने अत्यन्त चिसो हावाको तहसम्म पुऱ्याइदिन्छ र त्यहाँ तिनीहरू बरफका टुक्राहरूमा परिणत हुन्छन् । तिनै टुक्राहरू हावामा अड्न नसकी तीव्र गतिमा जमीनमा खस्न पुग्छन् । यसैलाई हामी असिना परेको भन्दछौं ।

यी साना साना असिना अलि तल आइपुगी ठूला ठूला थोपा पानीसंग मिसिएर त्यहाँ लगातार उठिरहेको विजुलीको शक्तिद्वारा पुनः धकेलिएर माथि जाने पनि गर्छन् । माथि गई चिसोले जमेर तिनीहरू तल झर्दा ठूला असिना परेको हामी पाउँछौं ।

तर असिनारूपी ती बरफका टुक्राहरू सँधै जमीनको सतहसम्म पुग्दैनन् । कैयौं अवस्थामा त बरफका टुक्राहरू जमीनतर्फ खस्दा बीचमा न्यानो हावाका तहहरूसंग सम्पर्कित भई पग्लेर पानीको थोपा बनिसकेका पनि हुन्छन् । त्यसैले मेघ गर्जने बादल आकाशमा हुँदैमा सधै असिना पर्दैन, कहिलेकाहीं मात्र पर्दछ ।

❑ **तुल्सीदास महर्जन**, *स्रोतः अर्थ साइन्स*

# वैज्ञानिक वा आविष्कारक हुन त्यति सहज छ र ?

**-डा. नारायण पोखरेल**



नेपाली युवाहरू प्रोत्साहित होउन् भन्ने असल उद्देश्य राखेर नेपालमा विज्ञान प्रविधिको क्षेत्रमा कार्य गरिरहेका केही युवाहरूका बारेमा आफ्ना गतांकहरूमा "मूल्याङ्कन"ले र यसको सहप्रकाशन "नव युवा"ले प्रशंसनीय प्रस्तुति गरेको छ । तर जसलाई जहाँ मनलाग्यो, त्यहाँ गरिने शब्द प्रयोगले पद, अलंकार वा मानको वास्तविक महत्व कम पो हुने हो कि भन्ने डर सबैलाई लाग्नु पर्दछ र त्यसैले, उपयुक्त स्थानमा उपयुक्त शब्दावलीको प्रयोग भइदिए साँचो अर्थमा सबैको मन जित्न सकिने छ भन्ने कुरा "मुल्याङ्कन" र "नव युवा"ले मनन् गरिदिए राम्रो हुन्थ्यो भन्ने आग्रहका साथ यो टिप्पणी लेखिदै छ ।

विज्ञानका उपलब्धिलाई सहज रूपले र अरूभन्दा चाँडो बुझ्ने शिल्पी युवाहरूको निम्ति यही नै विशेषण प्रयोग गरिनु पर्छ भन्नुभन्दा पनि, "नव युवा"ले र "मूल्याङ्कन" समेतले अत्यन्त परिश्रम गरेर पनि 'वैज्ञानिक', 'प्राविधिज्ञ' अथवा 'आविष्कारक' जस्ता शब्दहरूको प्रयोगमा न्याय गर्न सकिरहेको देखिदैन । त्यसैले चर्चा यसैमा केन्द्रित हुनु उचित देखिन्छ ।

पृथ्वीको प्रत्येक जीवले यौटा नियमित तालिकामा काम गर्दछ, जुन हरेक दिन दोहोरिन्छ । सो तालिका जीवहरूमा भौगोलिक अवस्थिति, भौतिक (तापक्रम, प्रकाश, आद्रता आदि) तथा रसायनिक अवस्थाका अलावा मानवमा संस्कृति र परम्पराको प्रभावमा हुन्छ । चाल नपाइने धिमा गतिमा तालिकामा हुने परिवर्तनले जीवमा अनुकुलन (adaptation) ल्याउँदछ भने, एक्कासी परिवर्तनले विनाश निम्त्याउँदछ ।

यस्तै नियम पृथ्वी आफ्नै पनि हुन्छ । यिनै नियमहरूको गुत्थी खोल्ने काम विज्ञानले गर्दछ । अर्थात्, प्रकृतिमा भएका वस्तुहरू (जीव वा निर्जीव) किन त्यस्तो प्रकारले मात्र काम गर्न सक्दछन्, जसरी तिनीहरू अहिले देखिएका छन् ?- यही बारेको अध्ययन गर्ने फाँट विज्ञानको हो ।

यसरी विज्ञानले समग्रमा भौतिक जगतकै ज्ञान दिलाउँदछ । यी नियम बारेको ज्ञान लिन सक्षम व्यक्तिहरूलाई वैज्ञानिक (Scientist) भनिन्छ । यिनीहरूमार्फत् प्राप्त ज्ञानको आधारमा प्राकृतिक स्रोतलाई मानव समाजको आवश्यकता-सामग्री (essential goods) र सेवाको निमित्त उपयोगी बनाउनु पर्ने फाँट चाहिं प्रविधिको हुन्छ र यससंग संबद्ध व्यक्तिलाई प्राविधिज्ञ (technologist) भनिनु पर्दछ ।

यस कुरालाई अझ राम्ररी उदाहरणको मद्दतले बुझ्न सकिन्छ ।

पृथ्वी केले र कसरी बनेको छ भनेर खुट्याउने काम विज्ञानको हो भने, पृथ्वीमा पाइने साधन-स्रोतलाई उपयोगी सामग्री निर्माणमा प्रयोग गर्ने उपाय सुझाउने काम प्रविधिको हुन्छ । यौटा वैज्ञानिकले पृथ्वी, ग्रह र ताराहरूको आपसी संबन्धको अध्ययन गर्दछ भने, प्राविधिज्ञले अंतरिक्ष यान बनाएर ग्रहहरूमा पुग्ने मार्ग प्रशस्त गर्दछ । वैज्ञानिकहरूले शरीरले कसरी कार्य गर्दछ भन्ने बारेमा दिएको व्याख्यानका आधारमा प्राविधिज्ञहरू कृत्रिम मुटु वा हात खुट्टा समेत बनाएर उपयोगमा

> **"नव युवा" र "मूल्याङ्कन"ले वैज्ञानिक भनी प्रस्तुत गरेका हाम्रा युवाहरुले के सर्वमान्य नियमहरु नै पत्ता लगाइसक्नु भयो ?**

ल्याउन सफल भएका छन् । त्यसैगरी, वैज्ञानिकहरूले वंशगुण-संहिता (Genetic Code) प्रकाशमा ल्याए र नै प्रविधिज्ञहरूले तिनको प्रयोग गरेर औषधी बनाउन सकेका छन् । त्यस्तै, वैज्ञानिकहरूले आँखाले भ्याउन नसकिने पदार्थको अस्तित्व पृथ्वीमा भएको कुराको सुराक दिनेबित्तिकै प्राविधिज्ञहरूले सुक्ष्मदर्शक यंत्र बनाएर ती सुक्ष्मजीवीहरूलाई विस्तृत रूपले अध्ययन गरेका हुन् ।

यसरी हेरेमा, विज्ञान र प्रविधि अलग अलग विधाहरू हुन्, तर तिनमा अन्योन्याश्रित संबन्ध छ । वैज्ञानिक र प्राविधिज्ञ अलग अलग व्यक्तित्वहरू

हुन्, तर तिनमा आपसी समझदारी भएन भने एक अर्काको अस्तित्व असंभव छ ।

प्राविधिज्ञहरू वैज्ञानिक होइनन्, वैज्ञानिकहरू पनि प्राविधिज्ञ होइनन्, तर एउटै व्यक्ति वैज्ञानिक तथा प्राविधिज्ञ हुन चाहिं सक्तछ ।

अझ यी भन्दा पनि फरक र विज्ञानमा महत्वपूर्ण व्यक्तित्व मानिने चाहिं आविष्कारक (discoverer) हुन्छन् । पृथ्वीमा यस्ता थुप्रै नियमहरू होलान्, ती आफैं बोल्दैनन्, तिनलाई लामो समयको खोज, अनुसंधान, त्याग र समर्पणपश्चात मात्र सार्वजनिक गर्न सकिन्छ । कैयौं नियमलाई जनसमक्ष ल्याउन वर्षौं पनि लाग्दछ । यसो गर्न सक्ने व्यक्तिलाई आविष्कारक भनिन्छ । र, त्यसैले हरेक वैज्ञानिक वा प्राविधिज्ञ आविष्कारक हुन पनि सक्तैन ।

"नव युवा" र "मूल्याङ्कन"ले वैज्ञानिक भनी प्रस्तुत गरेका हाम्रा यी युवाहरूले के यस्ता सर्वमान्य नियमहरू नै पत्ता लगाइसक्नु भयो ?

त्यसो भएको भए त्यसको विस्तृत विवरण समेत उपलब्ध गराउनु पर्दछ । अन्यथा, पिस्टन पम्पको फिटिङ्ग वा चस्मामा रेडियो जडान वा सल्फ्यूरिक एसीड घटघटी निलेकै आधारमा मात्र अल्वा एडीसन, न्यूटन वा आइन्सटाइनकै सरहको योगदान दिने नेपाली भन्ने अर्थ लाग्ने गरी विशेषण दिनु उपयुक्त होला र ? वहाँहरूलाई कुशल प्राविधिक (Skilled technician) वा विज्ञानकर्मी (Scientific worker) भनेर प्रस्तुत गरेको भए के वहाँहरूको अवमूल्यन गरेको ठहरिन्थ्यो होला र ?

म उहाँहरूको कामको सन्हाहना गर्दछु र आफ्नो क्षेत्रमा लागीरहन एवं थप विकास गर्न उहाँहरूलाई सफलता मिलोस् भन्ने कामना पनि गर्दछु । तर उहाँहरूको योगदानको पनि जुन सीमा छ, त्यसलाई बुझेर उपयुक्त विशेषण शब्द प्रयोग गरौं, यसो गर्दा भ्रम पर्ने संभावना रहन्न भन्ने मेरो आग्रह रहेको छ । ❑

## प्रसिद्ध भारतीय प्रगतिशील साहित्यकार

# प्रेमचन्दका कृतिहरूको टेलिफिल्म बन्ने



भारतमा टेलिभिजन कार्यक्रमसंग सम्बन्धित विभिन्न व्यक्तिहरुको ध्यान प्रशिद्ध प्रगतिशील साहित्यकार प्रेमचन्दका कथाहरुमा आधारित टेलिफिल्महरु बनाउनतिर तानिन थालेको छ । प्रेमचन्दका प्रसिद्ध कथाहरु "नमकका दरोगा", "इदगाह" र "जेबरका बक्सा" मा आधारित टेलिफिल्महरु काफी लोकप्रिय हुन पुगेको देखेर उनीहरुको थप ध्यान त्यतातिर गएको हो ।

प्रसिद्ध निर्देशक करण सुद यतिखेर बम्बइमा प्रेमचन्दका १३ वटा कथाहरुलाई टेलिफिल्मको रुपमा निर्माण गर्दैछन् । चर्चित कथाहरु "कौशल", "दूधका दाम", "एक्ट्रेस", "लटरी", "माँगेकी घडी", "निमन्त्रणा", "ईश्वरीय न्याय", "मुक्तिमार्ग", "दुर्गाका मन्दिर", "सती", "मन्त्र", "बुढी काकी" र "सौभाग्यके कोडे" यसनिम्ति छानिइसकेका छन् ।

निर्देशक करण सुद प्रेमचन्दका ती कथाहरुले दर्शकहरुमा अलग अलग सन्देश छोड्ने छन् भन्दै ती अत्यन्त रोचक पनि हुने विश्वास गर्छन् । उनले प्रेमचन्दका फिल्मांकन गर्न योग्य १५० वटा कहानीहरु आफूसंग भएको र यी १३ वटा कथाहरु लोकप्रिय ठहरिएमा तिनीहरुलाई लिएर पनि फिल्म निर्माण गर्नतिर आफू लाग्ने संकेत दिएका छन् । ❑


**WHY DO WE RECOMMEND MUKTESWOR PVC PIPE FOR SOIL, WASTE AND RAIN WATER DRAINAGE SYSTEM, AND ELECTRIC CONDUIT PIPE TO YOUR BUILDINGS, IRRIGATION AND DRINKING WATER SUPPLY TO YOUR PROJECT etc. ???**

- ECONOMY
- HIGH FLOW RATE
- ELEGANT LOOKING
- FIRM JOINING
- LIGHT WEIGHT
- IMPACT RESISTANT
- HIGH STANDARDS
- STABLE UP TO 60C
- CHEMICAL RESISTANT
- STRONG AND DURABLE-OVER 50 YEARS LIFE
- EXTREMELY EASY TO INSTALL
- NO WAITING TIME REQUIRED FOR JOINTS
- FIT AND MATCH WITH PVC FITTINGS
- AVAILABLE SIZE FROM 1/2" TO 8" DIAMETER
- PRESSURE CAPACITY 2.5 KG/CM2 TO 10KG/CM2

*FOR DETAILS ASK TO YOUR LOCAL HARDWARE SHOP OR CONTACT:*

**MUKTESWOR PIPE INDUSTRIES PVT. LTD.**

HEAD OFFICE:-
TEL : 420773
FAX : 977-1-420773
PUTALISADAK, KATHMANDU
FACTORY:- TEL.: 290697,
THANKOT, KATHMANDU

*हामीले पूर्णाङ्क ३५ मा भारतमा जन संस्कृतिको क्षेत्रमा ख्यातीप्राप्त कला समूह "निशान्त नाट्य मंच" का प्रमुख लेखक तथा कलाकार शमशुल इस्लामसंगको कुराकानी प्रस्तुत गरेका थियौं । यो उक्त कुराकानीको पहिलो खण्ड थियो । कुराकानीको दोस्रो र अन्तिम खण्ड हामीले यस पटक प्रस्तुत गरेका छौं । पहिलो खण्डमा पाठकहरूले निशान्त नाट्यमंचका अहिले भइरहेका कामहरू, भारतीय समाजमा प्रतिक्रियावादी सांस्कृतिक क्षेत्रको अवस्था एवं त्यसविरुद्ध त्यहांका प्रगतिशीलहरूको चासोको मात्रा र सक्रियताका बारेमा भएका कुराकानीहरू पढ्नु भयो । यस पल्टको विषय प्रतिक्रियावादी कला क्षेत्रको वर्तमान रबैया र प्रगतिशील क्षेत्रले त्यससंग जुध्नका निमित्त प्रयोग गर्नुपर्ने शैली वा रूप पक्षसंग संबन्धित छ ।*

◉ हरिगोविन्द लुईंटेल

# यो समय जन-कलाकारहरुले भाग्ने हैन, डट्नु पर्ने समय हो

-शमशुल इस्लाम

**आज प्रतिक्रियावादी सांस्कृतिक क्षेत्रले आफ्ना कलाकर्महरुमा कलात्मक विविधता व्यापक रुपमा ल्याएको छ, प्रगतिशीलहरुले पनि यो विविधता ल्याउनेतिर सोच्नु पर्दैन ?**

➤ हेर्नुस्, यसमा दुई वटा कुरा छन् ।

शासक वर्गले अहिले कलामा, टि.भी.मा, मंचमा नारीलाई नांगो पारेर घुमाउँदैछ । "देश-सुन्दरी" र "विश्व-सुन्दरी" भनी नारीलाई शरीरको आधारमा तौलेर प्रचार गरेर, खरिद गरेर समेत यो वर्ग नारीलाई आफ्नो नाफाको निम्ति कलाक्षेत्रमा प्रयोग गर्दैछ ।

के प्रतिक्रियावादीहरूको स्तरको कलात्मकता हासिल गर्ने नाउँमा हामीले पनि महिलाहरूलाई नांगो नचाउने र आफ्नो विचार प्रचार गर्ने ? -यस्तो त गर्ने कुरै आउँदैन । नारी जातिलाई अपमान गरेर, उपभोग्य बस्तुको रूपमा उपयोग गरेर उनीहरूले जुन जुन रबैयाहरू अप्नाइरहेछन्, तिनको नक्कल हामीले गर्ने त कुरै आउँदैन । तिनको त हामी सख्त विरोध गर्छौं ।

अर्को, प्रतिक्रियावादीहरू आफ्नो प्रचारको निम्ति 'दादागिरीवाला' कलालाई उपयोग गरिरहेछन् । आजकाल हाम्रो टि.भी.मा एउटा विज्ञापन आउँछ, जसमा देखाइन्छ- कुनै कंपनीको टेलिभिजन खुल्न नपाई त्यो हेरिरहेकी महिलाको सारी माथितिर उड्न थाल्छ । त्यस्तै, अर्को एक विज्ञापनमा कुनै रेडियो 'अन' हुन नपाई त्यसबाट आएको संगीतमा झुमेर घरका भाँडाकुँडा पनि बाहिर उडेर जानथाल्छन् ।

यस्तो बेतुक तरीकाले साम्राज्यवादीहरू आफ्नो प्रचार गरिरहेछन् । हामी यो तरिकाको पछि लाग्दैनौं, लाग्न चाहन्नौं । हामीले यस्ता शैलीको पछि लाग्नु हुन्न पनि ।

यी खाले शैलीहरूमा प्रशस्त चमक-दमक मिसिएका हुन्छन् । प्रतिक्रियावादीहरू यसरी चमक-दमक देखाएर जनतालाई देखाउन चाहन्छन् कि- "यी, हामी यत्ति धेरै बलिया छौं ।" यो बल देखाएर उनीहरू जनता र जनताको पक्षका कलाकर्मीहरू माथि रोब-रबाफको प्रभुत्व लाद्न खोज्छन् ।

तर उनीहरूसंग "हामी दादा छौं, बलिया छौं" भन्नु बाहेक "हामी साँचो र असल बोलिरहेछौं" भन्ने हिम्मत चाहिं छैन । किनभने, उनीहरू आफ्नो कलामार्फत् जुन विषयवस्तुहरू जनतामा लगिरहेंका छन्, ती विषयवस्तुरू जनताको जीवनको यथार्थसंग काटिएका र जीवनविरोधी समेत छन् ।


☞ **प्रतिक्रियावादीहरु शैलीमा "दादागिरी" देखाइरहेछन् र उनीहरुको "विषयवस्तु" जनविरोधी छ भने प्रगतिशीलहरुले चाहिं आफ्नो विषयवस्तु जीवनमुखी र असल हुँदाहुँदै पनि किन जनतामा व्यापक रुपमा लैजान नसकेको त ?**

➤ हो, म ठीक यही कुरा भन्न खोज्दैछु । हाम्रो समाजको शासक वर्ग साम्राज्यवादको आडमाथि उभिएर आफ्नो 'एजेण्डा' लिएर जनतामा गएकोगयै छ ।


यस स्थितिमा हामीले उनीहरूको जनविरोधी एजेण्डाका विरूद्ध हाम्रा जनपक्षीय एजेण्डाहरू जनतामा पुऱ्याउन पर्ने थियो । यसमा हामी पछि परिरहेका छौं । विषयवस्तुमा हामीलाई प्रतिक्रियावादीहरूले कुनै पनि हालतमा उछिन्न सक्दैनन् । यस्तो विषयवस्तु मात्रै पनि जनतामा लैजान हाम्रा राजनैतिक, सामाजिक रं सांस्कृतिक संगठनहरू गंभीर भएर लाग्नुपर्ने थियो । तर यसो नगरीकन आज कतिपय मानिसहरू "शैली" को मात्र कुरा उठाएर अलमल्लीरहनु भएको छ । यसलाई म ठीक मान्दिनँ ।

हामीसंग जे छ, त्यो मात्रै पनि हामी जनतामा पर्याप्त मात्रामा लागिरहेका छैनौं । जनतामा लैजाने हो भने हामीसंग भएको "कला" वा शैलीलाई पनि जनताले प्रतिक्रियावादीहरूको "दादागिरीवाला" शैलीभन्दा बढी नै मनपराउँछ । किनभने, त्यसमा उसको जीवन र यथार्थ स्वयं बोलिरहेको हुन्छ ।

प्रतिक्रियावादी कलाकर्महरूमा जीवनविरोधी विषयवस्तु कसरी कसरी समाहित भइरहेका छ भन्ने कुरा स्वयं




*भारतका प्रसिद्ध जन-कलाकार तथा लेखक समशुल इस्लामसंगको थप कुराकानी*



पनि हामी जनतालाई बुझाउनका निमित्त जान सक्छौं । हाम्रो निम्ति यो एउटा चुनौति पनि हो । यो चुनौति भनेको कुनै शैलीको चुनौति हैन । मूलतः यो चुनौती हामीले हाम्रो विषयवस्तुलाई जनतामा लैजानको निम्ति प्राथमिकिता दिनु वा नदिनुको चुनौति हो, जनतामा हामी जाने कि नजाने भन्ने कुराको चुनौति हो ।

जम्मामा, मेरो भनाइ यो हो कि- हामीसंग भएकै "शैली"को चाहिंदो उपयोग आहिले भइरहेको छैन । यस स्थितिमा "हाम्रो शैली उच्च नभएकोले जनतामा जान सकिएन" भनी कसैले भन्छ भने म त्यस भनाइलाई अस्वीकार गर्छु ।

यो त भाग्ने दाउ मात्र हो । पन्छिने बाटो मात्रं हो ।

☞ **प्रगतिशीलहरुको कलाको विषयवस्तु जनपक्षीय हुन्छ, जनविरोधी हुँदैन । त्यसैले यस अर्थमा हाम्रो कलाकर्म समृद्ध छ भन्ने मानेर, तपाईले भने जस्तै गरी बढीभन्दा बढी जनतामा पुग्न खोज्नेहरुलाई शासक वर्गका लेखक-कलाकारहरु "कलामा राजनीति गरेको" आरोप लगाउँछन् । यसबारे तपाई के भन्नुहुन्छ ?**

➤ हो, शासक वर्गीय लेखक-कलाकारहरू, हामीलाई "कलाकार भएर पनि राजनीति गर्ने हो ?" भनी भन्ने गर्छन् । तर यो जुन कुरा उनीहरू भनिरहेछन्, त्यो पनि राजनीति नै हो । उनीहरू मात्रै कलाकार भएर राजनीति गरिरहेका छैनन् र ? उनीहरू पनि आफ्नो कलामा विचार, रूची, सन्देश दिइरहेका छन् । यो भनेकै राजनीति गर्नु हो । तर उनीहरूका ती विचार, रूची र सन्देश यथास्थितिवादी छन्, समाजलाई पछाडि धकेल्ने खालका छन्, जनविरोधी छन् ।

## प्रतिक्रियावादीहरुको आपत्ति "कलामा राजनीति" संग हैन, उनीहरुको आपत्ति त "कलामा जनपक्षीय राजनीति"संग छ

हामी प्रगतिशील कलाकर्मीहरू पनि राजनीति गर्छौं । तर जनतालाई अघि बढाउने खालको राजनीति, मानबीयताको रक्षा गर्ने राजनीति, जीवनमुखी राजनीति ।

त्यसैले, प्रत्यक्ष वा अप्रत्यक्ष सबैले राजनीति गरेका छन् । मान्छेबाट राजनीति हुन्छ नै । कारण, हरेक चीजको राजनैतिक पक्ष हुन्छ । गर्छु भने पनि, गर्दिनँ भने पनि राजनीति भइरहेकै हुन्छ ।

तर उनीहरू "कलामा राजनीति गरिनु हुन्न" भन्ने नारा फलाक्दै हाम्रो चाहिं राजनीतिको विरोध गर्छन्, आफ्नो चाहिं राजनीतिलाई चाहिं 'राजनीति नै हैन' भन्छन् । यसकारण, उनीहरूको आपत्ति "कलामा राजनीति" संग हैन, उनीहरूको आपत्ति त "कलामा जनपक्षीय राजनीति"संग छ । राजनीतिप्रति चिन्ता हैन उनीहरूको, हाम्रो राजनीतिप्रति मात्र चिन्ता हो ।

☞ **नेपालमा विभिन्न प्रगतिशील सांस्कृतिक समूहहरु क्रियाशील छन् । आफू पनि समाजको अग्रगतिको लागि लागीपरिरहेको एउटा सांस्कृतिक कर्मी हुनुको नाताले तपाई नेपालका ती प्रगतिशील सांस्कृतिक समूहका र तिनीहरुसंग नजिक लेखक-कलाकारहरुलाई के सुझाव दिन चाहनुहुन्छ ?**

➤ उहाँहरू सबैमा मेरो हार्दिक शुभेच्छा र ऐक्यवद्धता जाहेर गर्दछु ।

म उहाँहरूलाई भन्छु- जे जे चुनौतिहरू तपाईहरूका सामु छन्, तिनलाई स्वीकार गर्नुहोस् र जनताको माझमा जानुहेस् । जनताबाट टाढा रहने हो भने तपाई जे गर्न चाहे पनि निराश हुन पुग्नुहुनेछ । देशीविदेशी प्रतिक्रियावादका अमानवीय रवैया जनताले भोगिरहेछ र 'यो सबै बद्मासी भइरहेछ' भन्ने कुरा जनताले महसुस गरिरहेको छ । तर हामी जनतामा गएर उनीहरूलाई अझ दृढ र जुझारू बनाउन सकिरहेका छैनौं । जनतामा जान नै सकिरहेका छैनौं । अहिले जुन समय चलिरहेछ, यो समय भनेको जनपक्षीय व्यक्तिहरू सडकमा उत्रनु पर्ने समय हो । म सल्लाह दिन्छु- तपाईहरू जनतामा जानुहोस् । हामीले धेरै समय गुमायौं । अब समय गुमाउनु हुन्न ।

अर्को कुरा, शैली वा रूप पक्षको चिन्ता नलिनुस् । कलाको शैली वा रूपपक्ष जे तपाईसंग छ, तपाई त्यसैलाई लिएर जनतामा पुग्नुहोस् । सक्रिय हुनुहोस् । हरेक शैलीको उपयोग गर्नुहोस् ।

हाम्रोमा जो मान्छे जनतामा जान चाहँदैन, घरमै बस्न चाहन्छ, सुविधामा रमाउन चाहन्छ, त्यही व्यक्तिले ज्यादाजसो शैली वा रूप पक्षमा यो भएन, त्यो भएन, यो पनि छैन, त्यो पनि छैन भन्ने निहुँ खोज्ने गरेको छ । कलाको कुनै पनि थरी रूपपक्ष (form) प्रतिक्रियावादी वा प्रगतिशील भन्ने हुँदैन । हरेकलाई हामीले जनताको पक्षमा उपयोग गर्न सक्छौं । किनभने, कलाका हरेक रूपहरू जनताको मिहनेतद्वारा निर्मित भएको हुन्छ । कला त ज्यादै बाध्य भएर मात्रै पो हवेली वा दरवारहरूमा पुगेको हुन्छ त ! सेक्सपियरको नाटक वा हाम्रा देशका संस्कृत नाटकहरू पनि जनस्तरबाट निर्मित भए, र पछि मात्र दरबार पुगे । यसरी जनताको माझबाट पैदा हुन्छ-कला । कलालाई त्यही जनताकै पक्षमा उपयोग गर्न हामी पछि पर्नु हुन्न ।

मेरो भनाइको मतलब हो- तपाईहरू संघर्षका हरेक रूपहरूलाई सदुपयोग गर्नुहोस् । गाना वा नक्कलको प्रयोग गर्नुहोस । क्यासेट, भिडियो क्यासेटको प्रयोग गर्नुहोस् । सब चीजको उपयोग गर्नुहोस्- तर हरदम केही न केही गरी नै रहनुहोस् । आफू सक्रिय नहुनुलाई "मलाई यो भएन, यो पुगेन, यो समस्या भयो, ऊ समस्या भयो" भनी निहुँ पार्ने समय यो हैन । जम्मामा, भन्ने हो भने- यो समय भाग्ने समय हैन, लड्नु पर्ने, डट्नु पर्ने समय हो । ❑


**हरेक दिन अपरान्ह ताजा समाचारहरु र सटीक विश्लेषणहरु सहित प्रकाशित हुने**

**सन्ध्या टाइम्स**

**(नेपाल भाषा दैनिक)**

**प्रतिदिन**

**(नेपाली दैनिक)**

**हिसि**

**(नेपाल भाषा मासिक)**

**अवश्य पढ्नु होस् ।**

**महावली हनुमानको वरदान !**
**सुन्दर र सुरक्षित छानाको पहिचान !!**



**हनुमान छाप कर्कट (जस्ता) पाता**

टिकाउपनाको अर्को नाम

**सुन्दर स्टील्स प्रा. लि.**

विरगञ्ज फोन : ०५१-२१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोन : २७०७३०, २७०४५६,
फ्याक्स : ९७७-१२७०९७३

❑ गत मध्यावधि चुनावमा केही वामपन्थी नेता-कार्यकर्ताहरु भन्ने गर्थे- "बरु कांग्रेस वा राप्रपाले जितेजितोस्, तर अर्को वामपन्थी उम्मेदवारलाई त कुनै पनि हालतमा सघाइन्न, भोट हालिन्न ।"

आत्मघाती अहंकार ।- "बरु शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् ।"

❑ *गत पटक झापामा संपन्न पत्रकार-सम्मेलनको चुनावमा केही वामपन्थी पत्रकारहरूले कांग्रेसी पत्रकारहरूसंग मिलेर हाकाहाकी आफ्ना मित्र वामपन्थी पत्रकारहरूका विरूद्ध भूमिका खेले र उनीहरूलाई जिताए ।*

*उही मित्रद्वेषको भावना !- "बरू शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् !"*

❑ यसै साल संसदमा पंच-कांग्रेसी सरकारविरुद्ध नेकपा एमालेद्वारा प्रस्तुत कामरेड रोहितको पार्टीले पंच-कांग्रेसलाई सिधै फाइदा पुग्ने गरी मतदानको बेला अनुपस्थिति जनाए ।

यसभन्दा अघि चुनावमा भक्तपुरमा क. रोहित हारेहारुन् र कांग्रेसले जितेजितोस् भन्ने शर्तमा नेकपा एमालेले क. रोहितका विरुद्ध आफ्नो उम्मेदवार खडा गऱ्यो ।

उही गूट-संकीर्णतामुखी चिन्तन ।- "बरु शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् ।"

❑ *गाउँमा आफूसँगैको वामपन्थी मित्र-शक्तिलाई झूठो आरोप लगाएर शत्रुहरू प्रचार गर्दैछन्, बद्नाम गर्दैछन् । अर्को वामपन्थी शक्ति त्यो झूठलाई 'झूठ हो" भनेर जनतालाई बुझाउँने काम गर्दैन । उल्टो, त्यो "कुप्रचार" मा धूप हाल्ने काम गर्छ । शत्रुहरूले आज त्यो हाम्रो मित्र शक्तिलाई ढाल्नेछन् र भोलि चाहिं हामी आफूलाई पनि ढाल्न आउनेछन् भन्ने कुरा थाहा छ । तर पनि सानातिना आपसी भेदभावका कारण जानीजानी मित्रको "मानमर्दन" मा खुशी हुने यो आत्माघाती प्रवृत्ति !- "बरू शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् ।"*

❑ हालै व्यापार व्यवसाय संबन्धी एक संस्थामा पद र मानको हैसियतको कारण स्वतः अगाडि मंचमा बसाउनु पर्ने आमन्त्रित मित्रहरुलाई उपेक्षापूर्वक फ्लोरमा बस्न लगाएर एउटा गूटका "वामपन्थी" मित्रहरुले अर्को गूट नजिकका वा स्वतन्त्र वामपन्थी मित्रहरुको अपमान गरे । सट्टामा फ्लोरमा राखे पनि हुने हैसियतका तल्ला पदका पंच-कांग्रेसीहरुलाई डायसमा विराजमान गराए ।

अन्धतापूर्ण द्वेष ।- "बरु शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् ।"

❑ *नेपाली जनताका देशी-विदेशी शत्रुहरूका विरूद्ध एउटा खुकुलो र वृहद् संस्थाको निर्माण गर्ने समयमा एक जना "खाँटी कम्युनिष्ट"ले भूमिका खेले- आफू नजिकको अर्को वामपन्थी पार्टीका मानिसहरू सकेसम्म समावेश नगर्न । बरू संस्थाको उद्देश्य नै मान्ने कुरामा शंका बाँकी रहेका अलि टाढाका व्यक्तिहरूलाई ल्याउन भने उनले ठूलो अभिरूचि देखाए ।*

*अनौठो रोग !- "बरू शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् !"*

❑ एउटा 'प्रसिद्ध' वामपन्थी साप्ताहिक पत्रिकाले प्रगतिगामी साहित्यकारहरुका बीच भएको एक स्थानीय साहित्य-गेष्ठीको खबर छाप्यो । तर त्यही समयमा प्रगतिशील साहित्यकारहरुको राष्ट्रियस्तरमा भएको कार्यक्रमको प्राप्त न्यूजलाई चाहिं 'ब्ल्याक आउट' नै गऱ्यो ।

पत्रकारिता क्षेत्रमा अन्यौल ।- "बरु शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् ।"

# बरु शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् !

**चन्द्रदेव नेपाली**

वास्तवमा, यी र यस्ता थुप्रै कुराहरू आज हामीबीच भइरहेको छन् । यी सबको कारण हामीमा पैदा भएको गुटगत संकीर्ण मानसिकता हो भन्नेमा कसैको दुई मत हुने ठाउँ छैन ।

तर आखिर, यस्तो घुमिफिरी आफैंलाई घात हुन आउने कदम चाल्न हामीलाई प्रेरित गर्ने यो गूटगत संकीर्ण मानसिकता हामीभित्र उब्जिन्छ कहाँबाट ?

यसको निर्क्यौल गर्नु अति जरूरी भएको छ । हाम्रा विभिन्न वामपन्थी पार्टीहरूबीचको अनावश्यक टक्कर घटाउनका निमित्त मात्र यो जरूरी भएको होइन, एउटै पार्टीभित्र पनि विभिन्न विषयमा मतभेद बोक्ने गूट-उपगूट वा व्यक्ति व्यक्तिबीचका अनावश्यक टक्करहरू घटाउनका निमित्त पनि यस निर्क्यौलको उपयोगिता रहनेछ । कारण, हाम्रा वामपन्थी पार्टीहरू कुनै एउटैमा मात्र पनि अनेक साना, ठूला विचारका धारहरू छन्, व्यक्तिहरूका झुण्डहरू छन् । उनीहरूका बीच हुने टक्करहरूका यथार्थबाट ल्याएर यहाँ उदाहरणहरू पेश गर्ने हो भने ती उदाहरणहरू माथि शुरूमा उल्लेख गरिए जत्तिकै विविधतायुक्त देखा पर्ने छन् ।

त्यहाँ पनि कतिपय समय र सन्दर्भमा लागू हुने गरेको देखिन्छ- "बरू शत्रु उँभो लागोस्, तर मित्र अघि नबढोस् ।"

बहुमत पक्षले अल्पमत पक्षलाई "उनीहरूभन्दा त बरू सामन्तहरू जाती वा कांग्रेसीहरू जाती !" भन्ने गरेका र अल्पमतले बहुमत पक्षलाई पनि यसै भन्ने गरेका एवं त्यस अनुरूप व्यवहार गर्ने गरेका छन् ।

यो हाम्रो यथार्थ हो ।

हाम्रो यथार्थको यो आत्मघाती गूट संकीर्ण मानसिकताको जरो कारण वास्तवमा हाम्रो आन्दोलनमा पहिलेदेखि नै अस्पष्ट रहेको र हाल आएर क्षीण हुँदै गइरहेको वर्गीय चेतना र वर्ग-पक्षधरता नै हो ।

नेपाली समाज शोषक वर्ग र शोषित वर्गमा, गरी खाने र चुसी खाने वर्गमा विभाजित छ । निश्चित रूपमा यहाँ यी दुई वर्गबीच संघर्ष चलिरहेछ । यस संघर्षमा हामी वामपन्थीहरू गरिखाने शोषित वर्गका पक्षधर हौं । कम्युनिष्ट पार्टी यो गरिखाने शोषित वर्गको अगुवाई गर्ने दल हो ।

हामी जब नेपाली गरीखाने शोषित वर्गको प्रतिनिधिको रूपमा आफूलाई सोच्न छोड्छौं, तब हामी अरू नै कसैको प्रतिनिधित्व गर्न थाल्छौं । वर्ग-पक्षधरता क्षीण भएपछि आफ्नो र पराइमा भेद छुट्टिन छोड्दोरहेछ । यसो भएपछि कहिलेकाँही वर्ग-शत्रुलाई फाइदा पुग्ने काम पनि हामी जानी जानी गर्दारहेछौं ।

चुनावमा उम्मेदवार खडा गर्नमा हामीबीच केही मतभेद हुने गर्छ । एउटै पार्टीभित्र पनि को उम्मेदवार हुने भन्नेबारेमा मतभेद हुन्छ । त्यसबखत आफूलाई जायज लागेको मत राखी मित्रहरूसंग मतमतान्तर गर्नु अनौठो कुरा भएन । तर शत्रुलाई टेवा पुग्ने शर्तसम्म पनि आपसमा भिड्नु र भिन्न मत राख्यो भन्दैमा मित्रमाथि घात गर्नु, के यो अन्ततः एक हदसम्मको वर्गघात नै हैन ? त्यसले जम्मामा कसलाई फाइदा पुऱ्याउँछ ?

आफू जुन वर्गको 'भलाई गर्छु र मुक्तिको लागि लागी पर्छु' भनेर आन्दोलनमा लागेको हो, त्यही वर्गको कुभलो हुँदैछ र मुक्तिको विपक्षमा काम हुँदैछ, तर हामीलाई यसबारे चिन्ता लाग्दैन । हामीलाई वर्ग-स्वार्थ ठूलो लाग्दैन । ठूलो लाग्छ- आफ्नो झोंक, द्वेष, ईर्ष्या र व्यक्तिगत स्वार्थ ।

"बरू कांग्रेस वा राप्रपाले जिते जितोस्, तर अर्को वामपन्थी उम्मेदवारलाई त कुनै पनि हालतमा भोट हालिन्न !" भन्ने हामीहरू चुनावी वार्ता र अरू बेलाको आपसी तिक्तताका अहंकारवश होश गुमाउन पुग्छौं र यस्ता झिना मसीना कुरालाई पनि विभेदको मुख्य कारण बनाउँछौं ।

हामी कारण बनाउँछौं- "वार्तामा आउने उनीहरूका प्रतिनिधिले हामीलाई रूखो बोल्यो, उनीहरूले हाम्रो मान्छे ताने, उनीहरूले हाम्रो विरोध गरे !" आदि आदि ।

**नीति / संस्कृति**

**"देश र जनताको कुभलो भए पनि होओस् ! म आफ्नो अहंकार र अडान छोड्दिनँ"**




यी झिना मसिना मुद्दाहरूलाई बाँकी दिनहरूमा छिनोफानो गर्ने शर्तमा पनि समग्रमा शोषित नेपालीहरूको ठूलो वा सानै पनि कुभलो हुने काम हामीले नगर्नुपर्ने हैन र ?

यस्तोमा "देश र जनताको कुभलो भए पनि होओस् ! म आफ्नो अहंकार र अडान छोड्दिनँ"- भन्नेहरूलाई किन प्रश्न नगर्ने ?- आखिर तिम्रो आफ्नो अडान, अहंकार वा व्यक्तिगत स्वार्थ ठूलो कि देश र जनताको हित-अहित ठूलो ?

जब वर्ग-स्वार्थ र समाजको स्वार्थ हामीलाई ठूलो लाग्दैन, तब हामीले गर्ने राजनीति भनेको व्यक्तिगत स्वार्थ पूरा गर्ने राजनीति हो ।

त्यो व्यक्तिगत स्वार्थ भनेको पद, सुविधा र पैसा पाउनु मात्र हुँदैन । वर्ग र समाजको नोक्सानीमा आफ्नो अहंकार जोगाउनु, आफ्नो अहंकारको तुष्टि गर्नु पनि व्यक्तिगत स्वार्थ अन्तर्गत नै पर्ने कुरो हो ।

पूर्वतिर एक सय किलोमिटर परको ठाउँमा पुग्छु भन्ने प्रतिवद्धता र अठोट साँच्चै-बोकेको हो भने, के त्यस्तो व्यक्तिले सानातिना कुराका निहुँमा पूर्वतिरको दिशा नै त्यागेर पश्चिमतिर एकसय किलोमिटर हिंड्ने कुरा स्वीकार्छ ?

जसले स्वीकार्छ, बुझ्न् जरूरी छ- त्यो व्यक्ति पूर्वतिर जाने निहुँमा जता पनि जान र हिंड्न तयार रहने व्यक्ति हो ।

यसरी आफ्नो घोषित उद्देश्यको उल्टो काम पनि गर्न कोही किन तयार हुन्छ ?

किनभने, ऊ त्यस उद्देश्यप्रति इमान्दर र गम्भीर छैन ।

आफूलाई वामपन्थी मान्ने, जनतामा त्यसरी आफूलाई प्रस्तुत गरेर उसको स्नेह हडप्ने, तर जनताका शत्रुलाई जिताउने ?, वामपन्थी विरूद्ध नै लागिपरी प्रतिक्रियावादीहरूलाई जिताउने, मित्रहरूको झूठो वदनामीमा धूप हाल्ने, हैसियतपूर्ण मित्रलाई अपमान गरेर हैसियत नै भएका विरोधीहरूलाई सम्मान दिने । नजिकको साथीलाई संस्थामा नपार्न लागिपर्ने, तर उद्देश्यमै शंका रहेकाहरूलाई संस्थामा ल्याई छोड्न लागिपर्ने । राष्ट्रिय स्तरको प्रगतिशील साहित्यबारेको समाचार नछाप्ने, गैर प्रगतिशीलको भने जिल्लास्तरीय पनि कार्यक्रमलाई पनि "हाइलाइट" गर्ने !

-यी सब पूर्व दिशा हिंड्छु भन्नेहरूले पश्चिम दिशा समातेका उदाहरणहरू हुन् ।

वामपन्थीहरूमा आफ्नो वर्ग-प्रतिवद्धता वा पक्षधरता यसरी क्षीण हुनु अत्यन्त दुःख र चिन्ताको विषय हो ।

हाल हाम्रो समाजमा वामपन्थीहरू जसरी शोषित वर्गीय पक्षधरतामा गम्भीर छैनन्, तर दक्षिणपन्थीहरू भने, त्यसरी नै, आफ्नो शोषक वर्गीय पक्षधरतामा गम्भीर नभएका देखिन्नन् । उनीहरू भने आफ्नो वर्ग-स्वार्थ र वर्ग अडानमा निकै स्पष्ट र दृढ देखिन्छन् । कसरी नेपालका मुट्ठीभर शोषकहरूको भलो हुने काम गर्ने हो भन्नेबारे उनीहरू अत्यन्त चनाखा छन् ।

व्यवहारमा देखिन्छ- उनीहरू

**हामीकहाँ प्रतिगामीहरू आफ्नो वर्ग-अडानमा जति दृढ छन्, वर्ग संघर्षको वकालत गर्ने हामी वामपन्थीहरू चाहिं पो आफ्नो वर्ग-अडानमा त्यत्ति दृढ छैनौं**

आफ्नो वर्ग-स्वार्थ छोडेर रत्तिभर पनि वामपन्थीहरूलाई साथ दिइरहेका छैनन् । आफू सान्है कमजोर भएका ठाउँमा र हाम्राबीचमा फुट पार्ने दाउमा बाहेक उनीहरू हाम्रा निम्ति भनेर एक इन्च पनि आफ्नो स्वार्थ र अडान छोडिरहेका छैनन् ।

जितिन्छ भने आफूले जित्ने, नजित्ने भए अर्को प्रतिद्वन्दी दक्षिणपन्थीसंग तुरून्तै मिल्ने, एउटा दक्षिणपन्थीले अर्को दक्षिणपन्थीलाई नै समाजमा व्यक्तित्वको रूपमा स्थापना गर्न मद्दत गर्ने, मतभेद हुन्जेल झगडा गर्ने, त्यसको एउटा टुंगो लागेपछि तुरून्तै मिल्ने र वामपन्थीका विरूद्ध मिलेर लड्ने । आफ्नो वर्ग स्वार्थ पूरा गर्न ठूला ठूला अपमान पनि सहने, लाज घिन नमान्ने, "अहं"लाई थाँतीमा राख्ने र "सहने एवं पर्खने" समेत उनीहरूले गर्ने गरेका छन् ।

जम्मामा भन्नु पर्दा, के भन्न सकिन्छ भने- हामीकहाँ प्रतिगामीहरू आफ्नो वर्ग-अडानमा जति दृढ छन्, वर्ग संघर्षको वकालत गर्ने हामी वामपन्थीहरू चाहिं पो/ आफ्नो वर्ग-अडानमा त्यत्ति दृढ छैनौं । यत्तिसम्म कि- आजकाल त वर्ग-संघर्ष, वर्गीय दृष्टिकोण, वर्ग-अडान, वर्ग-स्वार्थ आदिबारेमा चासो, छलफल, चिन्तन पनि ज्यादै कम भइरहेको छ । वाम आन्दोलनमा पछि आएको नयाँ पुस्ता त यसबारे झनै बेखबर छ ।

व्यवहारमा जे जे गरिरहेका भए पनि आफ्ना पार्टीका घोषणाहरूमा चाहिं नेपालका सबै वामपन्थी पार्टीहरूले वर्ग-संघर्ष र वर्ग-पक्षधरतालाई स्वीकारेका छन् । यो "लिखितम्" लाई व्यवहारमा उतार्ने काम चाहिं बिलकुलै पछाडि परेको छ ।

समस्याको अर्को पाटो हो- मान्छे वर्गीय रूपले इमान्दार हुनु, तर वैचारिक अस्पष्टताको शिकार हुनु ।

वर्ग अडान र पक्षधरतामाथि शंका गर्नु नपर्ने कतिपय वाम नेता-कार्यकर्ताहरू पनि थुप्रै सन्दर्भमा उही "पश्चिमतिर" हिंडिरहेका छन् । कारण, उनीहरू के गर्दा "पूर्वतिर हिंडिन्छ" र के गर्दा उल्टो दिशातिर लागिन्छ भन्ने कुरामै अस्पस्ट छन् । जम्मामा, शोषित वर्गको क्रान्तिकारी आन्दोलनलाई के गर्दा थोरै भए पनि फाइदा पुग्छ भन्ने कुरा स्पष्ट भएमा उनीहरूबाट त्यो फाइदा पुग्ने काम हुन संभव छ । तर यसबारे गहिरिएर सोच्ने, छलफल गर्ने र अध्ययन गर्ने आदि पक्षमा आज आन्दोलनले सान्है कम जोड दिने गरेको छ । यो कमजोरीको अन्त गर्नु जरूरी छ । □


समाचार र विचार-विश्लेषणको विशेष संगम
राष्ट्रिय दैनिक पढ्न नछुटाउनुहोस् !
सगरमाथा
यसमा विज्ञापन दिएर
आफ्नो व्यवसायमा अभिवृद्धि गर्नुहोस् ।

घटना र प्रवृत्ति



## ज्यूगानोभ किन हारे ?

# रूसको सत्ता-संघर्ष नयाँ चरणमा

गत असार १९ गते भएको रूसी राष्ट्रपतिको दोस्रो चरणको चुनावमा तानाशाह येल्तसीन जम्मा खसेको मतमध्ये ५४% मत प्राप्त गरेर विजयी भएका छन् । येल्तसीनद्वारा पराजित भएका वामपन्थी संयुक्त उम्मेदवार गेन्नाडी ज्यूगानोभले ४१% मत प्राप्त गरेका छन् । पहिलो चरणको चुनावमा कुनै उम्मेदवारले पनि जित्नका लागि अत्यावश्यक कुल खसेको मतको ५०% भन्दा बढी मत लिन नसकेपछि भएको यो दोस्रो चरणको चुनावमा येल्तसीन विजयी भएकोमा धेरैले "मनी, माफिया र मीडिया" (तीन वटा 'M') को दुरूपयोग भएको एवं ठूलो मात्रामा धाँधली भएको कुरो उठाएका छन् ।

चुनावी अभियान शुरू हुँदा रूसमा गरिएको जनमत सर्वेक्षणमा जम्माजम्मी ५% मात्र लोकप्रियता हासिल गरेका येल्तसीन अचानक विजयी हुनुले सबै चुनाव-पर्यवेक्षकहरूलाई निकै चकित तुल्याएको थियो । जुन १६ मा सम्पन्न पहिलो चरणको चुनावमा अत्यधिक बहुमत आएको दुई हप्तापछि नै संपन्न कैयौं क्षेत्रमा पछिल्लो चुनावमा ज्यूगानोभको मत निकै कम आउनुले चुनावमा व्यापक धाँधली भएको कुरोलाई पुष्टि गरेको छ ।

येल्तसीनले आफ्नो विजयलाई सुनिश्चित पार्नका लागि तीन वटा "एम" हरूको ठूलो मात्रामा दुरूपयोग गरेकोमा सबैभन्दा बेसी धाँधली मेडिया अर्थात् सरकारी संचार माध्यममार्फत् गरे । उनले सरकारी संचार माध्यम, त्यसमध्ये पनि रेडियो र टि.भी. को, यति पक्षपातपूर्वक एकलौटी प्रयोग गरे कि- रूसी चुनावको पर्यवेक्षण गर्न आएका येल्तसीनकै पक्षधर यूरोपेली पर्यवेक्षण टोलीले समेत यसको विरूद्ध नबोली रहन सकेनन् ।

उदाहरणका लागि, रूसी चुनावको आन्द्राभुँडी नियालेपछि यूरोपेली मेडिया इन्स्टिच्यूटका निर्देशक बर्ण्ड-पीटर लाँगेले त खुलेआम घोषणा गरे- "...यो चुनावलाई स्वतन्त्र, निष्पक्ष र स्वच्छ ढंगले भयो भन्न सकिंदैन ।"

सिंगै यूरोपेली मेडिया इन्स्टिच्यूटको भनाइ थियो- "येल्तसीनले संचार माध्यममार्फत् जमाएको कब्जा त सोभियत शासन कालमाभन्दा बढी कठोर र जबर्दस्त थियो । ...यो प्रचार युद्धले गर्दा रूसी चुनावको मतदान र चुनावी परिणामको वैधानिकतामाथि नै प्रश्नचिन्ह खडा गरिदिएको छ ।"

यही सवाललाई ज्यूगानोभ स्वयमले पनि औंल्याएका छन् । चुनावमा किन हारियो ? यसै सम्बन्धमा समीक्षा गर्दै उनले भने- "म येल्तसीनको वरिपरिका र सरकारी संचार माध्यमहरूको 'सूचना आतंक' को शिकार भएँ ।"

चुनाबी अभियानमा सरकारी र रूसी पूँजीपतिहरूको कब्जामा रहेका टि.भी.हरूको क्रियाशीलता यति धेरै थियो कि- उनीहरू प्रत्येक दुई दुई मिनेटमा येल्तसीनको पक्षमा आकर्षक चुनावी- सामग्री प्रसार गरेको गर्‍यै गर्थे । उनीहरू सोभियत शासन कालमा भए नभएका अन्याय र अत्याचारका कथा, श्रम शिविरका पीडा र कठीनाइहरू, युद्धका दौरानमा मरेका मानिसका हाडखोरलाई देखाएर सोभियत शासनकालका तथाकथित आतंकहरूको दृश्य टि.भी.मार्फत बाठी लगाउँथे ।

भनिन्छ- प्रथम चरणकै चुनावमा मात्र टि.भी. र रेडियोमा येल्तसीनले ५३ प्रतिशत समय पाए । ज्युगानोमले त्योभन्दा तीन गुणा कम, अर्थात् खाली १८ प्रतिशत समय । यूरोपेली मेडिया इन्स्टिच्यूटले मे ५ देखि जुलाई ३ सम्मको प्रचार हेरेर संकलन गरेको तथ्यांक अनुसार रेडियो, पत्रपत्रिका र टि.भी. जस्ता सरकारी र गैर-सरकारी संचार माध्यमहरूले येल्तसीनको पक्षमा ४९२ प्वाइन्ट सकारात्मक प्रचार गरे । उता ज्यूगानोभको साइडमा भने उल्टो ३१३ प्वाइन्ट नकारात्मक प्रचार चलाए । यो त पहिलो चरणको चुनावको कुरा हो ।

दोस्रो चरणमा यो प्रक्रियालाई अरू तीव्र पारियो । संचार माध्यमलाई पूरै येल्तसीनको पक्षमा एकलौटी पारियो । पश्चिमेली संचार माध्यमहरू आफैं भन्छन्- येल्तसीनले टि.भी.को विज्ञापनमा मात्रै १७ लाख अमेरिकी डलर खर्च गरे ।

उता ज्यूगानोभको चुनाव प्रचार अभियान भने मुख्य रूपले घरदैलो कार्यक्रम, आमसभाहरूमा नै सीमित भयो । भनिन्छ- मे महिनासम्म मात्रै येल्तसीनले चुनाव अभियानमा ३५ लाख अमेरिकी डलर खर्च गरिसकेका थिए । उता ज्यूगानोभको चुनाव अभियानमा भने वित्तीय कोषको पनि निकै संकट परेको थियो ।

येल्तसीनले चुनावी अभियानमा सबैभन्दा बेसी ध्यान शहरिया युवाहरूको र नवधनाढ्य वर्गको भोट तान्नमा दिए । युवाहरूको खेलकूद र मनोरंजनका लागि मात्र येल्तसीनले १६ लाख अमेरिकी डलर खर्चेको थाहा भएको छ । उनले यसनिमित्त क्लब र कन्सर्टहरूमा गएर युवायुवतीहरूसंग नाच्न पनि बाँकी राखेनन् ।

देशभित्र येल्तसीनलाई सबैभन्दा सशक्त समर्थन रूसका नव धनाढ्य वर्ग र माफियाहरूले प्रदान गरे । उनीहरूको निजी नियन्त्रणमा रहेका पाँच लाख सशस्त्र गुण्डाहरू चुनावमा "जसरी पनि" येल्तसीनलाई जिताई छोड्न ज्यान छोडेर लागेका थिए ।

पहिलो चरणमा फगत ३५ प्रतिशत मत हासिल गरेर ज्यूगानोभ भन्दा तीन प्रतिशत मतकै अन्तरले मात्र अगाडि रहेका येल्तसीन यी सबै हरकतका बाजुद, दोस्रो चरणको चुनावमा आफ्नो जितवाजीमा विश्वस्त हुन सकेनन् । आफ्नो जितबालीको ग्यारेन्टीका लागि उनले अरू थुप्रै हथकण्डा अप्नाए ।

तीमध्ये पहिलो प्रमुख हथकण्डा थियो- अपराध र भ्रष्टाचार उन्मूलनको

> "मनि, माफिया र मीडिया" को दुरूपयोग गरेर जितेका तानाशाह येल्तसीनको पछाडि को छ ?



# देशभक्त, प्रजातान्त्रिक र वामपन्थी शक्तिहरुले जनान्दोलनको घोषणा गरे !



नारा दिएर राष्ट्रपतिको चुनाव लडेका र पहिलो चरणमा १५ प्रतिशत मत हासिल गरेका राष्ट्रवादी जनरल अलेक्जेण्डर ल्यावेदलाई राष्ट्रिय सुरक्षा सल्लाहकारको पद दिएर आफ्नो पक्षमा किन्नु। यो किनबेच भित्री रूपमा गएको फरवरी महिनामै भइसकेको थाहा भएको छ। भोट ज्यूगानोभ र उग्र राष्ट्रवादी झिरिनोभ्स्कीका पक्षमा जानबाट रोक्न ल्यावेदलाई 'करौंती उम्मेदवार' बनाइएको र उनको चुनावी अभियानको निम्ति येल्तसीनले लाखौं डलर सहायता दिएको पनि रहस्योद्‌घाटन भएको छ। यही कारणले पश्चिमेली तथा येल्तसीनको मुठ्ठीका सारा संचार माध्यमहरूले चुनावी अभियानमा विपक्षी उम्मेदवार भएर पनि ल्योवेदलाई राष्ट्रवादी व्यक्तित्व र अफगानयुद्ध-हिरोको छवि दिने प्रयत्न गरे र विपक्षीहरूमध्ये सबैभन्दा धेरै संचार माध्यममा समय पाउने यिनै ल्यावेद थिए। जब ल्यावेद बाहिर निकै लोकप्रिय भएको देखियो, दोस्रो चरणमा ल्यावेदले पनि येल्तसीनलाई नै समर्थन गरेको देखाएर रूसी जनमतमाथि चुनावको अन्तिम घडीमा अनुकूल प्रभाव पार्ने प्रयत्न गरियो।

अहिले जसरी ल्यावेदलाई पश्चिमेली र रूसी संचार माध्यमहरूले ठूलो महत्व दिएर बाहिर प्रस्तुत गर्ने गरिरहेछन्, त्यसबाट लख काट्न सकिन्छ- उनीहरू येल्तसीनको विकल्पमा अर्को पटक ल्यावेदलाई नै रूसी राष्ट्रपति बनाउने पूर्वाभ्यास गर्देछन्। येल्तसीन ढलेमा यो घटना कुनै पनि बेला बीचममा पनि घटन सक्छ

येल्तसीनले अप्नाएको अर्को हथकण्डा थियो- ज्यूगानोभका लोकप्रिय नाराहरूको चोरी, ती नाराहरू उनले अहिले नै कार्यान्वयन गर्न थालेको जस्ता भ्रम पानए प्रयत्न।

पूर्व सोभियत संघ स्वेच्छाका आधारमा फेरि व्युझाउने ज्यूगानोभको अति लोकप्रिय नारालाई प्रभावहीन पार्न उनले त्यो नारा चोरे। बेलारूस, युक्रेन, कजाखस्तान र किर्घिजिस्तानसंग हतार हतार एउटा खुकुलो संघ बनाउन संझौता गरे। त्यसमाथि थप अरू नारा चोरेर चेचेन्याका विद्रोहीहरूसंग युद्ध-विरामको संझौता गरे। बूढाहरूलाई थप पेन्सन र मजदूरहरूलाई वेतनको ग्यारेन्टी दिने घोषणा गरे। रूसी महासंघभित्रका विभिन्न प्रान्त र गणतन्त्रहरूलाई बढी अनुदान र स्वायत्तता दिने आश्वासन बाँडे। पश्चिमेलीहरूले NATO लाई पूर्वी यूरोपतिर फैलाउने योजनाको कडा विरोध गरे। येल्तसीनका यी सारा नाटकहरूले रूसी जनमतलाई थोरै भए पनि भ्रमित पार्ने काम गरे।

उता येल्तसीनको सहारामा रूसलाई लुट्न पल्केको संपूर्ण साम्राज्यवादी विश्व चुनावमा येल्तसीनको विजयको निम्ति खुलेआम प्रचार मैदानमा ओर्लियो। अमेरिकी राष्ट्रपति बील क्लिण्टनको निर्देशनमा अन्तर्राष्ट्रिय मुद्रा कोषले चुनावको मुखैमा रूसलाई १० अरब २ करोड डलरको ऋण सहायता दिने घोषणा गऱ्यो। अमेरिकी टेलिभिजन CNN ले थुप्रै पटक नक्कली जनमत सर्वेक्षण गराएर हरेक पटक येल्तसीनलाई १० प्रतिशत मतले अगाडि रहेको प्रचार गरायो। येल्तसीनलाई विश्वस्तरको शीर्षस्थ नेताको छवि दिन विकसित पुँजीवादी राष्ट्रहरूको मंच- G-7 को बैठक यही बीचमा मस्कोमै आयोजना गरियो। जर्मनीका चान्सलर हेल्मुट कोल चुनावको मुखैमा मस्को गएर येल्तसीनले चुनावमा हारेमा पश्चिमी देशहरूको सारा सहायता बन्द गर्ने घोषणा गरे।

प्रसिद्ध अमेरिकी पत्रिका टाइममार्फत् अहिले त के पनि पर्दाफास भइसकेको छ भने- सम्पूर्ण रूसी चुनाव अभियान अमेरिकी सरकारले खटाएका चार जना साम्राज्यवादी मस्तिष्कहरूले संचालन गरेका थिए।

यी संपूर्ण हरकतले पनि नपुगेर येल्तसीनले चुनावमा ठाडो धाँधली गरेका प्रमाणहरू पनि यथेष्ट मात्रामा मिलेका छन्। स्वतन्त्र चुनाव पर्यवेक्षकहरू मध्ये रूसी निर्वाचन विज्ञ अलेक्जेण्डर सोव्यानिनका अनुसार येल्तसीनले अधिकांश क्षेत्रहरूमा २० प्रतिशतका दरले र ठूला ठूला शहरहरूमा ५ प्रतिशतका दरले धाँधली गरेको पाइएको छ र यही धाँधलीले उनले जितेका हुन्। प्रसिद्ध भारतीय दैनिक द हिन्दूका मस्कोस्थित संवाददाता ब्लादीमिर राद्युशिनका अनुसार येल्तसीनका एक जना चुनाव प्रचारक स्वयंमले राष्ट्रव्यापी रूपमा ५ प्रतिशत मत धाँधली गरेको स्वीकार गरेका छन्।

यही धाँधलीको फलस्वरूप पहिलो चरणको चुनावमा ज्यूगानोभ निकै अगाडि भएका ठाउँमा पनि दोस्रो चरणमा ज्यूगानोभको अप्रत्याशित रूपले मतसंख्या नकै घटेको देखिएको छ। त्यसरी धाँधली भएका प्रमुख क्षेत्रहरू हुन्- तातारस्तान, दागिस्तान, बाइकोर्तोस्तान, ककेशिया, मोर्दोभिया र उत्तरी ओशेनिया।

अहिले ज्यूगानोभले प्राप्त गरेको ४१ प्रतिशत मत यी संपूर्ण षड्यन्त्र र तिगडमहरूका वाजवजूद प्राप्त गरेको मत हो। त्यसैले येल्तसीनको मत कति आयो, त्यससित तुलना गरेर यसको सही मूल्याङ्कन हुन सक्दैन। येल्तसीनले र उनका साम्राज्यवादी संरक्षकहरूले चुनावमा के के सम्म गरे, त्यसको परिप्रेक्ष्यमा यो मतको मूल्याङ्कन गरियो भने मात्र वर्तमान रूसी जनमतको सही चित्र हाम्रोसामु आउनसक्छ।

यो चुनावले प्रष्टै देखाएको छ- वर्तमान रूसमा पाँचै वर्षमा पूँजीवाद आम जनताबीच यति अलोकप्रिय र वदनाम भइसकेको छ कि- त्यसलाई बचाउन अब क्रेमलिन मात्रैले सक्दै सक्दैन। बर्लिनदेखि वाशिङ्गटनसम्मका सारा शीर्षस्थ पूँजीवादी मस्तिष्कहरूले टुप्पीदेखि पैतालासम्मको बल निकालेर मात्र येनकेन यसको आयु धान्न सकेका छन्। तर पनि पूँजीवादीहरूको संकट तत्कालको लागि स्थगित मात्र भएको छ, टरेको छैन।

चुनावी परिणामले देखाएको छ- रूसी जनमत फेरि समाजवादको पुनर्स्मरण गर्न लागिरहेछ। त्यहाँको विचित्रको अन्तरविरोध के छ भने, रूसमा समाजवादको पुनर्स्थापना गर्ने संगठित शक्ति सही नेतृत्वको चाहिं ठूलो खडेरी देखिएको छ। त्यसो त २५ वटा वामपन्थी तथा राष्ट्रवादी पार्टी र समूहको एउटा संयुक्त मोर्चा "देशभक्त जनताको मोर्चा" (Peoples Patriotic Bloc) को साझा उम्मेदवारको रूपमा ज्यूगानोभले चुनाव लडे तर ज्यूगानोभ सुधारवादी कार्यक्रमको नारामा चुनाव लडे, समाजवादी कार्यक्रमको आधारमा लडेनन्। उनको चुनावी अभियानको मुख्य नारा थियो- सोभियत संघको स्वेच्छिक पुनर्स्थापना, मिश्रित अर्थतन्त्र, र सामाजिक सुरक्षा कार्यक्रम नीति। नीना एन्द्रिभाको नेतृत्वमा रहेको पार्टीले चाहिं चुनाव नै बहिष्कार गरेको बुझिएको छ। रूसको साम्यवादी आन्दोलनमा यसरी दायाँ अति र बायाँ अति मात्र हावी भएको देखिएको छ। वैज्ञानिक साम्यवादी बाटो र आजको ज्यूँदोजाग्दो यथार्थलाई सही किसिमले ग्रहण गरेको पार्टीको त्यहाँ अभाव खट्किएको छ। रूसी श्रमिक वर्गले र जनताले यस्तो नेतृत्वको विकास कसरी गर्ला ?- रूसको भविष्य त्यसैमा आधारित छ। तर त्यस्तो पार्टी फष्टाउने मलिलो भावभूमि चाहिं रूसमा प्रशस्त देखिएको छ।

अहिले, चुनावी परिणाम पछि रूसका देशभक्त, जनवादी र वामपन्थी शक्तिहरूले संसद र सडक दुवै ठाउँमा जनसंघर्ष छेड्ने घोषणा गरेका छन्। यो राम्रो लक्षण हो। हुनसक्छ, यही संघर्षको गर्भभित्रबाट रूसमा सही नेतृत्वको प्रादुर्भाव होस्।

❑

-श्याम श्रेष्ठ

१३ पेजको बाँकी



**बिस्तारवादी सोच राख्ने शासकहरुको देश भारतमै जनताहरु स्वयं चाहिं साम्राज्यवादको विरोधमा उत्रेका छन्**




कलकत्तामा भएको साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय सम्मेलनको सन्दर्भमा कलकत्ताको एक सडकमा झुण्ड्याइएको एउटा होर्डिङ बोर्ड

गरेपछि मात्र हामी साम्राज्यवादको जालमा फँसेको होइन । हामी साम्राज्यवादमा फस्ने क्रम भारतसंगको हाम्रो सम्बन्धले गर्दा पनि शुरू भएको हो । कतिपय क्षेत्रमा भारत हाम्रो लागि पूँजीवाद र साम्राज्यवादको माध्यम भएर रहेको छ । हामी भारतसंगको संबन्धलाई साम्राज्यवादसंगको सम्बन्धका रूपमा बुझ्ने चेष्टा गर्दैनौं । तर नेपालको वास्तविकता के हो भने, हामीले भारतमार्फत् नै साम्राज्यवाद बेसी भोगिरहेका छौं ।

हामीले बेचेको श्रम, पूँजी र सामान भारत भएर अन्य देशहरूमा पुग्छ ।

अहिले आएर हाम्रो विश्वव्यापारमा बढ्दो घाटा, हामीले तिर्नुपर्ने विदेशी ऋणको बढ्दो मात्रा, अहिलेको आर्थिक समायोजन कार्यक्रम मार्फत हामी साम्राज्यवादी जालमा फसेका छौं । पहिलेको नेपालको जुन संप्रभुता थियो, अहिले त्यो अर्थहीन भएको स्थिति छ । हामी ऋण, व्यापार, बस्तु विनिमय अथवा आर्थिक हिसावले मात्र होइन, के नैतिक के अनैतिक, के ठीक र के बेठीक भन्ने जस्ता सामान्य सामाजिक राजनैतिक मान्यतामा समेत क्रमशः साम्राज्यवादी फर्मूला अङ्गिकार गर्दैछौं । अहिलेको नेपालको स्थितिको विशिष्टता यही हो ।

साम्राज्यवाद विभिन्न ढोकाबाट देशमा घुस्छ । यो आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा समेत घुस्छ । यसमध्ये सबभन्दा बढी गहिरो प्रभाव पार्ने क्षेत्र सांस्कृतिक क्षेत्र नै हो । तर पस्ने मुख्य ढोका चाहिं आर्थिक नै हो ।

आर्थिक रूपमा कुरा गर्दा, हाम्रो देशमा कुन क्षेत्रमा कति लगानी गर्ने, कुनमा लगानी गर्ने, कुनमा नगर्ने, सामाजिक क्षेत्रमा लगानी घटाउने कि बढाउने; दूर संचार र विद्युत प्राधिकरण निजीकरण गर्ने कि नगर्ने, गरीबी निवारणको लागि के गर्ने ? यी सारा सवालहरू विश्व बैंकले नेपालमाथि लादेको छ । गरीबी चर्काउने कुरामा लगानी गर्दा पनि गरीबी निवारण गर्न लगानी गरेको हो भन्ने भान प्रशस्त पारिएको छ ।

हामीले नेपालमा हाम्रो सांस्कृतिक 'स्व' जुन गुमाउँदै गएका छौ, त्यो टड्कारो रूपमा गत १० वर्षमा यो संरचनागत समायोजन कार्यक्रम अन्तर्गत नै गुमाएका हौं । हामी आफैले व्यापार र उद्योग क्षेत्रमा विकास गर्न सक्थ्यौं होला वा त्यो सक्दैनथ्यौं,- त्यो कुरो आफ्नै ठाउँमा छ । तर राष्ट्रिय रूपमा के ठीक हो, के वेठीक हो, के गरे फाइदा हुन्छ, के गरे वेफाइदा हुन्छ भनेर नीतिगत निर्णय हामीले गर्नै नपाउने अहिलेको स्थितिले नै हाम्रो हरेक क्षेत्रको विकासमा बाधा भइरहेको छ ।

सन् १९८५ मा विश्व बैंकले पहिलो चोटि संरचनागत समायोजनको कार्यक्रम ल्यायो । १९८६-८७ देखिको हाम्रो बजेटमा यो कार्यक्रम समावेश गरियो ।

हामीले विश्वव्यापार संगठन संबन्धी अन्तर्राष्ट्रिय संझौतामा पनि विना कुनै विरोध सही गरिसकेका छौं । भारतले भने गरीवहरूलाई सस्तो दरमा वस्तुहरू उपलब्ध गराउने लगायत केही सवालमा आफ्ना केही असहमतिहरू राखेको छ ।

## कृषि क्षेत्रमा असर

यो सन्धि अन्तर्गतको "वौद्धिक संपत्तिको अधिकार" सम्बन्धी प्रावधानले नेपालको कृषि क्षेत्रलाई धराशायी बनाउन सक्छ । यो प्रावधानले व्यवस्था गरेअनुसार नेपालमा खेतीमा प्रयोग हुने उन्नत वीउमा समेत बहुराष्ट्रिय निगमहरूले पेटेण्ट गर्ने अधिकार हुनेछ । नेपालमा परंपरागत रूपले प्रयोग हुने वनस्पतिहरू, जडीबुटीका स्रोतहरूमाथि पनि उनीहरूले पेटेण्ट गर्न सक्छन् । यस्तो भयो भने नेपाली किसानहरूले बहुराष्ट्रिय निगमहरूलाई प्रशस्त रोयल्टी नतिरीकन यस्तो वीउ र वनस्पति लगाउन, प्रयोग गर्न पाउने छैनन् । यसबाट यी वीउहरू त अति महँगा हुनेछन् हुनेछन्, कैयन वनस्पतिहरूमा नेपालीहरूको हक खत्तम हुनेछ । हामी उनीहरूको अनुमति बेगर यसको खेती गर्न र बेच्न पाउने छैनौं । यसबाट कृषि क्षेत्रमा निकै प्रतिकूल प्रभाव पर्नेछ ।

त्यस्तैं WTO कै प्रावधान मुताविक हामीले बाहिरबाटै आयात हुने वस्तुको भन्सार महशुल निकै ठूलो मात्रामा घटाउनु पर्नेछ । नेपालका अधिकांश राजस्व भन्सारबाटै आउँछ । त्यो स्वाट्टै घटेपछि नेपालको राज्यसंग परिचालन गर्ने स्रोतकै ठूलो अभाव हुनेछ । यसको असरको लामो चर्चा मैले माथि गरिसकें । अहिले छोटोमा भनौं- अहिले राजस्वको उठ्ती र संचालनमा उनीहरूको प्रशस्त नियन्त्रण बढेको छ, यसबाट नेपाली राज्य सदाबहार परनिर्भर भिखारीमा बदलिनेछ ।

त्यस्तै, बसाई सराइबाट भनौं वा श्रमशक्तिको निर्यातले हाम्रा गाउँहरूमा वा तराईहरूमा श्रमशक्तिको निकै अभाव भइरहेको देखिन्छ, जुन गरीबीकै कारणले भइरहेको छ । गरीबी निवारणको सम्बन्धमा पनि सरकारले कत्तिको पैसा खर्च गर्नु हुन्छ, कति हुँदैन भन्ने शर्तहरू छन् ।

निजीकरणको वृद्धिले रोजगारी बढाएर गरीबी हटाउन सकिन्छ भन्ने कुरा प्रचारित भइरहेको छ । तर निजीकरण गर्दा गरीबी हटेको विश्वमा विरलै प्रमाण भेटिएको छ । बरू गरीबी बढेको प्रमाण चाहिं धेरै भेटिएको छ । तर विश्व साम्राज्यवादी वित्तीय संस्थाहरूलाई यो प्रामाणिक लाग्दैन । किनकि, यसबाट उनीहरूलाई प्रशस्त पूँजी खेलाउने र लगानी गर्ने मौका प्राप्त हुन्छ । त्यसैले, उनीहरूले सरकारी क्षेत्रभन्दा निजी क्षेत्र नितान्त सक्षम हुन्छ भनेर त्यसलाई आर्थिक सिद्धान्तको रूप दिएका छन् ।

संरचनागत समायोजन कार्यक्रम अन्तर्गत सरकारी कर्मचारी घटाउने दवाब पनि आएको छ । सरकारी कर्मचारी घटाउँदा अरू क्षेत्रमा लगायत स्वास्थ्य क्षेत्रमा पनि ठूलो असर पारेको छ । कर्मचारी घटाउँदा खोप कार्यक्रम, औलो उन्मूलन कार्यक्रममा सुस्तता आएको बुझिएको छ ।

अहिलेको आर्थिक समायोजन कार्यक्रम अन्तरगत सरकारबाट दिने सबै खालको अनुदान हटाउँदै जानुपर्छ भन्ने छ । तर तुरून्तै हटाउँदा विद्रोह हुने, राजनैतिक अस्थिरता बढ्ने सम्भावना भएकोले गर्दा विश्व बैंकले यति समयभित्र नै हटाउँनु पर्छ भनेर भनेको छैन । यदि राज्यले जनतालाई नभई नहुने अति आवश्यक वस्तुमा दिइराखेको अनुदान हटाउने हो भने उनीहरूले उपभोग गर्ने अत्यावश्यक सामानहरूको मूल्य स्वतः बढ्छ । त्यस स्थितिमा मजदूहरूको क्रयशक्ति र गरीबी बढ्ने निश्चित छ ।

तर नेपालले अनुदान घटाउँदै जाने भन्ने निर्णय गरिसकेको छ । जसबाट अनुदान घटाउन सकिंदैन, त्यसमा अनुदान नबढाउने भन्ने पनि निर्णय छ । रसायनिक मलमा अनुदान घटाउनाले ०४८ सालयता ३०० प्रतिशत भाऊ बढेको छ । यसले यो मल प्रयोग गर्ने किसानहरूलाई ठूलो घाटा परेको छ ।

यसरी बहुराष्ट्रिय कम्पनी सोझै नेपालमा पसेर मजदूरहरूलाई वा अन्य वर्गलाई हानी गर्न नसकेता पनि बाहिरबाट अनियन्त्रित रूपमा आयात हुने सामानहरूको औइरोले गर्दा साना तथा ग्रामीण क्षेत्रका घरेलु उद्योगहरू बन्द हुँदैजाने क्रम बढेको छ । जस्तो- हालै कपडाको उत्पादनमा कर बढेकोले यहाँका कपडा उद्योगहरू धमाधम बन्द हुनथालेका छन् । त्यो बन्द भयो भने, मजदूरहरू बेरोजगार हुन्छन् । भारतबाट कपडाको आयात बढ्छ ।

यसरी कतिपय कुराहरूमा विश्व साम्राज्यवादले भन्दा भारतले हामीलाई गाँजेको देखिन्छ । तर यसलाई पनि विश्व साम्राज्यवाद अन्तरगतकै हस्तक्षेप हो भनेर बुझ्नुपर्ने हुन्छ ।

## राज्य यन्त्रमा प्रभाव

हाम्रो जस्तो कुनै पनि राज्यको एउटा बलियो खम्बा नोकरशाही यन्त्र हो । साम्राज्यवादीहरू "नोकरशाही यन्त्र भ्रष्ट

**साम्राज्यवादले सबभन्दा बढी गहिरो प्रभाव पार्ने क्षेत्र सांस्कृतिक क्षेत्र हो, तर पस्ने मुख्य ढोका चाहिं आर्थिक नै हो**

हुन्छ" भन्ने नारा दिएर हामी जस्ता हरेक राज्यको नोकरशाही यन्त्रलाई कमजोर र पंगु पार्नतिर लागिरहेका छन् ।

हो, भ्रष्ट त छ, तर प्रश्न यसलाई कसरी सुधार्ने भन्ने हो । यसमा उनीहरूको स्वार्थ के छ भने, नोकरशाही यन्त्र बलियो भयो भने, साम्राज्यवादीहरूको घूसपैठमा त्यसले निगरानी राख्न सक्छ, नियन्त्रण गर्न सक्छ । त्यो कमजोर भयो भने उनीहरू मनपरी गर्न पाउँछन्, बेस्सरी नाफा हसुर्न पाउँछन् । त्यसैले साम्राज्यवाद अन्तर्गत देश देशको नोकरशाही यन्त्रलाई कमजोर पार्दै लैजाने प्रक्रिया जारी छ । त्यो हामीकहाँ पनि जारी छ । हाम्रो नोकरशाही यन्त्र त्यति धेरै कमजोर भइसकेको छैन । तर ५/१० वर्षपछि त्यो यस्तै रहने स्थिति छैन । त्यो धेरै कमजोरै भइसक्ने देखिन्छ । उनीहरू यसै दिशामा प्रयत्न गर्दैछन् । खालि नोकरशाही यन्त्र होइन, राजनीतिक पार्टीहरू समेत कमजोर र गैर-राजनैतिक हुने संभावना व्यापक छ ।

# विश्व साम्राज्यवादको आजको चित्र

## विश्वमा उत्पादन र पूँजी कसरी निकै थोरै मान्छेसंग थुप्रिदैंछ ?

- **विश्वका ५०० सबैभन्दा ठूला औद्योगिक कर्पोरेशनहरुले विश्वका कूल जनतामध्ये एक प्रतिशत जनतालाई रोजगारी दिन्छन् तर विश्वको कुल उत्पादनमध्ये २५ प्रतिशत आर्थिक उत्पादनमा नियन्त्रण गर्छन ।**
- **विश्वका ३०० ठूला ट्रान्सनेशनल कर्पोरेशनहरुले विश्वका कुल उत्पादनशील सम्पत्तिमध्ये २५ प्रतिशत संपत्तिमा आधिपत्य राख्छन् ।**
- **विश्वका ५० वटा सबैभन्दा ठूला बैंक र वित्तीय कंपनीहरुको कुल सम्पत्ति एकै ठाउँमा जोड्दा उनीहरुले विश्वको कुल उत्पादनशील पूँजीमध्ये ६० प्रतिशत पूँजीमा आफ्नो आधिपत्य कायम गरेका छन् ।**
- **विश्वका ३५८ जना सबैभन्दा धनी अरबपतिहरुले विश्वको लगभग आधा (४५ प्रतिशत) जनसंख्याको कुल वार्षिक आम्दानीभन्दा पनि बेसी संपत्ति थुपारेका छन् ।**

स्रोतः द इकोनोमिस्ट, लण्डन/हुभर्स हायण्ड बुक अफ वर्ल्ड बिजिनेस/ यूएनडीपी, ह्यूमेन डेभलपमेण्ट रिपोर्ट १९९६

## सांस्कृतिक क्षेत्रमा साम्राज्यवादको प्रवेश

विश्वस्तरमा भन्ने हो भने, दुई चार वटा साम्राज्यवादी देशको संस्कृति विश्वका सबै मुलुकमा फैलिने- हावी हुने प्रक्रिया बढ्दो छ । भाषाको क्षेत्रमा त त्यो प्रष्टै देखिएको छ । संयुक्त राष्ट्रसंघमा प्रचलित पाँच भाषाहरू, त्यसमध्ये पनि अंग्रेजी भाषा, विश्वभरि हावी हुँदैछ । धर्मको क्षेत्रमा पनि यस्तै हुँदैछ । ईसाई धर्म अहिले बेसी हावी हुन थालिरहेछ । भाषा र धर्म दुवै संस्कृतिका संकेत मात्र हुन् । वास्तवमा भाषा र धर्ममार्फत् एउटा जातिको संस्कृति अरू सारामाथि लादिंदो छ, हावी हुँदो छ ।

के उपभोग्य हो, के होइन ? के राम्रो हो, के नराम्रो ? के ठीक हो, के वेठीक ? जीवन कसरी बिताउने ? के नभैनहुने कुरा हो, के नभए पनि हुने कुरा हो ?- यी सबै आफै छुट्याउन नसक्ने विन्दुमा हामी पुग्दैछौं ।

पश्चिमेली साम्राज्यवादले यी सबै प्रश्नमा आफ्नो स्वार्थ मुताविकको मानदण्ड विकास गरेको छ । त्यही मानदण्ड शिक्षा, साहित्य, कला र संचार माध्यममार्फत् हामीमाथि लादिंदैछ । हामी उनैका मानदण्ड मुताविक सोच्ने, धारणा बनाउने गरिरहेछौं । संसार उनीहरूकै मानदण्ड मुताविककै एकल-संस्कृतिमा पुग्न लागिरहेछ । रेडियो, टि.भी., शिक्षा सबैले यही दिशामा काम गरिरहेछन् ।

यो काम साम्राज्यवादीहरूले मात्र गर्दैछन्, म यस्तो भन्दिनँ । राज्य व्यवस्थाहरू आफैले पनि यस्तो काम गर्दैछन् । फिल्म, रेडियो र टि.भी नेपालमा खुल्नुअघि नेपालमा प्रशस्त जातीय र सांस्कृतिक विविधताहरू थिए । अहिले गीत त्यही हुने भो, जुन रेडियो नेपालले बजाउँछ । नाच त्यही हुने भो, जुन फिल्म र टि.भीले देखाउँछ । हाम्रो आफ्नो सांस्कृतिक विविधता यो प्रक्रियाबाट मर्दै जाँदैछ । हाम्रो देश र विश्व एकल-संस्कृतितर्फ संक्रमित हुँदैछ । त्यो जातिको संस्कृति विश्वभरि हावी हुँदैछ, जो आर्थिक रूपले र राजनीतिक रूपले संसारमा सबभन्दा प्रभुत्वशाली भएको छ ।

त्यसैले साम्राज्यवाद अन्तर्गत स्थानीय संस्कृतिमाथि व्यापक अतिक्रमण भएको छ । र, राज्यवाद अन्तर्गत पनि त्यो अतिक्रमण भएकै छ । राज्यवाद अन्तर्गत राष्ट्रिय संस्कृति भन्ने कुरा बाँकी थियो । तर साम्राज्यवादले थालेको विश्वव्यापीकरणले ती राष्ट्रिय संस्कृतिहरूलाई पनि ध्वंश गर्दै लँदैछ ।

सांस्कृतिक अतिक्रमणको रूपमा त्यो काम सबैभन्दा तीव्र रूपमा हिन्दी फिल्महरूले गरिरहेका छन् । जस्तो फिल्म "रंगीला" ले । हिन्दी फिल्ममा भाषा मात्र हिन्दी हो । संस्कृति त त्यो पूँजीवादी साम्राज्यवादी संस्कृति नै हो । त्यो पश्चिमेली संस्कृति नै हो । त्यो भारतवर्षको वा दक्षिण एशियाको संस्कृति होइन । त्यो भारत भएर पश्चिमेली साम्राज्यवादी संस्कृति नै पसेको हो हामीकहाँ । यसले हाम्रो यहाँका नैतिक मूल्यहरू, सांस्कृतिक उँचाइहरू भत्काउँदै लँदैछ । यसलाई सांस्कृतिक आक्रमण भन्नु उचित हुन्छ ।

## कसरी जुध्न सकिन्छ साम्राज्यवादसित ?

पहिलो गर्न सकिने र गर्नुपर्ने कुरा हो- साम्राज्यवादीहरूको सबैभन्दा पछिल्लो अथवा अध्यावधिक स्थिति र उनीहरूका नीति र योजनाहरूबारे जानकारी राख्नु । त्यसो भयो भने उनीहरूका नयाँ जालमा पर्नबाट जोगिने संभावना रहन्छ ।

दोस्रो गर्न सकिने कुरा हो- उनीहरूसित लड्नको लागि देशभित्रको राजनीतिलाई सवल पार्नु । अर्थात् उनीहरूको हस्तक्षेप हुन नदिन राजनीतिक रूपले सजग रहनु, त्यस्तो [illegible] बढाउनु । कुन राजनीतिक पार्टीमार्फत् साम्राज्यवादी हस्तक्षेप विरूद्ध संगठित तवरले लड्न सकिन्छ, कुन संयुक्त मोर्चामार्फत् उनीरूका हस्तक्षेप विरूद्ध व्यापकतम जनशक्तिलाई एकगठ गर्न सकिन्छ, त्यस्तो पार्टी र मोर्चाको छानामुनि एकगठ हुनु- दोस्रो गर्न सकिने कुरा हो ।

तेस्रो, गर्न सकिने कुरा हो- वर्तमान राज्यव्यवस्था अन्तर्गत सामम्राज्यवादसित लड्न सकिने हो कि होइन, होइन भने कस्तो राज्य व्यवस्था चाहिने हो, राज्य व्यवस्थाले उसको हस्तक्षेप विरूद्ध लड्न के गर्नुपर्ने हो, के नगर्नुपर्ने हो- त्योबारे मत बनाउनु र विभिन्न संचारमाध्यम र जनप्रतिनिधिमार्फत् त्यो मतलाई अगाडि सार्नु ।

चौथो, विश्व साम्राज्यवाद विरूद्ध एक्लाएक्लै देशहरू र राज्य व्यवस्थाहरूले लड्न गाह्रो छ । साम्राज्यवादीहरू एक छन्, तर साम्राज्यवादका शिकारहरू एक छैनन । साम्राज्यवादीहरूले खोजेको स्थिति यही हो । यो स्थितिलाई अन्त गर्नु पर्छ, अन्यथा साम्राज्यवाद विरूद्ध लड्नु असंभव हुनेछ । यसको लागि सबै देशका उत्पीडित जनताहरू र राज्यहरू एक हुने प्रक्रिया थाल्नु, ऐक्यवद्धता बढाउनु जरूरी छ । साना साना जन्तुहरू मिले भने ठूलो जन्तुलाई पनि परास्त गर्न सक्छन् । उनीहरूको आक्रमणबाट जोगिन सक्छन् । यो कुरा नीति कथा एवं प्रकृतिमा हामी प्रशस्तै देख्छौं । यही कुरा साम्राज्यवादको हकमा पनि लागू हुन्छ ।

यो युग साम्राज्यवादीहरूको मात्र अस्तित्वको युग होइन, साम्राज्यवादबाट उत्पीडितहरूको पनि निर्णायक संघर्षको युग हो यो । साम्राज्यवादीहरू जसरी विश्वव्यापीकरण गर्दैछन्, आफ्नो शोषण र उत्पीडनलाई, त्यसरी नै उनीहरूबाट उत्पीडित र शोषितहरूले पनि उनीहरूविरूद्धको आफ्नो संघर्षलाई विश्वव्यापीकरण गर्नपर्ने र गर्न सक्ने बेला हो यो । संख्यामा हेर्ने हो भने साम्राज्यवादीहरू भन्दा त्यसबाट उत्पीडितहरू संख्यामा निकै ज्यादा छन् । ठाउँ ठाउँमा उनीहरू बहादुरीपूर्वक लड्दै पनि छन् ।

तर पहिलो मूल समस्या, यो लडाई छरपष्ट भयो र यो स्थानीय तहमा सीमित भयो ।

हामीमाथिको उत्पीडनको विश्वव्यापीकरण भयो तर हाम्रो लडाईंको विश्वव्यापीकरण भएन । हामी विश्वव्यापी रूपमा एक भएनौं । हामी मिल्न सकिने जति पनि मिलेनौं ।

दोस्रो, साम्राज्यवादसंग कसरी लड्ने भन्ने सम्बन्धमा पनि हाम्रो मतैक्यता भएन ।

यी दुवै समस्या हल गर्नु जरूरी भएको छ ।

हामीसित देशभक्ति छ । त्यो आवश्यक छ । तर साम्राज्यवाद विरूद्ध लड्न त्यत्तिले पुग्दैन । हामीसित विश्व साम्राज्यवादविरोधी भक्ति पनि हुनु जरूरी हुन्छ । आफ्नोदेशको सीमाभन्दा बाहिरसम्म पनि फैलिएको विश्व साम्राज्यवादविरोधी आर्थिक, राजनीतिक र सांस्कृतिक संगठनको जरूरी भएको छ । अहिले विश्वमा यस्तो संगठनको विकासको लागि विश्वका विभिन्न भागमा बढी से बढी संपर्क, सम्बन्ध र एकता विकास गर्नु जरूरी छ । साम्राज्यवादीहरूको यस्तो संगठन किन हुन सकिरहेछ, हाम्रो किन हुन सकिरहेको छैन ?- यो बारे हरेकले घोत्लिनु जरूरी छ ।

विश्वव्यापी रूपमा साम्राज्यवादका शिकारहरू संगठित हुने हो भने, वर्ग सचेत हुने हो भने, साम्राज्यवादीहरूलाई परास्त गर्नु सकिन्छ । ❑

**फिल्म, रेडियो र टि.भी नेपालमा खुल्नुअघि नेपालमा प्रशस्त जातीय र सांस्कृतिक विविधताहरू थिए**

**निजीकरण भएमा एक कल टेलिफोनको ६ रूपिया पर्ने ! न्यूनतम महशुल रू. ५०० पुग्ने ! के औसत नेपालीले यति तिर्न सक्छ ?**

# किन हड्ताल हुँदैछ दूर संचार संस्थानमा ?

## नेपाल दूर संचार कर्मचारी संघका अध्यक्ष राजन अधिकारीसंगको अन्तर्वार्ता

**◉ अहिले संयुक्त संघर्ष समिति भङ्ग भइसकेको छ । यस स्थितिमा तपाईहरुको अबको कार्यक्रम कस्तो होला ?**

- वास्तवमा संघर्षको थालनी हामीले नै गरेका थियौं । तर, सबैलाई समेटेर जानु बेस हुने ठानेर पछि हामी आफैले संयुक्त संघर्षको लागि पहल गरी संयुक्त संघर्ष समितिको गठन गर्‍यौं । र, यसले असार १९ देखि श्रावण ४ सम्म काम पनि गर्‍यौं ।

तर, अहिले उहाँहरू संयुक्त संघर्षबाट हट्नु भएको छ । उहाँहरू हट्नु भए पनि संघर्षको टेम्पो भने घटेको छैन । बरू अझ तेज हुँदैछ ।

**◉ संयुक्त संघर्ष समितिबाट हट्नेहरुले त्यसरी हट्नु परेकोमा के कुरालाई कारणको रुपमा अगाडि सारेका छन् ?**

- वहाँहरू अर्थात् "नेपाल दूर संचार संस्थान कर्मचारी संघ" का साथीहरू नेपाली कांग्रेसको भातृ संगठन नेपाल ट्रेड यूनियन कांग्रेससंग आवद्ध हुनु हुन्छ । यस नाताले उहाँहरू मागमा उहाँहरूको चित्त बुझेपनि अहिले नेपाली कांग्रेसले नेतृत्व गरेको सरकारको नीति नाघेर अघि जान सक्नु भएन ।

**◉ सरकारले संस्थानलाई निजीकरण गर्न किन खोज्यो र यसलाई तपाईहरुले किन विरोध गर्नुभयो ?**

-सरकारले अहिले दूर संचारलाई निजीकरणको नाममा विदेशीकरण गर्दैछ । त्यसले अहिले अन्तर्राष्ट्रिय गेट वे एक्सचेन्ज लगायत केही सेवाहरूलाई निजी कंपनीहरूलाई सुम्पी एउटा अर्कै समानान्तर दूर संचार संस्थाको जन्म गरेर त्योसंग नेपाल दूर संचार संस्थान (NTC) लाई प्रतिस्पर्धामा उतार्ने तयारी गर्दैछ ।

यसरी व्यावसायिक रूपमा संचालन गरिने निजी कंपनीहरूको त्यो संस्थासंग सरकारको नीति तथा कार्यक्रम अन्तर्गत सरकारको ढिलढाल नोकरशाही तन्त्रको प्रत्यक्ष नियन्त्रणमा रही काम गर्न बाध्य भएको दूर संचार संस्थानले प्रतिस्पर्धा गर्नु पर्दा यसको संरचना धरासायी हुने निश्चित छ ।

यदि यस्तो भएमा NTC का चार हजार कर्मचारीहरूको रोजीरोटी खतरामा पर्न जान्छ । र, सर्वसाधारणले पनि टेलिफोन सेवा हालको जस्तो सस्तो र सरल रूपमा पाउँन सक्ने छैनन् । तर यसबाट ती विदेशी निजी कम्पनीहरू भने मालामाल हुनेछन् ।

सरकारले देश र जनताको लागि यस्तो घातक नीति ल्याउनुको पछाडि कमिशनको चक्कर मुख्य कारणको रूपमा देखिन्छ ।

त्यसैले हामी सरकारको यस घातक नीतिको विरोधमा आन्दोलन गरिरहेका छौं ।

**◉ के तपाईहरु नीजीकरणको होइन, त्यसको नाममा हुने विदेशीकरणको मात्र विरोधी हुनुहुन्छ ?**

- एउटा त हाम्रो स्पष्ट अडान के हो भने, NTC लाई स्वायत्तता प्रदान गर्नुपर्छ । यसो हुनका लागि त्यसमा सरकारको पनि शेयर हुनुपर्छ र त्यस्तै देशभित्रका पूँजीपतिहरू, दूर संचारकर्मीहरू र विभिन्न स्वदेशी वित्तीय कंपनीरूको पनि शेयर हुनुपर्दछ, निजीकरणको नाममा विदेशी कम्पनीहरू भित्र्याउने होइन ।

अहिले सरकारले ८० प्रतिशतभन्दा बढी शेयर निजी कम्पनीहरूको हुन्छ भन्ने मान्यता राखी टेलिफोन सेवामा निजीकरण गर्दैछ ।

हाम्रो अर्को कुरा, सरकारले निजी कंपनीरूलाई आफ्नो आम्दानी डलरमा विनिमय गर्ने सुविधाहरू समेत राखी निजीकरण विधेयक ल्याउँदै छ । यो किसिमले उनीहरूले कमाएको पैसा भोलि यो देशमा रहँदैन, त्यो त भोलि विदेशमा फर्कन्छ । यस अवस्थामा नेपालीहरूले के फाइदा पाउँछन् ?

त्यसैले, हामी के भन्छौं भने, पहिले त संस्थानलाई स्वायत्तता दिनुपर्‍यो र स्वायत्तता दिने क्रममा दूर संस्थानको विदेशीकरण होइन कि स्वदेशीकरण हुनुपर्‍यो ।

**◉ सरकारले यस्तो प्रकारको नीति किन ल्याएको होला त ?**


- भन्न त सरकारले यस्तो नीति देशमा बढ्दो टेलिफोन सेवाको मागलाई पूर्ति गर्न, विदेशी पूँजी तथा प्रविधि स्वदेशमा भित्र्याउन ल्याएको हो भनेर भनिन्छ ।

तर, यो सबै सरकारले सर्वसाधारणलाई भ्रममा पार्न खोजेको मात्रै हो । निजी कम्पनीहरूको क्षमतालाई हेर्दा अहिले माग भइरहेको २ लाख टेलिफोन लाइनको ठाउँमा तिनीहरूले केवल २५ हजार लाइन मात्र दिन सक्छन् । त्यस्तै विदेशी पूँजी त विदेशमै फर्कने त भयो नै । साथै विदेशी प्रविधि पनि देशमा भित्रिने कुनै सम्भावना छैन ।

त्यसैले सरकारले दूर संचारमा निजीकरणको नारा ल्याउनुमा जनता, देश, NTC र यसका कर्मचारीहरूको पक्षमा कुनै उद्देश्य रहेको छैन । ठोकेर भन्ने हो भने, सरकारले यस्तो नीति लिनुमा कमिशनको चक्कर बाहेक अरू केही देखिन्न ।

**◉ सरकारले के भनेको छ भने, यो निजीकरणको कार्यक्रम पहिले कै सरकारको कार्यक्रमको निरन्तरतामा गरिएको हो र यो अहिलेको सरकारले नै ल्याएको होइन । यसमा तपाईको भनाइ के छ ?**

- हामी के भन्छौं भने, जनता, देश, NTC र यसका कर्मचारीहरूको हित विपरित हुने कार्यक्रम जुन सुकै सरकारले ल्याए पनि त्यो ठीक होइन,



फोटोः उषा

त्यसको हामी विरोध गर्छौं । त्यसैले यो अहिले ल्याइराखेको निजीकरणको घातक नीति जुनसुकै सरकारको पालामा आएको वा कार्यान्वयन हुने भए पनि हामी विरोध नै गर्छौं ।

**◉ अहिले बजारमा एकातिर दूर संचार निजीकरण भएमा साधारण न्यूनतम टेलिफोन महशूल दर ५०० देखि ७०० सम्म हुने, स्थानीय एक कल टेलिफोनको रु ७ पर्ने हल्ला चलिरहेछ भने, अर्कातिर सरकार यो हल्ला भ्रुठ हो र निजीकरणले महशूल बृद्धि गर्दैन भनिरहेछ । वास्तविकता के हो ?**

- सरकारको भनाइ सत्य होइन । सरकारले प्रमाणित गरिदिन सक्नु पर्‍यो र प्रतिवद्धता देखाइदिन सक्नु पर्‍यो कि भाऊ बृद्धि हुँदैन भनेर ।

हेर्नुस्, हामीले तथ्यहरूको आधारमा भाऊ वृद्धि हुन्छ भनिराखेका छौं । र, निजीकरण भएमा तपाईंले प्रश्नमा भने अनुसार नै महशुल बढ्नेवाला छ ।

अहिलेसम्म अन्तर्राष्ट्रिय टेलिफोन सेवाबाट पाएको मुनाफालाई स्थानीय टेलिफोन तथा देशीय ट्रंकमा तिनीहरूको भाऊ बढ्न नदिन अनुदान (Subsidy) को रूपमा प्रयोग गरिँदै आएको छ । अब सरकारको निजीकरणको नीति अनुसार अन्तर्राष्ट्रिय गेट वे एक्सचेन्ज चलाउन निजी कम्पनीहरूलाई पनि अनुमति दिए पछि त्यो संग NTC ले प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । फलस्वरूप, अन्तर्राष्ट्रिय टेलिफोनमा भाऊ घटाउनु पर्ने हुन्छ । त्यस अवस्थामा स्थानीय तथा देशीय ट्रंक टेलिफोनले प्राप्त गरिराखेको अनुदान रोकिन्छ र तिनीहरूको भाऊ लागत मूल्य अनुसार तोक्न NTC बाध्य हुन्छ । यसले गर्दा न्यूनतम महशुल र साधारण स्थानीय टेलिफोन महशूल दरमा स्वतः वृद्धि हुन आउँछ । यो बृद्धि २५० देखि ३००% सम्म हुनसक्ने सम्भावना छ । र, यसबाट स्थानीय कलको कम्तीमा रू ६ पर्ने र न्यूनतम महशूल कम्तीमा रू ५०० हुने टड्कारो संभावना छ । के यति महशूल औसत साधारण नेपालीले तिर्न सक्छन् ?

**◉ अहिले सरकार निकै आक्रामक रुपमा आएको देखिन्छ, यो परिस्थितिमा तपाईंहरुको कार्यक्रम कुन हदसम्म अगाडि बढ्ला जस्तो छ ?**

- अहिले २४ घण्टामा एक सेकेण्ड पनि काम भएको छैन । योभन्दा हद त के होला ? जहाँसम्म सरकार आक्रामक शैलीमा आइरहेछ भन्ने सवाल छ, यसमा तपाईंले यदि "अत्यावश्यक सेवा ऐन २०१४" को कुरा गर्नु भएको भए मलाई के लाग्दछ भने, यो ऐन पंचायती कालभन्दा पनि पहिलेको हो । त्यसैले यो अहिले लागू गर्न मिल्दैन ।

अर्के कुरा, हाम्रो संघ भनेको अहिलेको ट्रेड यूनियन ऐन अन्तर्गत छ । स्वाभाविक रूपमा जेठो र कान्छो ऐन बाभ्छ भने कान्छो ऐन लागू हुन्छ । फेरि ट्रेड यूनियन ऐन विशेष ऐन भएकोले यही ऐन नै बढी सक्रिय हुन्छ ।

त्यसैले, सरकारले ०१४ सालको ऐन अन्तर्गत कार्वाही गर्छ भने, हामी अदालत जान्छौं । हामीलाई विश्वास छ, अदालतले हामीलाई पुनर्स्थापित गर्नेछ ।

**◉ सरकारले अहिले तपाईंहरुलाई वार्ताको लागि बोलाएको छैन ?**

- छैन, छैन । अहिलेसम्म वार्ताको लागि सरकारले औपचारिक रूपले बोलाएको छैन र बोलाउने पहल पनि गरेको छैन । अहिलेसम्म जे जति वार्ताहरू भएका छन्, ती सबै केवल अनौपचारिक रूपमा मात्र भएका हुन् ।

**◉ नेकपा (एमाले) का अध्यक्षले त संसद्मा तपाईंहरुको आन्दोलनको पक्षमा बोल्नु भयो । तपाईंहरुको आन्दोलनप्रति अरु राजनीतिक पार्टीहरुको दृष्टिकोण के पाउनु भएको छ ?**

-हामीले सत्तारूढ पार्टीहरूका तथा विपक्षी पार्टीहरूका नेता तथा सांसदहरूलाई भेटघाट गरेका छौं र उहाँहरूलाई यूनियनको तर्फबाट अपिल पनि बाँडेका छौं । उहाँहरू सबैको यसमा सकारात्मक धारणा भएको नै हामीले पायौं र उहाँहरू सबैले हामीलाई सद्भाव जाहेर गर्नुभएको छ । ❑

*-तुल्सीदास महर्जन*



## मद्रासबाट

म "मूल्यांकन" मासिकको नियमित पाठक हुँ। प्रत्येक अंक खोजी खोजी अध्ययन गर्ने बानी नै भएको छ। त्यसै क्रममा अंक ३५ पनि अध्ययन गर्न पाएँ, जसमा संसदीय व्यवस्थामा के गर्न संभव छ ? के गर्न संभव छैन ? भन्ने विषयमा वामपन्थी नेता तथा बुद्धिजीवीहरूको अन्तर्क्रिया, माओ विचारलाई वाद भन्नु सही छ अथवा छैन ? भन्ने विषयमा बहस, के सोभियत संघ फेरि ब्युँझेला ? भन्ने आवरण कथा र पढे-लेखेका छोरी बुहारी किन समस्या बनिरहेका छन् ? भन्ने नीति-संस्कृति अत्यन्तै समसामयिक लागे। आगामी अंकहरूमा पनि यस प्रकारका महत्वपूर्ण विषय-वस्तुहरू समावेश गरियून्।

**- गोविन्द श्रेष्ठ, मद्रास**

## नयाँ दिल्लीबाट

अंक ३९ पढ्ने अवसर पाएँ, साह्रै खुशी लाग्यो। यसमा ब्रसेल्स सम्मेलनको विशेष रिपोर्टले संसारभरिका मजदूरहरूलाई एक ढीका हुन आह्वान गरेको छ। "झुक्दै नझुक्ने पहाडको छोरा" (माइला बाजे) को जीवनीले संपूर्ण नेपाली जनतालाई एकक्षण त्यसतर्फ नजर लगाउन प्रेरित गर्दछ। कथा "विडम्वना"ले आजको कुरीतिपूर्ण समाजलाई चुनौती दिन्छ र नयाँ मोड अप्नाउन उन्मुख गर्दछ। त्यस्तै, पूर्वका थारूको दुःखदपूर्ण जीवनी, छोरीलाई छोरासरह हिस्साको लेखाजोखा र काली गण्डकी "ए" को विस्तृत जानकारी पठनीय छ। तर सरकार र नेपाल विद्युत प्राधिकरणले बिजुली महशूल र दरमा बृद्धि गरी गरेको जनताप्रतिको खेलवाड देखेर रून मन लाग्छ। मूल्यांकनले प्रवासीहरूको दुःख वेदनाहरू पनि जनसमक्ष पुर्‍याउन थालेमा राम्रो हुने थियो।

**- फलक शर्मा भुषाल**
**पर्वत, शंकरपोखरी-१,**
**पुर्वेस्वारा, हाल- नयाँदिल्ली**

## ब्रुनाईबाट

विदेशमा रहेर पनि "भूल्यांकन" मासिकको नियमित पाठक बन्न सफल भएको लगभग एक वर्ष बितेछ।

पूँजीवाद र साम्राज्यवादको विरोधमा विश्वका वामपन्थीहरूले गरेको संघर्ष सम्बन्धी समाचारहरू सर्वसाधारण जनतासमक्ष पुर्‍याएकोमा यसलाई धन्यवाद।

अरूण ३ को जस्तै अंक ३९ मा काली गण्डकी "ए" जस्ता बिभिन्न परियोजना अन्तर्गत सत्ता र विद्युत प्राधिकरणले गत वर्षदेखि पटक पटक गर्दैआएको मूल्य वृद्धितिर इन्जिनियर तथा बुद्धिजीवि सर्कलबाट गरिएको अन्तर्क्रियाप्रति अधिकांश नेपाली जनता ऋणी छन् भनी विश्वस्त छु।

छोरीलाई छोरासरह सम्पत्ति दिनु हुन्छ कि हुँदैन भन्ने सामग्रीले सचेत सज्जन र साधारण पुरूष तथा महिलाहरू समेतमा पाठ्य सहभागिताको लागि थप नौलो आयाम थपेको छ भन्नुमा अतिशयोक्ति नहोला। साथै, धर्मचन्द्र लावतीद्वारा लिखित पूर्वमा थारूहरू भन्ने लेख नेतादेखि जनतासम्म पुग्नु आवश्यक छ। चन्द्रदेव नेपालीका सबै लेखहरू जस्तै पानीको साटो सातु खानेहरू र आधा कुरा बुझेर वा कुरै नबुझी विवाद चलाउनेहरू भन्ने रचना नेपाली समाजको परिवेशमा अति रोचक लागेको छ।

**- गजेन्द्र इस्पो (बृटिश आर्मीबाट अवकाशप्राप्त) हाल- जी.आर.यू. ब्रुनाई**

## स्नेही मूल्यांकन

प्रगतिवादी मासिक पत्रिका मूल्यांकन हाम्रो स्नेही पात्रो बनिसको छ, जसको अभावमा बल्छिमा उनिएका माछा झैं हामी छट्पटिरहन्छौं। देशविदेशको कम्युनिष्ट आन्दोलन, कम्युनिष्ट पार्टीको भूमिका र कमी-कमजोरीलाई पाठक वर्गमा पुर्‍याएकोमा मूल्यांकनलाई धन्यवाद!

३८ औं अंकमा चन्द्रदेव नेपाली र खगेन्द्र संग्रौलाद्वारा सृजित लेख र विचारले विशेष स्थान लिएको छ। "पार्टी महाधिवेशन कि- सभापति चुनाव अधिवेशन ?" कांग्रेसको सक्कली परिचय दिन सफल भएको छ। "वाम-पार्टीहरूका दस्तावेजहरूको चिरफार" त झन् देश, काल, परिस्थिति अनुसार महत्वपूर्ण ठहर भएको छ।

**- गोबिन्द खड्का, श्याम बिरही श्रेष्ठ**
**सिसुवा खोला-४, चेपचेवा, संखुवासभा**

## चेको जीवनीको पुस्तक

माघ अंक ढीलै भए पनि एकसरो हेर्न पाएँ। रूसको दूमा-निर्वाचनको परिणाम र जापानी गरीबहरूको दुःखको खबर पढ्दा जनतालाई पूँजीवाद ठीक होइन भनी प्रष्ट पार्न सजिलो भएको छ। राकस सरकारको कार्य हेर्दा अब राजनैतिक स्वतन्त्रताका लागि के गर्नु पर्ने हो,- सोच्ने बेला आएको छ। चेको जीवनीलाई एउटा पुस्तककै रूपमा अगाडि ल्याउने प्रयत्न गरियोस्।

**नवीन "पाखेली" गोदावरी विद्या मन्दिर**
**बेलबारी-३, मोरङ वा लेटाङ-७, (फडानी)**

चे ग्वेभाराको जीवनी ३९ औं अंकमा नदेख्दा दुःख लाग्यो। यस्ता जीवनीहरू नियमित गरियून्।

**-गगनदीप जि.सि. "सरीन"**
**अर्जुन चौपारी-३, माझपाटा, स्याङ्जा**

## केरलाबाट

अंक ३९ मा ब्रसेल्स सम्मेलनबारेको सामग्री पठनीय छ। विज्ञान-प्रविधि अन्तर्गत मानिसहरूले आयु बढाउन बैज्ञानिक आविष्कार गरेको कुराले खुशी पैदा गर्‍यो। तर हाम्रो देशमा भने सामान्य मानव अधिकारको क, ख पनि मानिसहरूले नजानेको सम्झदा दुःख लाग्यो।

**-यामबहादुर के.सी.**
**मुप्याथाडम्, कोचिन, केरला (भारत)**

## तामिलनाडुबाट

अंक ३६ मा नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवादबारे मोहनविक्रमको कार्यपत्र प्रकाशित गरियो। तर त्यसपछि दिने भनिएका अन्तर्क्रियाका सामग्रीहरू किन नदिइएको हो ?- प्रष्ट भएन।

जीवन शर्माले संगठन छोडेको पनि, "तिर्खा लाग्यो भन्दै सातु खान" खोजेजस्तै त होइन ?

**-नरेन्द्र वि.के.,**
**हेम गायक, गोकुल गायक**
**तालिमनाडु, सेतियतोप सुगरमिल, भारत**

(सो सामग्री समय-सन्दर्भका कारण पछिल्लो अंकमा स्थगित गरिएको थियो। सन्दर्भ पारेर पुनः प्रस्तुत गर्ने प्रयत्न गर्नेछौं। -मूल्यांकन)

## विविध प्रतिक्रियाहरु

विश्व कम्युनिष्ट आन्दोलनका र नेपाली वाम-आन्दोलनका सफलता-असफलताबारे "मूल्यांकन" का लेख रचनाहरू अत्यन्त उपयोगी छन्।

**- गोपीकृष्ण भण्डारी**
**कुल्ले, तेनुपा-८, धनकुटा**

इस्मालीको कथा "विडम्वना" निकै राम्रो लाग्यो। समाज परिवर्तन र सुधारका निम्ति पनि यस्ता कथाहरू उपयोगी हुन्छन्।

**पर्वतराज भण्डारी,**
**विरेन्द्रनगर, सुर्खेत-६, बुद्धपथ**

जीवन शर्माको विचार पढें। सांस्कृतिक अभियानलाई जोडदार रूपले अघि बढाउन एउटै संगालोमा रहेर अघि बढ्नुपर्नेमा उहाँहरूले एक्लै अघि बढ्ने शुर गर्नु के राम्रो र संभव होला ?

चन्द्रदेव नेपालीको लेख र काली गण्डकी "ए" बारेको सामग्री रोचक लाग्यो।

**-हेमराज शर्मा, बाग्लुंग**

मूल्यांकनको प्रयत्न राम्रो छ। अझ यसले यहाँका यथास्थितिवादी, संशोधनवादी र अति नरमपन्थी प्रवृत्तिहरूको भण्डाफोर गर्दै विगतका कमी कमजोरीहरूबाट गहन शिक्षा लिएर नेपाली कम्युनिष्ट आन्दोलनलाई अरू दुई पाइला अघि बढाउन मद्दत गरोस्।

**- एस.आर. उपाध्याय**
**भद्रपुर, (झापा)**

जीवन शर्माले रक्तिमको बहुमत आफूसंग आएको भन्नुभएको रहेछ। ती बहुमत सदस्यहरूको नाम मूल्यांकन मार्फत नै पढ्न पाइन्थ्यो कि ?

**-रामबहादुर बुढा,**
**रेसुंगा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी**

अंक ३९ मा छोरीलाई अंश सम्बन्धी डा. चैतन्य मिश्रको अन्तरवार्ता अति नै ओजपूर्ण लाग्यो। जनताको आन्दोलनमा लाग्ने वीर साहसी योद्धाहरूको जीवनीलाई नियमित गरियोस्। ब्रसेल्सको साम्राज्यवादविरोधी सामग्री अरू गहिरो र बोधगम्य भएको भए राम्रो हुनेथियो।

**- विमलप्रसाद निरौला**
**कोहबरा गा.वि.स.-१, बालुबयान**

छोरीलाई समान अधिकारबारे विभिन्न विद्वानहरूको सामग्री पढ्न पाउँदा खुशी लाग्यो। अन्य विभिन्न देशमा छोरीलाई छोरासरह संपत्तिको अधिकार दिइएको समेत पढ्न पाउँदा झनै खुशी लाग्यो। तर सपना मल्लले चीनमा छोरीले समान अधिकार पाएको कुरा लेख्नुभएको रहेछ। चीनमा त कम्युनिष्ट शासनले हरेक परिवारको गास, बास, कपास, शिक्षण र स्वास्थ्यको जिम्मेवारी लिन्छ हैन र ? त्यहाँ छोरालाई वा छोरीलाई दिन सम्पत्ति नै कम हुनेगर्छ हैन र ?

**-खगेन्द्र घिमिरे**
**श्री अन्तु-१, इलाम**

ब्रसेल्स सम्मेलन, छोरीलाई अंश लगायत ३९ अंकका सबै सामग्री उपयोगी छन।

**-चन्द्रबहादुर गुरुङ,**
**धादिंग, कटुंजे पुरानधाप-७**

---

**- दीपक योगी, प्रकाश योगी**
**खड्वा बनगाई-४, किसुली, रुपन्देही**

## जनयुद्धबारे

"मूल्यांकन" को अंक ३७ मा प्रकाशित वर्तमान 'जनयुद्ध' बारेको सामग्री अत्यन्त गहन र सटीक लाग्यो। "जनयुद्ध" बारे कि अन्ध समर्थनमा, कि अन्ध विरोधमा विचारहरू आइरहेको बेला मूल्यांकनले जुन तथ्यमूलक र गहिरो विश्लेषण गरेको छ, त्यो अत्यन्त पठनीय पाएँ।

**-सूर्यमणि अधिकारी, घोराही, दाङ**

# बोर्डिङ्ग पास – समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धैरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा वचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





शाही नेपाल वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने


Presenting the DAEWOO galaxy...
DTC 20D1 (20")
DTC 2066 (20")
DTC 14 DI(14")
DMQ 2595(25")
DTC 2172(21")
DTC 2072(20")
DAEWOO
Bringing you the
21st century
today.
All new DAEWOO color TVs - the widest range with the longest warranty period.
Sales and support available throughout the kingdom of Nepal.
DAEWOO-Korea's largest manufacturer of color TVs.
HIM ELECTRONICS
N/Motivation